


# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७०

एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)


मंगलबार, असार २०, २०७४ | Tuesday, July 4, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: ११ | वर्ष २३, अंक १७५ | पृष्ठ १२ | मूल्य रू. १०/-

२ { मेडिकल शिक्षामा को-को माफिया ?

३ { बागमती सफाइमा विवाहित सुन्दरीहरू

५ { कसले राख्यो त जताततै बम ?

१० { फाइभ जी सन् २०२० सम्ममा आइसक्छ



**छिमेक :** उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा सोमबार नयाँदिल्लीमा भारतका विदेशमन्त्री सुष्मा स्वराजसँग भेटघाट गर्दै । (समाचार पृष्ठ ९ मा) तस्वीर : एजेन्सी

## भारतको नयाँ कर प्रणालीले नेपालमा खैलाबैला

# कस्तो पर्ला असर ?

रोविन पौडेल, काठमाडौं

भारतमा गुड्स एन्ड सर्भिसेस ट्याक्स (जीएसटी) लागू भएसँगै नेपालमा त्यसको कस्तो असर पर्ला भन्ने विषयमा बहस हुन थालेको छ। भारतको तल्लो सदनले शनिबार रातिबाटै लागू हुने गरी सबै संघीय तथा केन्द्रीय कर प्रणाली खारेज गर्दै देशैभर एक कर नीति लागू गरेसँगै नेपालमा पर्ने प्रभावको सम्बन्धमा चर्चा शुरू भएको हो।

भारतको केन्द्र र राज्य सरकारले लागू गर्दै आएको फरक करका कारण भारतबाट आयात महँगो पर्दै आएकामा एकै कर लागू गर्दा नेपाली बजारमा सकारात्मक प्रभाव पर्ने जानकारहरुको बुझाइ छ। यद्यपि, जीएसटीका कारण यातायात समूहको करको दर वृद्धिले ढुवानी भाडामा ३ प्रतिशत भार थपिने भएकाले यसको पहिलो असर पनि नेपालको आयातमा पर्ने देखिएको छ।

तर अर्थ मन्त्रालयले जीएसटीको विषयमा अहिले नै केही बोल्न नसकिने बताएको छ। अर्थ मन्त्रालयका राजस्व सचिव शिशिर ढुङ्गानाले जीएसटीले नेपाली राजस्व प्रणाली तथा समग्र अर्थतन्त्रमा कस्तो असर पर्छ भन्ने विषयमा अध्ययन गर्न अर्थ मन्त्रालयले विशेष कार्यदल गठन गरेको बताउनुभयो। *नेपाल समाचारपत्र*सँगको कुराकानीमा उहाँले आज मंगलबारदेखि नै काम शुरू गर्ने गरी बृहत् कार्यदल गठन गरिएको जानकारी दिनुभयो।

यता भारतमा लागू गरिएको एकीकृत कर प्रणालीले नेपाली व्यवसायीमाझ अन्योल छाएको नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले बताउनुभएको छ। 'हाम्रो बुझाइमा भारतमा आउने सामानमा कुनै अतिरिक्त कर पर्दैन। तर सेवा, यातायात, ढुवानीलगायत अन्य सेवामा बढेको करले नेपाली बजारलाई कसरी असर पर्ला अथवा फाइदा पुर्‍याउला भन्ने विषयमा अझै स्पष्ट हुन सकिएको छैन।' -उहाँले भन्नुभयो।

तर, जसरी नेपालमा निर्यातको हकमा अन्त:शुल्क लागू हुन्न त्यसै गरी भारतका अनुसार जीएसटी निर्यातको सन्दर्भमा लागू नहुने उहाँको बुझाइ छ। 'यो हिसाबले आयातको कुनै शुल्कमा फरक नपर्नुपर्ने हो।' -गोल्छाले थप्नुभयो। तर, जीएसटीमा भनेअनुसार कर रकम फिर्ता पाउने कुरा प्रस्ट हुन सकेन। भारतीय व्यापारीले आफ्नो खर्च सामानको मूल्यमा जोड्छन्, जसको भार हामीलाई पर्न सक्ने उहाँको बुझाइ छ।

त्यस्तै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले कर कार्यान्वयनको विषयमा भारतसँग भर परिहाल्न नसकिने बताउनुभयो। उहाँले भन्नुभयो- 'भारतले नेपालसँग गरिएका कयौं सम्झौतालाई कमजोर तुल्याउँदै आएको छ। तसर्थ, भारतको व्यवहार हेरेर मात्र कस्तो हुन सक्छ भन्ने यकिन गर्न सकिन्छ।' भारतीय पक्षबाट नेपाललाई नोक्सान पर्ने गरी नियम लागू गर्ने प्रचलन भएकाले अब भारतले जीएसटीको कार्यान्वयनमा कस्तो व्यवहार हामीसँग गर्छ भन्ने महत्त्वपूर्ण हुने उहाँको बुझाइ छ।

उहाँले थप्नुभयो- 'जीएसटी कार्यान्वयनपछि भारतमा अधिकांश वस्तु तथा सेवाको मूल्य घट्ने हुँदा भारत निर्भर नेपाली अर्थतन्त्रलाई केही



> जीएसटीले नेपाली राजस्व प्रणाली तथा समग्र अर्थतन्त्रमा कस्तो असर पर्छ भन्ने विषयमा अध्ययन गर्न अर्थ मन्त्रालयले विशेष कार्यदल गठन गरेको छ। त्यसले मंगलबारबाट काम शुरू गर्दै छ।
>
> **शिशिर ढुङ्गाना**
> **राजस्व सचिव, अर्थ मन्त्रालय**

फाइदा पुग्ने देखिन्छ।' यस्तै सेवासम्बन्धी पनि जीएसटी लागू हुन्छ। तसर्थ भारतबाट आयात गर्दा फ्रेट फर्वार्ड बढी लाग्ने हुँदा ढुवानीमा लागत बढ्न सक्छ। तर पनि हामीले हेर्नुपर्ने भनेको व्यवहार हो।

त्यस्तै नेपाल सरकारको सचिवका रुपमा अर्थ मन्त्रालयअन्तर्गत विभिन्न कार्यालयमा अनुभव बटुल्नुभएका माधवप्रसाद घिमिरेले भारतमा लागू भएको जीएसटी प्रणालीका कारण नेपालमा आत्तिइहाल्ने स्थिति नआएको बताउनुभयो।

'डलरमा भारतमा सामान आयात गर्दा हामीले धेरै छुट पाउँदै आएका छौं। त्यसैमा आधारित रहेर जीएसटीले निर्यात गरिने सामानमा थप कर नलगाउन सक्छ।' -उहाँले भन्नुभयो।

भारतमा करको दर बढ्दा नेपाल निर्यात हुने करमा आन्तरिक कर भने लाग्दैन। त्यससम्बन्धी अध्ययन भइरहेकाले अहिले नै केही भन्न नसकिने उहाँले बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म पाएको जानकारीको आधारमा नेपाली बजारमा यसले त्यस्तो ठूलो असर गर्ने देखिँदैन। उहाँले भन्नुभयो- 'भारतले विगतदेखिका विभिन्न प्रणालीलाई सुधार गरेर नयाँ पद्धतिको रुपमा विकास गरेको हो।' उक्त कार्य सुधारका लागि भएकोले नेपाली बजारमा तत्काल विभिन्न अन्योल देखिए तापनि दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने उहाँको बुझाइ छ।

यसैबीच भारत सरकारले गुड एन्ड सर्भिस ट्याक्स (जीएसटी) लागू गरेसँगै भारतमा अधिकांश गाडी तथा मोटरसाइकलको मूल्यमा गिरावट आएको छ। देशभर एक कर नीति लागू गरेको भोलिपल्टै भारतका अधिकांश गाडी कम्पनीले गाडीको मूल्य घटेको जानकारी दिएका हुन्।

भारतमा गाडीको मूल्य घटे पनि नेपालमा घट्ने कि नघट्ने विषयमा केही भन्न नसकिने नाडा अटो डिलर एसोसिएसन नेपालका अध्यक्ष अञ्जन श्रेष्ठको बुझाइ छ। उहाँका अनुसार जीएसटी भारतको आन्तरिक कर प्रणाली हो, त्यो सुविधा नेपाललाई दिने नदिने उनीहरुकै हातमा छ।

**के हो जिएसटी ?**

७० वर्षअघिको कर प्रणाली सुधार गर्दै शनिबार राति १२ बजेदेखि भारतमा कार्यान्वयनमा आएको गुड्स एन्ड सर्भिसेस ट्याक्स वस्तु तथा सेवामा लाग्ने नयाँ तथा एकीकृत अप्रत्यक्ष कर हो।

आइतबारदेखि राष्ट्रभर प्रभावकारी भएको गुड्स एन्ड सर्भिस ट्याक्स (जीएसटी)ले भारतका विभिन्न राज्य तथा केन्द्रका फरक राज्य तथा संघीय कर व्यवस्था खारेज गरेको छ।

शुक्रबार मध्यरातसम्म चलेको भारतीय संसद्को विशेष सत्रले ठूलो छलफलपछि बहुमतद्वारा नयाँ र एकल कर प्रणाली पारित गरेको हो। आइतबारदेखि कार्यान्वयनमा आएको नयाँ कर प्रणालीले भारतका सबै राज्य तथा केन्द्रमा सामान उत्पादन, विक्री, वाणिज्य, व्यापारको आर्थिक व्यवस्थापनलगायत सेवा उत्पादन तथा प्रदायकसम्बन्धी सबै व्यवसायको आर्थिक व्यवस्थापन गर्ने बताइएको छ।

जीएसटीको भुक्तान उपभोक्ताले गर्नेछन् भने व्यवसायीले संकलन गर्ने बताइएको छ। जीएसटीलाई नेपालमा लागू भएको भ्याट जस्तै हो। नाम फरक दिइएको भ्याट र जीएसटी मूलत: एउटै हो। वस्तु तथा सेवामा लाग्ने यी दुईमा फरक के छ भने भ्याटमा समान कर दर थियो भने जीएसटी अन्त:शुल्क हटाएर फरक दरका एउटै कर प्रणाली हो।

(क्रमश: पृष्ठ ९ मा)

## मतगणना अन्तिम चरणतर्फ

काठमाडौं, (नेस)

दोस्रो चरणको स्थानीय तह निर्वाचन भएका तीन प्रदेशका ३ सय ३४ स्थानीय तहमध्ये सोमबारसम्ममा २ सय ५५ स्थानीय तहको मतगणना कार्य सम्पन्न भएको छ।

घोषित परिणामअनुसार १ सय १३ स्थानमा एमाले विजयी भएको छ भने नेपाली कांग्रेसले ९७ स्थानमा विजय हासिल गरेको छ।

(क्रमश: पृष्ठ ९ मा)

# मनसुनमा पनि नरोकिने

सुरेश तामाङ, काठमाडौं

चीन सरकारको आर्थिक र प्राविधिक सहयोगमा सुधार भइरहेको कोटेश्वर-कलंकीसडक खण्डको कार्य मनसुनमा पनि निर्बाधिरुपमा सञ्चालन हुने काठमाडौं चक्रपथ सुधार योजनाले जनाएको छ।

योजनाका योजना प्रमुख ज्ञानेन्द्र झाले मनसुन शुरू भए पनि सडक सुधार कार्यअन्तर्गतको कालो पत्रे गर्नेबाहेकका काम रोकिनुनपर्ने बताउनुभयो।

**कोटेश्वर-कलंकी सडक सुधार**

'हामीले यो सडक सन् २०१८को जुलाईभित्र सुधार गर्नुपर्ने हुन्छ', योजना प्रमुख झाले भन्नुभयो- 'मनसुनमा सुधार कार्य सम्पन्न गर्नका लागि निरन्तर काम हुन्छ।'

उहाँका अनुसार मनसुन अवधिभरि चक्रपथ सुधार कार्य सम्पन्न गर्न कच्चा पदार्थ जुटाउनेदेखि ब्लकहरु बनाउने कामहरु हुनेछ। यो वर्ष समयमै मनसुन शुरू भएकामा योजनाले तय गरेको लक्ष्य भने पूरा हुन सकेन। योजनाले असार मसान्तसम्म ५ किमि सडक कालो पत्र गर्ने लक्ष्य राखेको थियो।

मनसुन शुरू भएकै कारण ५ किमि सडक कालोपत्रे गर्नेमा साढे ४ किमि मात्रै कालोपत्रे गर्न पाएको योजना प्रमुख झाले बताउनुभयो। योजनाले कोटेश्वरदेखि एकान्तकुनासम्म सडकको दुईतर्फ दुई लेनको कालो पत्रे गर्ने भनिए पनि कुसुन्तीसम्म मात्र भएको छ।

लक्ष्य हासिल गर्न योजनाले ललितपुरको ग्वार्को, सातदोबाटो, महालक्ष्मीस्थानका दुईतर्फको सडक खण्डमा सर्फेस ड्रेसिङ गर्दै आसफल्ट कंक्रिट राख्ने तयारी त गर्‍यो तर मनसुनकै कारण आसफल्ट कंक्रिट राख्न नपाएको योजना प्रमुख झाले बताउनुभयो। सडकमा सर्फेस ड्रेसिङ गरेर आसफल्ट कक्रिट राखेपछि पूर्णरुपमा सवारी गुडाउन तयारी हुन्छ। तर ड्रेसिङ गरिसकेका खण्डमा आसफल्ट कंक्रिट राख्न प्रिमनसुनको झरीले गर्दा रोकिएको थियो।

(क्रमश: पृष्ठ ९ मा)




# जो पाँचै दिनमा बने सेलीब्रेटी

प्रशान्त वली, काठमाडौं

मान्छेको जीवनमा कहिले के हुन्छ कसैलाई थाहा हुँदैन। त्यस्तै भयो- ५ दिनका लागि दाङ काज खटिएका दुर्गाबहादुर सुवेदीका हकमा पनि। जो काठमाडौंबाट त्यसतर्फ खटिँदा सामान्य हवल्दार थिए भने ५ दिनपछि फर्किंदा सेलीब्रेटी पनि भएका छन्। कुरा उनै बम समातेर फाली सर्वसाधारण जनताको ज्यान जोगाउने हवल्दार रानाको हो।

असार १४ गते दाङको तुल्सीपुर उपमहानगरपालिका अम्बास मतदान केन्द्रलाई सुरक्षित तुल्याएर चर्चामा आएका प्रहरी हवल्दार दुर्गाबहादुर राना राजधानी फर्किएर आफ्नो नियमित काममा लागिसकेका छन्। उनी चुनावी प्रयोजनका लागि गत असार १० गते महानगरीय प्रहरी पहरागण सामाखुसी काठमाडौंबाट दाङको तुल्सीपुर खटिएका थिए। उनलाई गृहमन्त्री जनार्दन शर्माले फोनसम्पर्क गरी कामको मूल्याङ्कन गर्ने बचन दिएको खबर झन् चर्चामा आयो।

कसरी बम समातेर फाल्ने आँट गर्नुभयो? सोमबार राजधानीमा *नेपाल समाचारपत्र*ले राखेको जिज्ञाशामा उनले भने- 'प्रहरीले दिएको जिम्मेवारी पूरा गर्न मसहित ६७ जनाको टिम दाङ पुगेका थियौं। र, मलाई तुल्सीपुरस्थित अम्बास मतदान केन्द्रमा खटाइयो। बिहान ९ बजेसम्म केही पनि भएको थिएन। साढे ९ बजेतिर बुथ केन्द्रमै पुग्ने गरी पूर्व-दक्षिण भागबाट बम आयो। त्यस ठाउँमा हुस्सू लागेको थियो। कसले बम फाल्यो भन्ने थाहा हुनै सकेन। बम खस्न लागेको मात्रै देखें। मलाई बमसम्बन्धी सामान्य जानकारी थियो। त्यो सकेट बम रहेछ। जति टाढा फाल्यो उति सुरक्षित भइन्छ भनेर मेरो आत्माले सोच्यो। र, बम हातमा समात्नेबित्तिकै फाल्दिहालें। फालेको २/३ सेकेन्डमा निकै ठूलो



## 'अहिले फरक व्यवहार हुन थालेको छ'

आवाजले पड्कियो। र, सबैले सहज तरिकाले मतदान गर्नुभयो। समाचारमा सुतली बम डिस्पोज भयो भन्ने कुरा आयो तर त्यो गलत हो। मैले फालेको सकेट बम थियो।' सुतली बम भन्नाले बाक्लो कपडामा बेरेर राखेको सामान्य प्रकृतिको बम हुन्छ भने सकेट बम फलाम हालेर फिट गरी राखेको कडा प्रकृतिको हुने रानाले बताए।

बम निस्क्रिय भएसँगै आफू निकै खुसी भएको रानाले बताए। गृहमन्त्रीले फोनमा के भने? भन्ने जिज्ञाशामा रानाको भनाइ थियो- 'मैले बम फालिसकेपछि माओवादी पार्टीका कार्यकर्ताहरु निकै खुसी भएका थिए। र, मलाई हाम्रो पार्टीको नेता गृहमन्त्री हुनुहुन्छ। कुरा गर्ने भनेर सोध्नुभयो। मैले हुन्छ भनें। मेरो मोबाइल अफ थियो। र, उहाँहरुकै फोनबाट मैले गृहमन्त्रीसँग कुरा गरें। गृहमन्त्रीले मलाई 'साहसी काम गर्‍यौ, तिम्रो उचित मूल्यांकन हुन्छ भन्नुभयो।'

रानाले थपे- 'मूल्याङ्कन गर्नुपर्ने हो। गरिन्छ होला। पहिलेभन्दा अरूले मलाई हेर्ने दृष्टिकोणमै प्रहरी अधिकृतहरुमा फरकपन आएको छ। पहिले सामान्य नजरले हेर्नुहुन्थ्यो भने अहिले ए तिमी हौ दुर्गा भन्नुहुन्छ, खुसी लाग्छ।' घरपरिवारले समेत फोन गरेर साहसी काम गरेको भन्दै बधाई दिएको रानाले बताए। उनले भने- 'परिवारका तर्फबाट त्यस दिन बेलुकी फोन गर्नुभएको थियो। शुरूमा त झन्डै मर्ने थिइस् किन यस्तो गरेको भन्नुभयो। पछि सबै कुरा भनेपछि बुबा, आमा, पत्नी सबै खुसी हुनुभयो।'

२०३६ साल असार २२ गते सल्यान शारदा नगरपालिका-१ शान्तिनगरमा जन्मिएका राना २०६० सालमा नेपालगन्जबाट प्रहरी सेवामा प्रवेश गरेका हुन्। रानाका बाबु, आमा, पत्नी, दुई छोरा र एक छोरी छन्। राना जागिरको सिलसिलामा सुर्खेत, नेपालगन्ज, पोखरा, बाग्लुङ, बेनी हुँदै हाल महानगरीय प्रहरी पहरागण सामाखुसीमा कार्यरत छन्।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

भैरहवास्थित युनिभर्सल र वीरगन्जस्थित नेसनल मेडिकल कलेजले माओवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रधानमन्त्री शेरबहादुर देउवाको समेत मिलेमतोमा कानुनको खिलाप गर्दै आईओएमले विद्यार्थीको 'मेरिट सूची' नपठाउँदै 'गैरकानुनी' भर्ना लिएका छन्।

# मेडिकल शिक्षामा को-को माफिया ?



भगवती तिमल्सिना
bgtimilsina@yahoo.com

दक्षिण एसियामा नै नमुना मेडिकल शिक्षा प्रदान गर्न सफल चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) यतिबेला मेडिकल माफियाहरुको कमाईखाने भाँडोका रूपमा परिणत हुँदै छ। मेडिकल शिक्षा पैसामा बेचबिखन हुने कमजोर सामान जस्तै भएको छ।

चिकित्साशास्त्र अध्ययन संस्थानका प्राडा गोविन्द केसीले यही अवस्था आउन दिनुहुन्न भन्दै पटक-पटक ठूला राजनीतिक दलका नेता तथा सरकारको ध्यानाकर्षण गराउँदै ११ पटकसम्म आमरण अनशन बस्नुभएको थियो। डा. केसीको अनशन तोडाउन सरकारले हरेक पटक सम्झौता गरी बेथिति आउन नदिने प्रतिबद्धता गर्ने र आफैंले गरेका प्रतिबद्धतालाई मिच्ने गरेका कारण मेडिकल शिक्षामा फेरी बेथिति शुरू भएको छ। एमडी एमएसको भर्नामा निजी मेडिकल कलेजहरुले ऐनको ठाडो उल्लघंन गर्दासमेत राज्य सञ्चालकहरु चुइँक्क नबोली रमिता हेरेर बसिरहेका छन् भने वर्षौंदेखि मेहनत गरेर पढाइका लागि योग्य भएका विद्यार्थीहरु मुलुकमा अभिभावकविहीन भएर न्यायको खोजीमा अदालतको ढोका ढकढक्याउन पुगेका छन्।

डा. केसी र नेपाल सरकारबीच २ वर्षअघि भएको सम्झौतालाई कार्यान्वयनमा लैजाने आधार तय गर्न भन्दै मन्त्रिपरिषद्को बैठकले निजी मेडिकल कलेजमा स्नातकोत्तर तहमा भर्नाका लागि काठमाडौं विश्वविद्यालयले लिँदै आएको शुल्क सरह तोक्ने निर्णय गरेको थियो। 'स्नातक र स्नातकोत्तर दुवै तहका लागि छात्रवृत्ति र सःशुल्क सिटका लागिसमेत हाललाई सम्बन्धित विश्वविद्यालयले निकालेको योग्यता सूची र चिकित्सा शिक्षा आयोग बनेपछि उक्त आयोगले तयार पारेको योग्यता सूचीको आधारमा भर्ना गरी सम्बन्धित कलेजमा पठाउने व्यवस्था गर्ने भनिए पनि कार्यान्वयन नहुँदा आज विद्यार्थीहरुलाई अलपत्र पार्दै निजी मेडिकल कलेजहरुले मेरिट लिस्टमा परेका र चिकित्साशास्त्र अध्ययन संस्थानले सिफारिस गरेका विद्यार्थीलाई पाखा लगाउँदै आएका कारण विद्यार्थीहरु सर्वोच्चको ढोका ढकढक्याएर पुनः एक पटक कानुनीरूपमा विजयी भएका छन्।

२ वर्षअघि अर्थात् २०७२ साल मंसिर १५ गते सर्वोच्च अदालतको संयुक्त इजलासबाट रिट निवेदकको मागबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२ असोज १ गतेको निर्णय पालना गरेकोमा बाहेक तोकिएको भन्दा बढी सिट तथा तोकिएको तरिकाबाहेक गैरकानुनी भर्ना नलिनू तथा भर्ना प्रक्रिया अघि नबढाउनू र मान्यता नदिनू भनी नेपाल मेडिकल काउन्सिलको नाममा अन्तरिम आदेश जारी भएको थियो।

सर्वोच्च अदालत जस्तो निकायले मेडिकल शिक्षामा भएको अनियमिततालाई रोकी विधि र कानुनी शासनमा काम गर्न निर्देशन दिँदासमेत राज्य सञ्चालक तथा ठूला राजनीतिक दलको आडमा मेडिकल माफियाहरुले विद्यार्थीको भविष्यमाथि खेलबाड गरिरहेको पीडित विद्यार्थीहरु बताउँछन्। सर्वोच्चले मेरिट र शुल्कलाई स्पष्टरूपमा उल्लेख गरी सरकारले तोकेको नियमअनुसार काम गर्न निर्देशन दिएको छ।

सरकारले मेडिकल शिक्षाका विषयमा सुधारका लागि डा. केसीले उठाउनुभएको मुद्दालाई सम्बोधन गर्न गरेको सहमति तथा सरकारले गरेका निर्णयविरूद्ध गएर निजी मेडिकल कलेजहरुले एमडीमा आफूखुसी भर्ना तथा शुल्क लिँदासमेत मुकदर्शक भएर बस्नुले राज्यका नेताहरुको दरिद्र मानसिकता नै यो चलखेलको मूल आधार भएको बुझ्न सकिने विज्ञहरु बताउँछन्। हालसम्मको नियमअनुसार आईओएमले रीतपूर्वक विद्यार्थी छनोटपछि मात्र निजी मेडिकल कलेजहरुले सोही 'मेरिट सूची' का आधारमा विद्यार्थी भर्ना लिन पाउँछन्।

तर, भैरहवास्थित युनिभर्सल र वीरगन्जस्थित नेसनल मेडिकल कलेजले माओवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रधानमन्त्री शेरबहादुर देउवाको समेत मिलेमतोमा कानुनको खिलाप गर्दै आईओएमले विद्यार्थीको 'मेरिट सूची' नपठाउँदै 'गैरकानुनी' भर्ना लिएका छन्।

यो बेथितिको र निजी मेडिकल कलेजहरुको बलमिचाइँको विरुद्धमा अधिवक्ता देवेन्द्र घिमिरेले सर्वोच्च अदालतमा दर्ता गरेको रिट उपर सर्वोच्चको अन्तरिम आदेशमा भनिएको छ- 'त्रिवि कार्यकारी परिषद्ले शुल्क निर्धारण सम्बन्धमा निर्णय नगर्दै तथा चिकित्साशास्त्र अध्ययन संस्थानबाट उपयुक्त तरिका अपनाई प्रवेश परीक्षाको योग्यताक्रमअनुसार विद्यार्थी काउन्सिलिङ गर्नुअगावै विपक्षीहरुले सम्बन्धन दिएको शिक्षण संस्थाहरुमा भर्ना लिन छुट दिएमा अन्योलको स्थिति सिर्जना हुन सक्ने हुँदा योग्यताक्रममा रहेका विद्यार्थीको हितका लागि सुविधा तथा सन्तुलन र सुशासनसमेत कायम राख्न यस रिट निवेदनको अन्तिम किनारा नलागेसम्म नेपाल सरकार (मन्त्रीस्तरीय) मिति २०७३ चैत १७ को निर्णय तथा चिकित्साशास्त्र अध्ययन संस्थानको उपरोक्त सूचनासमेत विपरीत हुने गरी भर्नासम्बन्धी योग्यताक्रम खल्बलिने गरी विद्यार्थी भर्नासम्बन्धी काम नगर्नू नगराउनू।'

सर्वोच्चको यो फैसलापछि आईओएमले काउन्सिलिङ गरेर विद्यार्थी भर्नाका लागि पठाए पनि युनिभर्सल र नेसनलले बिनापरीक्षा तथा बिना आधार पहिल्यै विद्यार्थी भर्ना भइसकेको भनेर योग्यताक्रमका विद्यार्थी भर्ना लिन अस्वीकार गर्दै कानुनलाई ठाडै उल्लंघन गर्दै आएका छन्। यसै आधारमा 'मेरिट लिस्ट' मा भएर पनि स्नातकोत्तरमा भर्ना हुन नपाएका ६ जना विद्यार्थीले पुनः सर्वोच्च गुहारेका हुन्। सो मुद्दाको सुनुवाइ गर्दै सर्वोच्चले 'उनीहरुलाई तोकिएको परीक्षा उत्तीर्ण गरेका तत्-तत् विषयमा भर्ना गर्नू/गराउनू' भन्ने अर्को उत्प्रेषण परमादेश दिएको छ। आदेशपछि पनि मेडिकल माफियाको चंगुलमा फसेको सरकार विद्यार्थीको भविष्यमाथि खेलबाड गरेर मोटो रकम कुम्ल्याउन पल्केका दुवै मेडिकल कलेजहरुले मेरिटका आधारमा सिफारिस गरिएका विद्यार्थीहरुलाई भर्ना नलिएर सर्वोच्चको आदेश र कानुनको धज्जी उडाइरहेका छन्। भर्ना लिइसकेका भनिएका अधिकांश विद्यार्थीहरु ५० उत्तीर्णांक ल्याएर प्रवेश परीक्षा पास मात्र भएका छन्। यता 'मेरिट लिस्ट' मा सिफारिस गरिएका विद्यार्थीहरुको प्राप्तांक ७० भन्दा बढी छ।

मेडिकल शिक्षालाई व्यवस्थित र मर्यादित बनाउन कायम रहेको सरकारकै अर्को निकाय नेपाल मेडिकल काउन्सिलले समेत 'मेरिट सूची' भन्दा बाहिरबाट आउने विद्यार्थीहरुलाई मान्यता नदिने सूचना जारी गरिसकेको छ।

यता सरकारी चिकित्सक संघ (गोदान) ले चिकित्सा शिक्षाको स्नातकोत्तर तह (पीजी) भर्नामा निजी मेडिकल कलेजले योग्यताक्रमलाई लत्याएकोमा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

'एमडीएमएस अध्ययनका लागि आईओएमबाट काउन्सिलिङमा मनोनयन भएर त्रिविद्वारा तोकिएको शूल्कमा भर्ना हुन पाउने मान्यता र सम्मानित सर्वोच्च अदालतको सोहीबमोजिमको आदेशलाई अवज्ञा गर्दै विधिको शासनलाई कुठाराघात गर्ने स्वार्थबाट अभिप्रेरित भएर मेरिटबाट चुनिएका विद्यार्थीलाई पाखा लगाउँदै केवल पैसा र पहुँचलाई प्राथमिकता दिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ', गोदानका अध्यक्ष डा. दीपेन्द्र पाण्डेद्वारा जारी विज्ञप्तिमा भनिएको छ- 'विद्यार्थीको भविष्यमाथि खेलवाड हुने र सम्मानित सर्वोच्च अदालतको मानहानी हुने यस घृणित कदमलाई तुरुन्त सच्चाएर मेरिटबाट छानिएका विद्यार्थी भर्ना गरी पठनपाठन सुचारु गर्नुहुन आग्रह गरिन्छ।' विज्ञप्तिमा स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा चरम व्यापारीकरण हुनु अत्यन्त दुःखद भएको उल्लेख गरिएको छ।


त्यस्तै राष्ट्रिय चिकित्सक संघ, नेपालले चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) अन्तर्गतका निजी मेडिकल कलेजहरुलाई स्नातकोत्तर तह (पीजी) मा योग्यताक्रम (मेरिट) अनुसार विद्यार्थी भर्ना गर्न संघका महासचिव डा. रमेश ढकालद्वारा हस्ताक्षरित विज्ञप्तिमा माग गरिएको छ।

डक्टर सोसाइटी अफ नेपालले पनि विज्ञप्ति जारी गरी सर्वोच्च अदालतको अन्तरिम आदेशले नेपाली चिकित्सा जगत्मा फेरी आशाको सञ्चार गरेको जनाएको छ। 'फेरी, एकपटक बल त्रिविको कोर्टमा आएको छ। यसलाई कडाईका साथ कार्यान्वयन गराउन नसक्नु विश्वविद्यालयको ठूलो कमजोरी तथा लापरबाही भएको हामी चिकित्सकको ठम्याई छ' -९ वटा संगठनले संयुक्तरूपमा जारी गरेको विज्ञप्तिमा भनिएको छ। सरकारलाई दबाब दिने उद्देश्यले चौतर्फीरूपमा कोणसभालगायतका कार्यक्रमहरु गर्दै चिकित्सक तथा विद्यार्थी सडकमा ओर्लिएका छन्।

सम्मानित सर्वोच्च अदालतले चिकित्सा शिक्षाको विशेषज्ञ तहअर्थात् पोस्ट ग्राजुएसन तहमा योग्यताक्रमका आधारमा तोकिएको शुल्क बुझाई चिकित्साशास्त्रका विद्यार्थीहरुलाई भर्ना लिन २०७४ असोज १४ गते बुधबार चिकित्साशास्त्रका सम्पूर्ण कलेजहरुलाई दिएको आदेशको नेपाल चिकित्सक संघ हार्दिक स्वागत गर्दछ।

'सम्पूर्ण सरोकारवाला निकायले उक्त निर्णयको पूर्णरूपमा पालना गर्दै कानुनी सर्वोच्चताको पालना गर्नुका साथै योग्यताक्रमका आधारमा छनोटमा परेका विद्यार्थीहरुलाई भर्ना लिने व्यवस्था अविलम्ब मिलाउन यो संघ सम्बन्धित सरोकारवाला निकायहरुमा हार्दिक अपिल गर्दछ' -वक्तव्यमा भनिएको छ।

'उक्त निर्णयले चिकित्सा शिक्षाको गुणस्तरीयतालाई थप मजबुत र पारदर्शी बनाउँदै क्षमतावान विद्यार्थीहरुलाई मात्र चिकित्सा शिक्षाको उच्च तहमा अध्ययन गर्न पाउने यो सुनौलो अवसरको सबै पक्षबाट अक्षरशः पालना गर्दै नेपाली चिकित्सा क्षेत्रलाई अझ बढी गुणस्तरीयता, पारदर्शिता र विश्वसनीय बनाउन उल्लेख्य योगदान पुग्ने नेपाल चिकित्सक संघको ठहर छ' -संघका महासचिव डा. लोचन कार्कीद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।




**मुद्दाको सुनुवाई गर्दै सर्वोच्चले 'उनीहरुलाई तोकिएको परीक्षा उत्तीर्ण गरेका तत्-तत् विषयमा भर्ना गर्नू/गराउनू' भन्ने अर्को उत्प्रेषण परमादेश दिएको छ। आदेशपछि पनि मेडिकल माफियाको चंगुलमा फसेको सरकार विद्यार्थीको भविष्यमाथि खेलबाड गरेर मोटो रकम कुम्ल्याउन पल्केका दुवै मेडिकल कलेजहरुले मेरिटका आधारमा सिफारिस गरिएका विद्यार्थीहरुलाई भर्ना नलिएर सर्वोच्चको आदेश र कानुनको धज्जी उडाइरहेका छन्।**

सम्मानीत सर्वोच्च अदालतले चिकित्सा शिक्षाको विशेषज्ञ तह अर्थात पोष्ट ग्राजुएसन तहमा योग्यताक्रमका आधारमा तोकिएको शुल्क बुझाई चिकित्साशास्त्रका विद्यार्थीहरुलाई भर्ना लिन २०७४ आषाढ १४ गते बुधबार चिकित्सा शास्त्रका सम्पूर्ण कलेजहरुलाई दिएको आदेशको नेपाल चिकित्सक संघ हार्दिक स्वागत गर्दछ।

सम्पूर्ण सरोकारवाला निकायले उक्त निर्णयको पूर्ण रुपमा पालना गर्दै कानूनी सर्वोच्चताको पालना गर्नुकासाथै योग्यताक्रमका आधारमा छनौटमा परेका विद्यार्थीहरुलाई भर्ना लिने व्यवस्था अभिलम्ब मिलाउन यस संघ सम्बन्धीत सरोकारवाला निकायहरुमा हार्दिक अपिल गर्दछ।

उक्त निर्णयले चिकित्सा शिक्षाको गुणस्तरीयतालाई थप मजबुद र पारदर्शि बनाउदै क्षमतावान विद्यार्थीहरुलाई मात्र चिकित्सा शिक्षाको उच्च तहमा अध्ययन गर्न पाउने यो सुनौलो अवसरको सबै पक्षबाट अक्षरस पालना गर्दै नेपाली चिकित्सा क्षेत्रलाई अझबढी गुणस्तरीयता, पारदर्शिता र विश्वसनिय बनाउन उल्लेख्य योगदान पुग्ने नेपाल चिकित्सक संघको ठहर छ संघका महासचिव डा.लोचन कार्कीद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ।

..............................
डा. लोचन कार्की
महासचिव

# झुल बाँड्न घरदैलोमा नामावली

रोशन पराजुली/हेटौंडा

'घरमा कति जना हुनुहुन्छ ?' भन्दै सोध्नेहरुको समूहले नामावली टिपोट गरेपछि कागज दिने गरेका छन्। हेटौंडा उप-महानगर क्षेत्रका घरदैलोमा यसरी नामावली टिपोट गर्ने समूह हाल घुमिरहेको छ।

यसरी घरदैलोमै पुगेर नाम टिपोट गर्नुको कारण हो- २ व्यक्ति बराबर १ किटनाशकयुक्त झुल उपलब्ध गराउने। जिल्ला जनस्वास्थ्य कार्यालयको पहलमा यस वर्ष हेटौंडा उप-महानगर क्षेत्रमा निःशुल्करूपमा किटनाशकयुक्त झुल वितरण गरिने भएको हो। असारसम्म नाम टिपोट गरी साउनदेखि झुल वितरण गर्ने लक्ष्य छ। गत वर्ष राईगाउँ, मनहरी र छतिवन क्षेत्रमा वितरण गरिएको थियो।

ग्लोबल फन्डको सहयोगमा स्वास्थ्य मन्त्रालयले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले औंलो रोगको उच्च जोखिमा रहेका जिल्लामा विगत केही वर्षयता झुल वितरण गर्दै आएको छ। घरदैलोमै पुगेर लगत संकलन कार्य गरिएको छ। उप-महानगरपालिकाका वार्डहरुमा पहिलो चरणमा वितरण गरिनेछ।

किटनाशकयुक्त झुल वितरणकार्य सञ्चालन निर्देशिकाअनुसार वितरण गर्न लगत संलकन गरिएको एक संकलकले बताइन्। घरमा नहुनेको नाम लगतमा टिपोट गरिनेछैन। संकलन कार्यमा स्थानीय टोल विकास समितिको सहयोग छ।

जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख रामचन्द्र पाठकका अनुसार मकवानपुर चुरे क्षेत्रमा परेकाले औंलो रोगको उच्च जोखिमा छ। गत आर्थिक वर्षमा जिल्लामा औंलो रोगका ८ बिरामी देखिएका थिए। यस वर्ष हालसम्म औंलो रोगको जटिल अवस्थाको केसका एक जना देखिएका छन्। वर्षायाममा लामखुट्टेको वृद्धि/विकास हुने भएकाले औंलो तथा डेंगुको जोखिम बढ्ने गर्दछ।

पाठकले औंलोमुक्त जिल्ला बनाउने अभियानअन्तर्गत झुल बाँड्न लागिएको बताए। 'औंलोको उच्च जोखिमयुक्त क्षेत्रमा रहेकाले औंलो तथा डेंगुबाट जोगाउन झुलको प्रयोग अनिवार्य हुन्छ', उनले भने- 'वरिपरिको वातावरणमा सफाइमा समेत ध्यान दिनुपर्छ। पाठकले औंलो रोग रोकथामका लागि स्थानीय समुदाय पनि अग्रसर बन्नुपर्ने बताए। 'प्रभावित क्षेत्र पहिचान गरी सचेनामूलक कार्यक्रमसमेत गर्ने गरिएको छ', उनले भने- 'बस्तीमा लामखुट्टे मार्न किटनाशक विषादि छर्ने कामसमेत गरेका छौं।'

जिल्ला जनस्वास्थ्य कार्यालयले गर्भवतीलाई झुल वितरणकार्य स्वास्थ्य केन्द्रमार्फत् गरिरहेको छ। महिला गर्भवती अवस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराउनुपर्छ। यस वर्ष जिल्लाका स्वास्थ्य संस्थामार्फत् झुल वितरणकार्य जारी राखिएको छ।

सरकारले मातृ तथा बाल मृत्युदर कम गर्न झुल बाँड्ने रणनीति ल्याएको हो। सरकारी स्वास्थ्य केन्द्रमा गर्भ परीक्षण गर्न पुग्ने महिलालाई झुल सहयोग गर्ने गरेको छ।

सरसफाई कमी, फोहोरको डंगुर, ढल र नालामा पानी जम्मा हुनाले दिन प्रतिदिन लामखुट्टेको आतंक बढ्दै गएको छ। गर्मीमा रोगका किटाणु अन्य मौसममा भन्दा सक्रिय हुन्छन्। दूषित खाना, पानी, सरसफाइ अभाव, फोहर हात, भाँडाकुँडा, झिंगा, लामखुट्टे, साङ्ला, किरा-फट्यांग्रा तथा बासी, सडेगलेका खानेकुरा, फोहोर बानी-बेहोरा र फोहोर पानी प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो।

हिजोआज हेटौंडामा लामखुट्टे आतंकका कारण सम्साँझै बालकदेखि वृद्धा सबै घरभित्र पस्न बाध्य छन्। किनभने बाहिर, चोक-गल्लीमा बसी भलाकुसारी गर्दा अनि मुख खोल्दा पनि मुखभरि लामखुट्टे पस्छन्, यिनले निकाल्ने आवाज तथा टोकाइको त कुरै नगरौं।

औंलो एनोफिलिस जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने सरुवा रोग हो। लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग, लामखुट्टे धपाउने धुपको प्रयोग, शरीरको खुला भागमा किटनाशक मल्हम तथा तेल लगाउनुपर्छ। औंलो रोग निदान तथा उपचार सरकारी स्वास्थ्य संस्थाहरुमा निःशुल्क गरिन्छ।

विश्व स्वास्थ्य संगठनको आंकलनमा डेंगुको जोखिममा २ अर्ब ५० करोड व्यक्ति छन् भने वर्षेनि करिब ५ करोड संक्रमित हुन्छन्। वर्षा शुरु भएपछि मात्र प्रकोप बढ्ने डेंगु विगत २ वर्षमा महामारीका रूपमा ३० जिल्ला बढीमा फैलिएर हजारौं संक्रमित, उपचारका लागि रगत अभाव र दर्जन बढीको मृत्यु भएको थियो।

# बी एन्ड बीद्वारा निःशुल्क स्वास्थ्य शिविर



बी एन्ड बी अस्पताल परिवार तथा फ्रेन्डस्को संयुक्त आयोजनामा ललितपुरको ठेचो–८ स्थितसरस्वती उच्च माविको प्राङ्गणमा गरिएको निःशुल्क स्वास्थ्य शिविरमा ७ सय ५० जना बिरामीहरुको निःशुल्क स्वास्थ्य परीक्षण गरियो।

शिविरमा अर्थोपेडिक, पेडियाट्रिक, गाइनोकोलोजी, सर्जरी, युरोलोजी, डर्म्याटोलोजी, न्युरोसर्जरी, प्लास्टिक सर्जरी, एक्स रे, अल्ट्रासाउन्ड जाँच, ईसीजी जाँच, सुगर जाँच, फिजियोथेरापी तथा निःशुल्क औषधि वितरण गरिएको अस्पतालद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ। शिविरमा हाड जोर्नी, जनरल सर्जरी, जनरल मेडिसिन, चर्म रोग, स्त्रीरोग, बाल रोग, दन्त परीक्षण तथा प्लास्टिक सर्जरीसम्बन्धी विशेषज्ञ डाक्टरहरुद्वारा परामर्श सेवासमेत प्रदान गरिएको जनाइएको छ।

# बागमती सफाइमा
# मनीषाका साथ विवाहित सुन्दरीहरू



*मिसेस नेपाल आइकन २०१७* का प्रतिस्पर्धीहरू बागमती सफाइ अभियानमा जुटेका छन्।

आफ्नो संस्थाकै महत्त्वपूर्ण प्रतियोगिताका रूपमा प्रस्तुत गर्दै आएको एएनपी मिडिया हाउस, ललितपुरले हरेक वर्षझैं यस वर्ष पनि आयोजना गर्न लागेको *मिसेस नेपाल आइकन २०१७* मा सहभागी ३३ प्रतियोगीले कुपण्डोल र त्रिपुरेश्वर पुल वरपरको बागमती नदीको सरसफाइ गरेका हुन्। सरसफाइ अभियानमा सहभागी महिलाहरूले बलिउड अभिनेत्री तथा नेपाली चेली मनीषा कोइरालालगायतसँगै बागमतीको सरसफाइ गरेका थिए।

कार्यक्रममा आयोजक एएनपी मिडिया हाउसका प्रबन्ध निर्देशक लबबहादुर कार्कीले विवाहित महिलाहरूलाई चुलोचौकोमा सीमित नभई उनीहरूको दायरा विस्तार र समाजप्रतिको थप जिम्मेवारी बोधका लागि प्रोत्साहित गर्ने उद्देश्यले चौथो संस्करणको *मिसेस नेपाल आइकन २०१७* आयोजना गर्न लागेको र सामाजिक उत्तरदायित्व बहनको सिलसिलामा प्रतिस्पर्धीहरूलाई सरसफाइ अभियानमा सहभागी गराएको बताए।

मिसेस नेपाल आइकन २०१७ प्रतियोगितामा राजधानीका विभिन्न स्थानमा बस्दै आएका विविध पेसाकर्मी तथा गृहिणीहरू अस्मिता बयलकोटी, सोनु मल्ल खाँण, सुमिना श्रेष्ठ, मीनु पाण्डे, रचना श्रेष्ठ, ममता महर्जन श्रेष्ठ, जयन्ती श्रेष्ठ उप्रेती, पार्वती केसी शाही, दिव्या पौडेल, आरोही बिके दुलाल, सुजना श्रेष्ठ, बीना बराल प्याकुरेल, रमा महर्जन, सविता पाखिन, सनिशा राई गुरुङ, समृद्धि सुब्बा, अञ्जना लिम्बु राई, शिल्पा बस्नेत, हीरा बास्तोला, विमला बिके, सन्ध्या शाही, अप्सरा खड्का अधिकारी, तारा ओली, सुस्मता बुढाथोकी, लक्ष्मी नगरकोटी, सुष्मा विश्वकर्मा, वर्षा कार्की, सुमिन केसी, अञ्जता खाती क्षत्री, संगीता भट्टराई दाहाल, सुभद्रा मैनाली ढुंगेल, सरला केसी, सिर्जना शाक्य, सरिता लामा र सोनी श्रेष्ठ अन्तिम स्पर्धाका लागि छानिएका छन्।

कोरियोग्राफर अश्विनी झाको कोरियोग्राफी तथा कार्यक्रम सञ्चालनमा हुने प्रतियोगिता आगामी श्रावण ८ गते आइतबार राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुनेछ।



# ब्राड र सियना सँगै



हलिउड नायिका ऐन्जेलिना जोलीसँग अलग भएपछि अभिनेता ब्राड पिट अर्की हलिउड नायिका सियना मिलरसँग डेट गरिरहेका छन्।

हलिउड रिपोर्टअनुसार यी हलिउड स्टार आफ्नो डेटलाई गोप्य राख्न चाहन्थे। तर यो रहस्य त्यति बेला पर्दाफास भयो, जुन बेला यी दुवै केही दिनअघि सप्ताहन्त मनाउने क्रममा ग्लासटनब्री भीआईपी एरियामा निकटता देखाइरहेका भेटिए।

करिब दुई महिनाअघि पनि उनीहरूको बारेमा यस्तै खबर बाहिरिएको थियो। तर मिलरले यो खबरलाई अस्वीकार गर्दै यो अफवाह मात्र भएको बताएकी थिइन्। एक अमेरिकी सञ्चारमाध्यमका अनुसार यी दुवै जना एकअर्कासँग नजिकिएका छन्। तर दुवै जना आफ्नो अफेयरलाई लुकाउन चाहन्छन्। यो सम्बन्ध असफल पनि हुन सक्छ। त्यसकारण पनि कुरा बाहिर ल्याउनका लागि उनीहरूले समय लिइरहेको बताइन्छ।

हालै एक म्युजिक फेस्टिबलमा पनि यी दुवै निकै नजिकिएको समाचारमा उल्लेख छ। सियनाले नजिकको सूत्रलाई उद्धृत गर्दै जनाएअनुसार सियना आफ्नो साथीहरूबीच यो सम्बन्धलाई मजाकको रूपमा लिइरहेकी छिन्। उनी बेनेटोका साथ निकै खुसी छिन्।



# विचार

{ भविष्य तिनीहरूको पक्षमा हुन्छ, जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्छन्।
–इलेनोर रुजबेल्ट

{ मानिसले गर्न नसक्ने काम केही छैन, तर त्यो गर्न उसलाई साहसको आवश्यकता पर्छ।
–कार्लाइल

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

## बाढी–पहिरोपीडितलाई हेर

देशका विभिन्न भागमा गएको बाढी र पहिरोले जनजीवन अस्तव्यस्त बनाएको छ। बाढी–पहिरोमा परेर कैयौंको मृत्यु भएको छ भने कैयौं बेपत्ता भएका छन्। खासगरी सप्तरी, कास्की, पर्वत, प्युठान, रौतहट, स्याङ्जा, मुगुलगायतका स्थानमा बाढी–पहिरोले ठूलो परिमाणमा धनजनको क्षति भएको छ।

सानोतिनो वर्षा हुँदै बाढी–पहिरोको चपेटामा मुलुक पर्ने गरेको वर्षौं भए पनि त्यसको दीर्घकालीन निदानको उपाय अवलम्बन गरेको पाइएको छैन। कतिपय क्षेत्रमा बाढी–पहिरोको कारण छिमेकी भारतसँगको बाँध पनि कारक रहेको बताइँदै आएको छ। नेपालका नदीनालाले बेला–बेलामा भारतीय भूभागमा पनि अप्ठेरो अवस्था सिर्जना गरिरहेको पनि अर्को एउटा सत्य हो। त्यसैले भारतसँग सीमा जोडिएका क्षेत्रमा देखिएका यस्ता गतिविधिको अनुगमन गरेर दुवै पक्षलाई लाभ हुने गरी समस्याको निदान खोज्नतिर सरकार लाग्नु जरुरी रहेको छ।

यसै गरी पर्यटकीय नगरी पोखरामा अहिले जमिन भासिने जस्तो गम्भीर समस्या बारम्बार दोहोरिने गरेको छ। त्यसको त्रास स्थानीय जनतामा मात्रै होइन कि समग्र पर्यटन क्षेत्रमा नै फैलन सक्ने कुरालाई नजरअन्दाज गर्न सकिँदैन। के कारणले त्यहाँको भूभागमा बारम्बार समस्या आइरहेको छ, त्यसको भौगर्भिक अध्ययन गरी बेलैमा निदानको उपाय पत्ता लगाउनुपर्दछ। नत्र त्यसले भविष्यमा नसोचिएको क्षति पुऱ्याउन सक्छ। अहिले नेपाल आउने जोसुकै पर्यटक पनि एकपटक पोखरा पुग्नका लागि लालायित हुने गरेका छन्। तर, जमिन भासिने समस्या बारम्बार आयो र मान्छेको ज्यान नै जोखिममा पर्ने भयो भने पर्यटकको गन्तव्य नै फेरिन पनि सक्छ। यस्तो भएको खण्डमा समग्र मुलुकलाई घाटा लाग्ने त छँदै छ, सो क्षेत्रको विकासलाई पनि असर गर्नेछ। त्यसैले यसतर्फ सोचेर राज्यले आवश्यक उपाय खोज्नु बुद्धिमानीपूर्ण हुन सक्छ।

त्यसै गरी अन्य क्षेत्रमा पनि दुर्घटना हुने सम्भावित क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा बस्ती बस्न नदिनेतर्फ पनि सोच्नु राज्यको दायित्व हो। प्राकृतिक विपत्ति हो भनेर राज्य पन्छिन मिल्दैन। यसै गरी बिचल्लीमा परेकाहरुको उचित हेरचाह गर्नु पनि राज्यको दायित्व हो। उनीहरुलाई क्षतिको मात्रा मूल्यांकन गरेर राज्यका तर्फबाट आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्नु पनि जरुरी रहेको छ। हरेक वर्षामा केही दिन यस्तो घटना हुने, केही दिन सञ्चारमाध्यममा सामग्री प्रकाशित हुने र राज्य सधैँ बेपर्वाहका साथ मौन बस्ने परिपाटी अब सुधार्नु जरुरी रहेको छ। यसतर्फ सम्बद्ध पक्षको अविलम्ब ध्यान जाओस्।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# के बाबुराम माओवादीमा फर्केलान् ?



देवराज गुरुङ

> माओवादीभित्र क्षमतालाई नस्वीकार्ने रोग छ। फरक विचार राख्नेहरुलाई निषेध गर्ने प्रवृति युद्धको समयदेखि नै देखिन्छ। पार्टीभित्र फरक विचार राख्नेलाई सामान्य कार्यकर्ताहरुले समेत गन्दैनन्। बाबुरामले पनि यो समस्या पार्टीभित्र निकै झेले। यतिसम्म कि प्रचण्ड निकटका सामान्य कार्यकर्ताहरुले बाबुरामलाई नेताको दर्जा त के, सामान्य मानिसको दर्जाभित्र समेत राखेनन्। भट्टराईले पार्टी छोड्नुको एउटा कारक तत्व पार्टीभित्रको अराजक राजनीति पनि हो।

बाबुराम भट्टराई माओवादी आन्दोलनको एउटा अभिन्न नाम हो। जनयुद्धमार्फत हजारौंको बलिदानी संघर्षबाटै उनी देशको कार्यकारी प्रमुख बने। संविधान निर्माणका सुप्रिम कमान्डर भट्टराई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ संविधान घोषणालगत्तै माओवादी पार्टीबाट बाहिरिए। वैकल्पिक राजनीतिक शक्ति निर्माणमा होमिए। यद्यपि, उनले नेतृत्व गरेको नयाँ शक्ति पार्टी नेपाल जनतामाझको पहिलो परीक्षणमा सफल देखिएन। 'इनिङ' नै 'झुर' भयो। आफ्नै गृह जिल्लामा समेत अनपेक्षितरुपमा पराजित भए। जहाँबाट बाबुरामले आफ्नो विरासत जोगाउने र इतिहास रच्ने अभिलासामा थिए, सोही अनुसार नै उनी चुनावभर घरदैलो अभियानमा सरिक देखिन्थे।

पढाइमा सधैँ पहिलो भएका बाबुराम राजनीतिमा भने पहिलो हुन सकेनन्। पहिलो बन्ने आशमा नयाँ पार्टी खोले। पार्टीको पहिलो नेता त बने तर, उनको पार्टी पहिलो हुन सकेन। गोरखामै उनी तेस्रो बने। देशैभरमा पाँचौं।

तर, उनमा आत्मग्लानि भएजस्तो देखिँदैन। उनका अभिव्यक्तिबाट यो प्रस्ट हुन्छ। उनले सामाजिक सञ्जालमा नयाँ शक्ति पछि फर्कदैन, अघि बढ्छ भनेर पोस्ट गरेका छन्। बाबुरामले दिएको यस्तो अभिव्यक्तिले एउटा जब्बर प्रश्न उब्जिएको छ- के बाबुराम पुरानै घर फर्केलान् ? ठूलो अभिलासा र आत्मविश्वास बोकेर नयाँ शक्ति स्थापनामा लागेका बाबुराम सहजै रुपमा माओवादीमा फर्कने छाँटकाँट भने देखिँदैन। हुन त माओवादीभित्रको दमन र सङ्कुचित सोच भएका व्यक्तिहरुका कारण पनि बाबुराम माओवादीबाट अलग भएको बुझिन्छ।

नेपाली राजनीतिमा अझै पनि फरक विचार बोक्ने समूह र व्यक्तिहरुलाई हेर्ने दृष्टिकोण सङ्कुचित र घिनलाग्दो छ। यो मानेमा नेपालमा अझै राजनीतिक सोच र व्यवहारको विकास भएको छैन। अझ विशेष गरेर वामपन्थी पार्टीहरुमा यसखाले प्रवृत्ति हाबी छ। बाबुरामले माओवादी पार्टीमा आत्मसम्मानपूर्वक नेतृत्व गर्न पाएनन्। विभिन्न आरोप खेप्दैमा हैरान थिए। देखिएका र लुकेका निम्न कारणले बाबुराम माओवादीमा फर्कने सम्भावनालाई कमजोर पारेको छ।

**आफ्नै स्वभाव :**

विद्वान् भए तापनि बाबुराममा एकमनावादी चिन्तन देखिन्छ। यो कुरा बाबुराम आफैंले पटक-पटक स्वीकार पनि गरेका छन्। घमण्डी र एकांकी स्वभावकै कारण उनले माओवादी पार्टीभित्र खासै प्रभाव जमाउन सकेनन्। उनी आफ्नै परिवार, नातागोता र सचिवालयको मुठ्ठीभित्र थिए। जुन घेरा नयाँ शक्ति निर्माण गरिरहँदासमेत तोडिएन। उनका हरेक निर्णयहरु तिनै घेराबाट सम्प्रेषण हुने गरे, गर्छन्। त्यसैले उनी आफ्नै स्वभाव, पारिवारको निर्णय र सानो झुन्डको बीचमै फसिरहेका छन्। पार्टी नयाँ बनाए पनि उनले आफ्नो सोच, परिवारका सदस्य र निकटका सहयोगीहरुलाई नयाँ बनाउन सकेनन्। उनले गर्ने हरेक निर्णयमा सचिवालयकै स्वार्थ मिसिने गरेको छ। उनको राजनीतिक यात्रामा उनका नजिकैकाहरुले नै पाइला मेटाउँदै गएका छन्। त्यसैले माओवादीमा फर्कने कि नफर्कने भन्ने निर्णयहरु पनि परिवारको सदस्य र सहयोगीहरुको हातमा रहेको छ।

**बाबुरामको भ्रम :**

नयाँ शक्ति बाबुरामको सपना थियो। देशलाई आवश्यक पनि हो। शुरुवाती दिनहरुमा मानिसहरुको आकर्षण र झुकाव पनि पार्टीभित्र निकै थियो, तर बाबुरामले पार्टीमा नयाँ अनुहार र जनताले पत्याएका व्यक्तिहरुलाई पार्टीमा भित्र्याउन सकेनन्। उल्टै केही नाम चलेका व्यक्तिहरुले उनलाई साथ दिन छाडे। बाबुरामबाहेक अन्य नाम चलेका र आश लाग्दा अनुहारहरु पार्टीमा देखिएनन्। मूलतः पार्टीको सिद्धान्त र कार्यदिशा अस्पष्ट देखियो। पार्टीले विचारमा वाम व्यवहारमा प्रजातान्त्रिक हुने भनियो तर पार्टी कम्युनिस्ट कि अरु कुनै भन्नेमा मानिसहरु स्पष्ट बन्न सकेनन्। धेरै मानिस कार्यदिशा स्पष्ट नभएका कारण बीचैमा अलमलिए। नयाँ प्रयोगका नाममा विचारमा स्पष्ट बन्न सकेनन्। अर्कोतर्फ नयाँ शक्ति भनिरहँदा पुरानै अनुहारहरु पार्टीमा हाबी भएकोले जनताले पार्टीलाई विश्वास गरेनन्। बरु बाबुरामको नयाँ शक्तिभन्दा रविन्द्रको साझा र विवेकशील पार्टीलाई जनताले नयाँ पार्टीको रुपमा स्वीकारे।

अर्कोतर्फ चुनावी तालमेल नयाँ पार्टीहरुसँग गर्ने कि पुरानै पार्टीहरुसँग ? भन्ने विषयमा नयाँ शक्ति पार्टी स्पष्ट बन्न सकेन। यदि बाबुरामले नयाँ प्रयोग र साँच्चै नयाँ शक्ति नै निर्माण गर्ने हो भने चुनावी तालमेल साझा र विवेकशीलसँग गर्नुपर्ने थियो। कस्तोसम्म भने, राजनीतिमा दशकौं बिताइसकेका बाबुरामको पार्टीलाई भन्दा आलाकाँचा विवेकशीलकी रञ्जुलाई जनताले नयाँ शक्तिको रुपमा स्वीकारे। उपेन्द्र यादवलाई बाबुरामले नयाँ देखेका कारण जनताले झनै पछिल्लो समय नयाँ शक्तिप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याएका छन्। पछिल्लो समय बाबुराम उपेन्द्रसँग पार्टी एकता गर्ने तयारीमा रहेको कारण पनि उनी माओवादीमा फर्कने सम्भावना न्यून बन्दै गएको छ। त्यसैले यति बेला बाबुरामले नयाँ शक्तिको सपना देख्नु र उपेन्द्रलाई नयाँ देख्नु नै ठूलो भ्रम साबित बनेको छ।

**मनोवैज्ञानिक त्रास :**

ठूलो आशा र सपना बोकेर नयाँ शक्ति निर्माण गरेका बाबुराममा पछिल्लो समय मनोवैज्ञानिक त्रास हाबी बन्दै गएको देखिन्छ। माओवादीमा हुँदादेखि नै आफूलाई साथ दिएका र नाम चलेका सहयात्रीहरु यति बेला नयाँ शक्ति नबन्ने निष्कर्षसहित पुरानै पार्टीमा फर्कनको लागि खुट्टा उचालेर बसेका छन्। उनीहरु बिस्तारै शिथिल बन्दै गइरहेका छन्। बाबुराम आफैंभित्र पनि पराजित मानसिकता विकास हुँदै गएको देखिन्छ। राजनीतिक क्रान्ति सकियो, अब आर्थिक क्रान्ति गर्ने भनेर लागेका बाबुराम देशमा कार्यकारी प्रमुख हुनुपर्छ भन्दै १० लाखको हस्ताक्षरको पोको बोकेर प्रधानमन्त्री प्रचण्डलाई हस्तान्तरण गर्न लैजानुले पनि पराजित मानसिकता हाबी बन्दै गएको प्रस्ट हुन्छ। उनको त्यो व्यवहारले पनि नयाँ शक्तिको लागि अझै समय अनकूल बनेको छैन भन्ने स्पष्ट हुन्छ। कुनै बेलाका सहयात्री प्रचण्डलाई तथानाम गाली गर्नु र यो देशमा लोकतन्त्र रैनछ भन्ने जस्ता अभिव्यक्ति दिँदै हिंडेकाले पनि उनमा पराजित मानसिकता हाबी भएको प्रस्टै देख्न सकिन्छ।

**अराजक राजनीति :**

माओवादीभित्र क्षमतालाई नस्वीकार्ने रोग छ। फरक विचार राख्नेहरुलाई निषेध गर्ने प्रवृत्ति युद्धको समयदेखि नै देखिन्छ। पार्टीभित्र फरक विचार राख्नेलाई सामान्य कार्यकर्ताहरुले समेत गन्दैनन्। बाबुरामले पनि यो समस्या पार्टीभित्र निकै झेले। यतिसम्म कि प्रचण्ड निकटका सामान्य कार्यकर्ताहरुले बाबुरामलाई नेताको दर्जा त के, सामान्य मानिसको दर्जाभित्र समेत राखेनन्। भट्टराईले पार्टी छोड्नुको एउटा कारक तत्व पार्टीभित्रको अराजक राजनीति पनि हो। माओवादीमा फर्किए पनि पहिलेजस्तै अपमान खेप्नुपर्ने डर र चिन्ताले पनि बाबुराम माओवादीमा फर्कने सम्भावना झीनो मात्रै देखिन्छ।

**लोकलाज :**

नेपालका नेताभन्दा जनता धेरै अराजक छन्। पार्टी फुटाउँदा गाली गर्छन्। एकता गर्दा कुरीकुरी गर्छन्। कुरा काट्न र खिस्याउन सामान्य विषय नै पर्याप्त बन्छ। बाबुरामको हुत्ति देखियो भन्दै उनीहरुले गर्ने आलोचनाको सम्भावनाका कारण पनि उनी फेरि पार्टीमा फर्कन मनोवैज्ञानिकरुपमा त्रसित रहेकोले झट्टै निर्णयमा पुग्न गाह्रो देखिन्छ।

**कार्यकारीको लोभ :**

बाबुरामलाई धेरै समयअगाडिदेखि आश लागेको र चाहेको विषय हो कार्यकारी पद। अझै पनि बाबुराममा संविधान संशोधन भएर कार्यकारीको लागि जनताले चुनेर पदमा पुऱ्याउने झीनो आशा उनीभित्र जीवितै छ। नयाँ शक्ति असफल भए पनि कुनै कोणबाट, कार्यकारीको मुद्दाले न्याय पाउनेमा आशावादी छन्। नयाँ शक्ति असफल बने पनि कार्यकारीको मुद्दाले ठाउँ पाउनेमा उनी विश्वस्त छन्। त्यसैले पनि उनी माओवादीमा फर्कन चाहन्नन्। किनभने, एउटै पार्टीमा रहँदा सोको सम्भावना पनि घट्ने उनको बुझाइ छ।

अहिलेकै अवस्थामा बाबुरामम माओवादीमा फर्कने सम्भावना भने कुनै कोणबाट पनि देखिन्न। उनको सचिवालय, परिवार र कार्यकर्ताको चौतर्फी दबाब भयो भने यसै भन्न सकिन्न। उनलाई प्रचण्ड स्वयंले आधार दिएमा एकताबद्ध हुन सक्छन्। बाबुरामको घेरामा अवसरवादी र खुरापाती प्रभावशाली छन्। तिनले बाबुरामलाई माओवादीमा फर्कन दिँदैनन्। किनभने, एउटै पार्टी हुँदा उनको हालिमुहाली चल्दैन। उनीहरुको राजनीति जनतामा सामाजिक सञ्जालमा मात्रै सीमित छ। तेस्रो घेरामा बाबुरामलाई वास्तविक माया गर्ने र राजनीति बुझेको तप्का छ। तर विडम्वना ! तिनलाई घेरा तोडर बाबुरामकोमा पुग्न जेलब्रेक गर्नुभन्दा गाह्रो छ। बाहिरी दबाबले मात्रै बाबुराम अवसरवादी खेमाको घेराबाट मुक्त होलान् कि ?

## पाठक पत्र

### यो त बिजोग भएन र ?

बाँसका टेका। टेकाहरुलाई फलामे तारले दरो गरी कसिएको। कसिएका तारलाई खियाले खाइसकेका। कतै-कतै त चुँडिन थालिसकेका। बाँस पनि लेउ र ढुसीले मक्किएजस्तो। यिनै बाँसका टेकाले जसोतसो त्रिपाल अडिएका छन्। त्रिपाल घाम-पानीले गलेर ठाउँ-ठाउँमा च्यातिएका छन्। च्यातिएका त्रिपाल तन्द्रयाङ तुन्द्रुङ झुन्डिन थालेका छन्। ठाउँ-ठाउँमा त प्वालसमेत परेको छ। यस्ता त्रिपालमुनि अर्को कपडा र प्लास्टिकका अलि बलिया पाल गाडिएको छ। फलाम र स्टिलका टेकाले बलियोसित यिनलाई अड्याइएको छ। त्रिपालबाट कहीं-कहीं त तुपुतुपु पानी चुहिरहेको देखिन्छ। यो हालत हाम्रो जिल्ला अस्पतालको हो।

त्रिपाल र पालबाट अत्यन्त कष्टप्रदरुपमा जिल्लाको एकमात्र जिल्ला अस्पतालको चिकित्सकीय सेवा अहिले दैनिकरुपमा प्रवाह भइराखेको छ। यसरी नै दुई वर्ष बितिसक्यो। अस्पतालबाट प्रदान गरिने प्रसूति सेवा, आकस्मिक तथा बहिरंग सेवा, प्रयोगशाला, औषधि, एक्सरे कक्ष, एचआईभी परीक्षण, आँखा परीक्षणलगायत प्रायः सबै सेवा यहाँ रहेका पालबाट नै हुन्छ। स्वास्थ्यकर्मी पालबाट बिरामीको सेवामा तल्लीन हुने गरेका छन्। वि.सं. २०७२ वैशाख १२ को भूकम्पले अस्पताल भवनमा पूर्ण क्षति पुगेको हो। त्यसपछि पुनर्निर्माणको कुरै छैन। अस्पतालमा दैनिक सेवा लिन ३०/३५ जनासम्म आउँछन्। जिल्ला अस्पताललाई भूकम्पले क्षति पुऱ्याएपछि तत्काल नै नेपाल रेडक्रस सोसाइटी रसुवाले त्रिपाल, पाल तथा अन्य चिकित्सकीय सामग्रीको व्यवस्था गरी अस्पतालको सेवा पुनः सञ्चालन गर्न सहयोग पुऱ्याएको थियो। तर अब कतैबाट वास्ता नभएकाले बिजोग भएको छ।

*- माधव शर्मा, दोलखा*

### राजपाले कहिले सोच्ने ?

निक्कै लामो प्रतीक्षा र द्विविधाबीचमा पहिलो चरणको सहित दोस्रो चरणको स्थानीय तहको निर्वाचन पनि सकिएको छ। राष्ट्रिय जनता पार्टी नेपाललाई स्थानीय चुनावमा सहभागी गराएर संविधानको स्वीकार्यता बढाउने ध्येयले तराई-मधेसका जिल्लामा स्थानीय तह थपिए पनि राजपाले नमान्दा आफैं पछाडि परेको छ। संक्रमणकाललाई छिटो टुंग्याउने क्रममा कतिपय जटिलतालाई राजनीतिक निर्णयमार्फत किनारा लगाउने विगतको अभ्यासअनुरूप यस्तो निर्णय भएको थियो। तर राजपा स्थानीय निर्वाचनमा भाग लिन तयार नभएर ठूलै गल्ती गरेको छ। सरोकारवालाका विषयमा मौन बसेर गरिएका यस्ता राजनीतिक निर्णयले मुलकको भविष्यलाई कुन विन्दुमा लैजाने हो, त्यो गर्भमा नै छ। राजपा निर्वाचनमा भाग लिए मात्र सरकारी निर्णय औचित्यपूर्ण बन्ने थियो।

अझ पनि २ नम्बर प्रदेशको चुनाव बाँकी नै छ र राजपाको मुख्य क्षेत्र पनि २ नम्बर प्रदेश नै हो। स्थानीय तह पुनर्संरचनाका सन्दर्भमा साबिकका मधेसकेन्द्रित दलहरूले करिब ५० प्रतिशत जनसंख्या रहेको तराई-मधेसमा स्थानीय तहको संख्या जनसंख्याको अनुपातमा हुनुपर्ने माग राख्दै आएका थिए। तर पटक-पटक लफडा निकाल्न र चुनाव नै हुन नदिने खेल खेलेका कारण उनीमाथि ठूलै शंका उब्जिएको छ। पुनर्संरचना आयोगले ७ सय १९ वटा स्थानीय तह निर्धारण गर्दा तराई-मधेसमा संख्या करिब ३६ प्रतिशत थियो। मधेस केन्द्रित दलहरूलाई चित्त बुझाउन सरकारले फागुन २२ मा कार्यदलमार्फत तराई-मधेसमा २५ वटा थपेर ७ सय ४४ वटा कायम गरेको थियो। मधेस केन्द्रित दलबीच एकतापछि बनेको राजपा त्यसमा पनि सन्तुष्ट नभएपछि फेरि मन्त्रिपरिषद् बैठकले स्थानीय तहको संख्या ७ सय ६६ पुऱ्यायो।

यस क्रममा २३ वटा नयाँ गाउँपालिका बने भने वीरगन्जलाई महानगरपालिका बनाउने क्रममा एउटा गाउँपालिका गाभियो पनि। २५ गाउँपालिकालाई नगरपालिकामा रूपान्तरण गर्ने निणर्य भयो। तराई-मधेसमा स्थानीय तहको संख्या करिब ३८ प्रतिशत पुगे पनि राजपाले बखेडा निकालिरहनु आफैंमा राष्ट्रघाती कदम हो। राजपाले अब ठण्डा दिमागले सोच्ने कि ?

*- सीताराम शर्मा, भोजपुर*

### धान दिवसको अर्थ खोजौं

मानो रोपेर मुरी फलाउने बेला खेत बाँझै छन्। खेतको हिलोमा रमाइलो गरी १४ औं धान दिवस औपचारिकरुपमा त देशभर मनाइएको छ। कतै त हिलाम्ये सडकमा धान रोपेर सरकारी निकायमाथि व्यङ्ग्य प्रहार गरिएको छ। मानो रोपेर मुरी फलाउने असार १५ लाई यस वर्ष 'दुई बाली धानको विस्तार, आर्थिक समृद्धिको आधार' भन्ने नारा दिएर धान दिवस मनाइएको छ। किसानको मनोबल उच्च राखी उनीहरूको श्रमको सम्मान गर्ने उद्देश्यले कृषि तथा सहकारी मन्त्रालयले मुलुकभरि असार महिनाको १५ गतेलाई राष्ट्रिय धान दिवसको रूपमा मनाउने परम्परा बसालेको हो। तर यहाँ किसानले विभिन्न कारणले सोचे जति उत्पादन गर्न सकेका छैनन्।

खेतमा रोपाइँ गरी दही-चिउरा खाने भएकाले यस दिनलाई दही-चिउरा खाने दिनका रुपमा समेत लिने गरिन्छ। तर किसानले पहिले-पहिलेका वर्षजस्तै त्यति खुशी मुद्रामा दही-चिउरा खाएनन्। कारण उनीहरुमा उत्साह कम थियो। प्रकृतिले साथ नदिँदा पनि किसान चिन्तित बनेका छन्। वर्षामा हिलाम्य भएको शरीरमा ऊर्जा दिने भएकाले दही-चिउरा खाने चलन हो।

कृषिप्रधान हाम्रो मुलुकमा खाद्यसुरक्षाको प्रमुख आधारको रुपमा रहेको धानको उत्पादनलाई महत्व दिँदै सरकारले धान दिवस मनाउन शुरु गरेको हो। धान दिवस मनाउँदै आए पनि आधुनिक प्रविधिको आम किसानमाझ पुग्न नसकेका कारण खेतीयोग्य जमिन भएर पनि धान उत्पादनमा वृद्धि हुन नसकेको यथार्थ हामी सामु छ। नेपाल कृषिप्रधान देश भए पनि खाद्यान्नमा आत्मनिर्भर हुन नसक्दा देशले हरेक वर्ष अर्बौंको खाद्यान्न विदेशबाट आयात गरिरहेको छ। नेपालसमा सहजै उत्पादन गर्न सक्ने अवस्था भए पनि सरकारी नीतिगत कमजोरीले मडारिएको छ। स्वदेशमै सम्भव हुने कृषिउपज उत्पादन गर्न सकिने सम्भावना प्रशस्त भए पनि बेवास्ता गर्दा देशले आयातको मार भोग्नुपरेको हो। अर्कोतर्फ हाम्रो खानपानको शैली परिवर्तन गर्न नसक्दा पनि परनिर्भर हुनुपरेको हो।

केवल भात मात्रै खाने प्रवृत्तिले पनि हामी खाद्यन्नमा परनिर्भर हुनुपरेको अर्को कारण हो। भात खाने संस्कृतिलाई अन्त्य गर्न सकेमा यहाँकै उत्पादनले किसानलाई पुगेर आयात गर्न सक्ने अवस्था छ। कृषि उत्पादन बढाउनको लागि श्रमका निम्ति युवालाई स्वदेशमै प्रेरित गर्नुपर्छ। चामलसहित अन्य कृषि बालीलाई पनि खाद्यान्नको रुपमा उपभोग गर्ने बानी बसाल्न सकेमा उत्पादनले आत्मनिर्भर बन्ने बाटो खुल्छ। त्यसैले भात मात्रै खाने बानी परिवर्तन गर्नुपर्छ। तारे होटलमा महँगो रकम तिरेर खाने खाद्यान्न हाम्रै गाउँघरमा प्रशस्त मात्रामा पाइन्छ। ती कृषिउपजलाई पनि मिलाएर खाने बानीको विकास गर्नुपर्छ। हाम्रै खेतबारीमा उत्पादन हुने मकै, कोदो, गहुँ, फापर र गेडागुडीको प्रयोगमा बढावा दिनुपर्छ। तब मात्र हामी खाद्यान्नमा आत्मनिर्भर बन्न सक्छौं। किसानले पनि यस विषयमा सोच्नु जरुरी छ। सरकारले पनि कृषिलाई विशेष ध्यान दिन जरुरी छ।

*- सन्तोष पन्थी, गुल्मी*

## सामाजिक सञ्जाल




भारतले अन्तर्राष्ट्रिय कानुन विपरीत सीमामा उचो Embankment (तटबन्ध) र तटबन्धमाथि सडक बनायो। त्यसको असर, प्रभाव देखिन थाल्यो– सप्तरी, तिलाठीमा।

**Ananda Ram Paudel**
**@AnandaRamPoudel**



जिन्दगी यो फूलजस्तै फुल्नुपर्छ भन्छौ भने काँडासँग दोस्ती गर्न तिमी मञ्जुर हुनुपर्छ। हिंड्दाहिंड्दै थाक्ने र थाक्दाथाक्दै हिंड्न सक्नुपर्छ।

**Rabindra Adhikari**
**@RabindraADH**



अब नेताले बुझे हुन्छ– जनताको माझमा जाँदा सवाल कडा मात्र होइन घाँटी अठ्याउन पनि सक्छन्। जनता पहिलेका जस्तो छैनन्, अति गर्नु अतिसार गर्नुको परिणाम !

**विद्या**
**@bishrestha**

२०७४, असार
मंगलबार
२०

नेपाल कम्युनिस्ट पार्टीले निर्वाचनलाई सशक्त बहिष्कार गर्ने योजनाअनुरूप मतदानस्थलमा बम राख्नेदेखि उम्मेदवारलाई नियन्त्रणमा लिनेसम्मको गतिविधि अघि बढाए पनि सो पार्टीले बम नराखेको दाबी गर्दै आएको छ। र, अहिलेसम्म कहींकतै जिम्मेवारीसमेत लिएको छैन। त्यसैले चुनावको बेलामा जतातत्तै फेला परेका बम कसका थिए भन्ने प्रश्नसमेत उब्जिएको छ।

# नेपाल

## विप्लव माओवादीको अस्वीकार

# कसले राख्यो त जताततै बम ?

**नेपाल समाचारपत्र**

काठमाडौं

स्थानीय तहको दोस्रो चरणको निर्वाचनका क्रममा आफ्ना २३ जना कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको विप्लव निकट नेपाल कम्युनिस्ट पार्टीले बताएको छ। निर्वाचनलाई शान्तिपूर्णरूपमा बहिष्कार गर्ने क्रममा विभिन्न जिल्लाबाट २३ जना कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएको सो पार्टीका एक नेताले नेपाल समाचारपत्रलाई जानकारी दिए।

जसअन्तर्गत कञ्चनपुर, धनकुटा, मोरङ, सुनसरी, झापालगायतका जिल्लाहरूबाट प्रहरीले पक्राउ गरेको अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य कलम बढुवालले नेपाल समाचारपत्रलाई जानकारी दिए।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनअन्तर्गत मतदानका क्रममा विभिन्न स्थानहरूमा बम फेला परे भने कतिपय स्थानमा उम्मेदवारहरूलाई नै नियन्त्रणमा लिइयो। नेपाल कम्युनिस्ट पार्टीले निर्वाचनलाई सशक्त बहिष्कार गर्ने योजनाअनुरूप मतदानस्थलमा बम राख्नेदेखि उम्मेदवारलाई नियन्त्रणमा लिनेसम्मको गतिविधि अघि बढाए पनि सो पार्टीले बम नराखेको दाबी गर्दै आएको छ। र, अहिलेसम्म कहींकतै जिम्मेवारीसमेत लिएको छैन। त्यसैले चुनावको बेलामा जताततै फेला परेका बम कसका थिए भन्ने प्रश्नसमेत उब्जिएको छ।

किन ठाउँ-ठाउँमा बम राखेको भन्ने जिज्ञासा राख्दा सो पार्टीका एक केन्द्रीय नेताले नेपाल समाचारपत्रसँग भने- 'जनताले चुनावको खारेज गर्ने क्रममा कहीं शान्तिपूर्ण त कतै ढुगांमुडा कतै नाराजुलुस त कतै बमसमेत राखेको हुन सक्छन्। हाम्रो पार्टीले यसको जिम्मेबारी लिँदैन।' यद्यपि आफ्नो पार्टीले जनताको बहिष्कार अभियानलाई समर्थन गर्ने ती नेताले नेपाल समाचारपत्रको कुराकानीका क्रममा बताए।

रोल्पा-१० भनभने मतदान केन्द्रमा रहेको मतपेटीका पत्रमा एसिड फेला पऱ्यो । यस्तै, कञ्चनपुर जिल्ला प्रहरी कार्यालयछेउमै रहेको मतदान केन्द्रमा बम विस्फोट भएको कञ्चनपुर जिल्ला प्रहरी कार्यालयले बताएको छ। दाङको तुलसीपुर उप-महानगरपालिकास्थित वडा नम्बर ३ अम्वास मतदान केन्द्रको १ सय मिटरनजिकै पर्ने स्थानमा बम विस्फोट भएको छ। इलाम नगरपालिका-७ स्थित आदर्श आधारभूत विद्यालयको मतदान केन्द्रनजिकै बम विस्फोट भए पनि मानवीय क्षति नभएको बताइएको छ। बाजुराको नदपाटा मदान केन्द्रमा शंकास्पद वस्तु भेटिएको थियो। घोराही उप-महानगरपालिका-१८ गिठेपानीमा समेत शंकास्पद वस्तु भेटिएको थियो। अछाम विनायक पञ्चदेव नगरपालिका-२ स्थित सरस्वती प्रावि केन्द्रमा समेत बम भेटिएको थियो। साथै अछामका विभिन्न मतदान केन्द्रमा वम फेला परेको बताइएको छ।

बम राखेको जिम्मेवारी नलिए पनि विप्लव माओवादीका कार्यकर्ता चन्द्रबहादुर सिंह बमकै कारण मृत्युको शिकार बनेका छन्। यसैबीच कैलालीको धनगढी उप-महानगरपालिका वडा नम्बर १२ सिगाउँ निवासी चन्द्रबहादुर सिंहको गत असार १२ गते बेवारिसे बम पन्छाउन खोज्दा विस्फोट भई कैलालीको धनगढीमा मृत्यु भएको सेती-महाकाली ब्युरो इन्चार्ज ओमप्रकाश पुनले विज्ञप्ति जारी गरी बताएका छन्। विज्ञप्तिमा भनिएको छ- 'पार्टी कामको सिलसिलामा साथीहरूसँग भेटघाट गरी घरतर्फ फर्कने क्रममा धनगढीस्थित एक होटेलको आँगनमा संकास्पद वस्तु देखेपछि त्यसलाई उठाएर होटेल पछाडिको कैलाली नालामा फाल्न जाँदा अचानक विस्फोट भई घाइते हुँदा उपचारको क्रममा सेती अञ्चल अस्पताल धनगढीमा उनको मृत्यु भएको छ।' जिल्ला प्रहरी कार्यालय धनगढीका प्रमुख अर्जुनचन्द ठकुरीले मृतक सिंह विप्लव माओवादीकै कार्यकर्ता भएको र थप अनुसन्धान भइरहेको नेपाल समाचारपत्रलाई जानकारी दिए।

गृह मन्त्रालयले चुनावविरोधी गतिविधि गर्ने जो-कोहीलाई जिल्लास्तरबाट नियन्त्रणमा लिएको भन्दै कारबाहीको प्रक्रिया अघि बढाइसकिएको बताएको छ। चुनावविरोधी गतिविधि गर्नेलाई प्रचलित कानुनबमोजिम कारबाही गरिने गृह मन्त्रालयका प्रवक्ता दीपक काफ्लेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। निर्वाचनमा प्रभाव पार्नेसम्बन्धी कसुर तथा सजाय ऐनमा निर्वाचनविरोधी गतिविधि गर्नेलाई १ लाख रुपियाँसम्म जरिवाना वा २ वर्षसम्म कैद वा दुवै सजाय हुने उल्लेख छ।

# लायन्स क्लब अफ काठमाडौं विशाल बजारको पद हस्तान्तरण सम्पन्न

**नेपाल समाचारपत्र**

काठमाडौं



लायन्स क्लब अफ काठमाडौं विशाल बजारले लायन वर्ष २०१७/०१८ का लागि चुनिनुभएका नयाँ कार्यसमितिका पदाधिकारीलाई सोमबार पद हस्तान्तरण गरेको छ। सो अवसरमा क्लबका सल्लाहकार लायन राजशिरोमणि तुलाधरले कार्यक्रममा सहभागी भएकाहरूलाई स्वागत गर्दै नयाँ कार्यसमितिका पदाधिकारीलाई बधाई ज्ञापन गर्नुभएको थियो।

लायन २०१६/०१७ का अध्यक्ष लायन उद्धव आर्चायले लायन वर्ष २०१७/०१८ का अध्यक्ष लायन अमृतरत्न शाक्य ताम्राकारलाई अध्यक्षको कार्यभार हस्तान्तरण गर्नुभएको थियो। सोही कार्यक्रममा गत वर्षका सचिव लायन राजकुमार देवकोटा र कोषाध्यक्ष लायन श्रीहर्ष तुलाधरले क्लबको माइन्युट तथा हिसाब-किताब लायन वर्ष २०१७/०१८ का सचिव लायन योगेश्वर श्रेष्ठ र कोषाध्यक्ष लायन रूपनतारा शाक्यलाई हस्तान्तरण गर्नुभयो।

लियो क्लब अफ काठमाडौं विशाल बजारको लियो वर्ष २०१७/०१८ का लागि अध्यक्ष लियो अस्मिता श्रेष्ठ, सचिव लियो निश्चल शिखाकार र कोषाध्यक्ष लियो भीमजोल तुलाधर चुनिनुभएको छ।

लायन वर्ष २०१७/०१८ का अध्यक्ष लायन अमृत रत्न ताम्राकारले क्लबका संस्थापक अध्यक्ष स्व. भरतलाल श्रेष्ठको सपनालाई शाकार पार्न क्लबको परम्परालाई जोगाउँदै सबै सदस्यको सहयोगबाट नै यस क्लबको शिर उच्च हुने बताउनुभयो। क्लबका सल्लाहकार लायन धीरजराम राजभण्डारीले नयाँ कार्यसमितिलाई बधाई दिँदै सबै पदाधिकारी मिलेर काम गर्न सके मात्रै संस्थाको उद्देश्य पूरा हुने बताउनुभयो।

## संक्षेप

### नेपाल आँखा अस्पतालले भित्र्यायो नयाँ मेसिन

काठमाडौं, (नेस)

नेपालकै सबैभन्दा जेठो र सुविधा सम्पन्न नेपाल आँखा अस्पतालले आफ्नो सेवा सुविधा विस्तार गर्ने क्रममा हालै जापानको निडेक कम्पनीको एएल स्क्यन मोडलको अपरेस बायोमिटर भित्र्याएको छ।

सो मेसिनले मोतिबिन्दुको अपरेसन गर्दा आँखाभित्र राखिने इन्ट्राओकुलर लेन्सको एक्युरेट पावर क्यालकुलेसन गर्ने भएकाले मोतिबिन्दुको उपचारमा अझ गुणस्तरीय सेवा पुग्ने अस्पतालले जनाएको छ।

यो अत्याधुनिक मेसिनको विशेषता भनेको नन कन्ट्याट अथवा नन इनसिभ अटोमेटिक मेथडबाट एक्युरेट पावर क्यालकुलेसन गर्नुका साथै मेसिनले १० सेकेन्डभित्र आँखाको ६ वटा महत्त्वपूर्ण जाँच गर्दछ। यस मेसिनको अर्को विशेषता भनेको इन्फारेड लेजरको माध्यमबबाट उपचार गर्ने गरिएको अस्पतालले जनाएको छ।

### भागेका कैदी पक्राउ

काठमाडौं, (नेस)

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट जिल्ला कारागार सिन्धुपाल्चोकको भवन भत्कन जाँदा भागी फरार भएका १ जनालाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्ज, काठमाडौंले आइतबार पक्राउ गरेको छ।

कारागारमा रहेका २ सय १२ जना कैदी तथा थुनुवामध्ये ज्यान मार्ने उद्योग र कर्तव्यज्यान मुद्दामा २० वर्ष कैद भुक्तान गरिरहेका सिन्धुपाल्चोक, सिन्धुकोट-७ का २९ वर्षीय श्याम नेपालीसमेत फरार रहेकोमा खोजी गर्नेक्रममा ललितपुर लुभुबाट ब्युरोको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उनलाई कारागार कार्यालय, सिन्धुपाल्चोकमा बुझाइएको उक्त ब्युरोले जनाएको छ।

### नगद चोरी

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-१० कुपण्डोलस्थित गुरुद्वार मन्दिर कम्पाउन्डभित्र रहेको कुपण्डोल उपभोक्ता सहकारी संस्था र गुरुद्वार कार्यालयको ढोका फोडेर उक्त संस्थाको दराजभित्र रहेको नगद १ लाख ५० हजार रुपियाँ र गुरुद्वार कार्यालयको नगद ५ हजार रुपियाँ सोमबार राति चोरी भएको छ।

चोरको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

## सप्तरीका बाढीपीडितलाई साई समाज सेवा निधिको सहयोग

काठमाडौं, (नेस)

साई समाज सेवा निधिको तर्फबाट सप्तरीको पोदारा-६ मा हालैको बाढीबाट कष्टकर जीवन बिताइरहेका स्थानीयलाई दिने गरी १ लाख रुपियाँ बराबरको खाजा र लत्ता कपडा वितरण गरिएको छ।

सो सहयोग रेवा देवी दीक्षितको तर्फबाट मधेसी नागरिक समाजका संयोजक गणेश मण्डललाई प्रदान गर्नुभएको थियो।

सो संस्थाका तर्फबाट विगतमा भूकम्पपीडितलाई पनि सहयोग गरिएको थियो।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति: २०२३/०८/२०

स्वर्गारोहण: २०७४/०२/०७

स्व. बविता श्रेष्ठ

यस विजय स्मारक मा.वि.का शिक्षक सुश्री बविता श्रेष्ठको अल्पायुमै निधन भएको आज ४५ औं दिनको पूण्यतिथिमा दिवगंत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विजय स्मारक मा.वि. परिवार**

**डिल्लीबजार, काठमाडौं**



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**डिभिजन कार्यालय**
पर्सा, वीरगंज

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना ।**

प्रकाशित मिति :- २०७४/०३/२०

यस कार्यालयको मिति २०७४/२/३ गते अन्नपूर्णा राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित सूचना नं. **01/073/74** अनुसार बोलपत्रहरु आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलवन्दी बोलपत्रहरु मध्ये तपसिल बमोजिमका शिलवन्दी बोलपत्रदाताको बोलपत्र प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही (छनौट) भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजनार्थ सम्वन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१.

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान मिति र स्थान | कैफियत |
|---|---|---|---|---|
| DUDBC/Parsa/Works/NCB/01/073/74 | Beautification work of shivalay pond/ Barahwa Tal; Road and Drain construction work of Gaur Municipality, Rautahat | 1. Swachchhanda /Dhukuchhu / Ashraya J.V.Kathmandu<br>2. Shrestha/Apex J.V.Maitidevi, Kathmandu | शहरी विकास तथा भवन निर्माण विभाग **डिभिजन कार्यालय** पर्सा, वीरगंज २०७४।०३। २७ गते दिनको ११.०० बज | |

२.

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान मिति र स्थान | कैफियत |
|---|---|---|---|---|
| DUDBC/Parsa/Works/NCB/02/073/74 | Construction of Balck top Road and R.C.C. Drain in Kalaiya Sub-Metropolitan city, Bara | Lumbini/ Mritsanjivini J.V.Khasibazar, Kathmandu | शहरी विकास तथा भवन निर्माण विभाग **डिभिजन कार्यालय** पर्सा, वीरगंज २०७४।०३। २७ गते दिनको ११.०० बजे | |


डिभिजन प्रमुख


## सिनेमा कर्नर


TODAY'S MOVIES

| | |
|---|---|
| Tubelight | 8:20, 11:20 2:20, 5:20 |
| रातो घर | 8:20, 11:20 2:20, 5:20 |
| Raabta | 8:20, 11:20 2:20, 5:20 |
| Kidnap | 8:20, 11:20 2:20, 5:20 |
| तारेभिर | 8:20, 11:20 2:20, 5:20 |
| लाल्टीन | 8:20, 11:20 2:20, 5:20 |
| पर्व | 8:20, 11:20 2:20, 5:20 |


Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Tubelight
तारेभिर
कमीना
लाल्टिन
Karkhana
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन प्राप्ति, साथीभाइबाट सहयोग, पढाइ-लेखाइमा सफलता ।

**वृष** : आर्थिक लाभ, प्रतिस्पर्धीमाथि विजय, गरेका कार्यमा सफलता ।

**मिथुन** : धन प्राप्ति, कार्यसिद्धि, सुख-सन्तोष, मानसिक प्रफुल्लता ।

**कर्कट** : स्वास्थ्य गडबड, बिनाउपलब्धिको दौडधुप, परिवारिक विवाद ।

**सिंह** : आर्थिक लाभ, प्रतिष्ठा वृद्धि, सानै प्रयासमा प्रगतिको अवसर ।

**कन्या** : धनलाभ, राम्रो कामको थालनी, विजय, सुख-सन्तोष ।

**तुला** : मिष्ठान्न भोजन, आर्थिक लाभ, पुरस्कार प्राप्तिको सम्भावना ।

**वृश्चिक** : स्वास्थ्य समस्या, पारिवारिक विवाद, चोटपटकको सम्भावना ।

**धनु** : विविध लाभ, भोजभतेर एवं पैसा प्राप्तिको सम्भावना छ ।

**मकर** : सन्तुष्टि, गरेका काममा सफलता, शारीरिक तन्दुरुस्ती ।

**कुम्भ** : सरकारी निकायबाट लाभ, व्यापारिक सफलता, मान-प्रतिष्ठा ।

**मीन** : रोगव्याधिको भय, धनहानि, सानो कुरामा पनि विवाद, तनाव ।

# नेपाल

कम्युनिस्टहरूको अखडा मानिँदै आएको प्युठानमा यसपालि भने नेपाली कांग्रेसले कडा चुनौती दिएको छ। स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा जिल्लाको कतिपय स्थानमा कम्युनिस्टको दशकौंदेखिको किल्ला भत्किएका छन्।

# कम्युनिस्टका अखडा भत्किए

**सलिम अन्सारी, प्युठान**

कम्युनिस्टहरूको अखडा मानिँदै आएको प्युठानमा यसपालि भने नेपाली कांग्रेसले कडा चुनौती दिएको छ। स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा जिल्लाको कतिपय स्थानमा कम्युनिस्टको दशकौंदेखिको किल्ला भत्किएका छन्।

यसअघि भएका निर्वाचनहरूमा जिल्लामा चौथो शक्तिका रूपमा पहिचान बनाएको कांग्रेसलाई यसपालि भने यहाँ दोस्रो ठूलो दलका रूपमा जिल्लाबासीले स्थापित गरेका छन्। जिल्लामा सांगठनिक आधारमा पकड रहेको भनिएका ठूला दलको संगठन ध्वस्त पार्दै ऊ अहिले दोस्रो शक्तिका रूपमा उदाएको हो। विपक्षीहरूलाई कमजोर हिसाबले आँकलन गरिँदा कम्युनिस्टहरूको किल्ला भनेर चिनिने प्युठानका गौमुखी, नौबहिनी र ऐरावती गाउँपालिकामा नेपाली कांग्रेसले आफ्नो चारतारे झन्डा फहराएको विश्लेषण गरिएको छ।

एमालेको बलियो पकड रहेको भनिएको नौ बहिनीमा कांग्रेसले जित हासिल गरेको छ। यहाँ पूर्वपार्टी सचिव शिव रिजाल पालिका अध्यक्षमा विजयी भएका हुन्। उनले निकटम प्रतिस्पर्धी एमालेका डिलाराम थापालाई पछि पार्दै ५ हजार ५ सय २६ मतका साथ जित आफ्नो हातमा पारे। थापाले ४ हजार ५ सय ७५ मत मात्रै प्राप्त गर्न सफल भए। यहाँ एमालेले २ वडामा विजयी भएको हो। यता ऐरावती र नौ बहिनीमा गाउँपालिका नै जित्ने दाउमा रहेको एमालेले वडामा मात्रै चित्त बुझाउनुपर्‍यो।

यी गाउँपालिकामा माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चा भने अस्तित्वको लडाइँमा मात्रै रहे। माओवादीको पकड भनिएको गौमुखीमा कांग्रेसका पार्टी सचिव विष्णुकुमार गिरीले बाजी मारेका छन्। उनले आफ्ना निकटम प्रतिद्वन्द्वी राजमोका विदुर मल्ललाई १ सय ९६ मतको फराकिलो मतले पछि पार्दै अध्यक्षमा जितेका हुन्।

गिरीले ३ हजार ७ सय ४३ र राजमोका मल्लले २ हजार ५ सय ४७ मत ल्याएका हुन्। यहाँ उपाध्यक्षमा एमालेका ज्ञानुमाया केसीलाई पछि पार्दै कांग्रेसकै तुलसी सुनार विजयी भइन्। गौमुखीमा माओवादी केन्द्र र राजमोको गठबन्धनले खाता नै खोल्न सकेन। कांग्रेसले जित हासिल गरेपछि यहाँ कम्युनिस्टले बर्चस्व जमाउने सपनासमेत चकनाचुर भएको छ।

२०४८ साल फर्काउने दाउमा शुरूदेखि नै गाउँ पसेको कांग्रेसले जनमोर्चाको किल्ला मानिने ऐरावती गाउँपालिकामा समेत बर्चस्व जमाएको छ। यहाँ कांग्रेसका नबिलविक्रम शाहले अध्यक्षमा २ हजार ४ सय ९० मत ल्याएर जित हासिल गरेका हुन्। माओवादी केन्द्रका बुद्ध बस्नेतले २ हजार १ सय ९९ मतका साथ उपाध्यक्षमा जित दर्ता गराए। जुनसुकै निर्वाचनमा पनि कम्युनिस्टले जितेर लालकिल्लाका रूपमा प्युठान परिचित छ।

प्युठानमा स्थानीय उम्मेदवार उठेका कारण मतदाताले पार्टीभन्दा पनि व्यक्तिलाइ हेरेर मतदान गरेकाले विगतको मत परिणामले फेल खाएको अधिकांशको बुझाइ रहेको छ। यहाँ नेपाली कांग्रेसलाइ चौथो शक्ति नै हुने आँकलन गरिँदै आएको थियो।

२०७० सालको संविधानसभा निर्वाचनमा जिल्लाको दुवै क्षेत्रमा जितेर पहिलो भएको नेकपा एमाले यसपालि पनि पहिलो शक्तिकै रूपमा देखिएको छ। नयाँ संरचनाअनुसार नौवटा स्थानीय तह रहेको प्युठानमा उसले स्वर्गद्वारी नगरपालिका, सरुमारानी र माण्डवी गाउँपालिकासहित तीनवटा तहमा जितेको छ।

अहिलेसम्म २ उपप्रमुख जितेको उसले ६४ वडामध्ये २१ वटा वार्ड पालिकामा विजयी भएको छ। त्यस्तै नेपाली कांग्रेसले ३ स्थानीय तहसहित २ उपप्रमुख र १४ वटा वार्डमा जितेको छ। त्यस्तै अघिल्ला निर्वाचनहरूमा दोस्रो स्थानमा रहेको राष्ट्रिय जनमोर्चाको साख यसपालि भने खस्किएको छ।

उसले झिमरुक र मल्लरानी गाउँपालिकामा गरी दुईवटामा बर्चस्व कायम गरेको छ। राजमोले २ उपप्रमुख र १३ वडामा जितेर तेस्रो स्थानमा आफूलाई उभ्याएको छ। २०७० सालमा तेस्रो स्थानमा रहेको माओवादी केन्द्र अहिले चौथो स्थानमा खुम्चिएको छ। १० वटा वडा र ३ स्थानमा उपप्रमुख जितेको माओवादी केन्द्रले यो समाचार तयार पार्दासम्म जिल्लाको स्थानीय तहको उसको सहभागिता शून्य छ। यद्यपि प्युठान नगरपालिकाको प्रमुख उपप्रमुख र ६ वटा वडाको नतिजा आउन भने बाँकी नै छ।

# संखुवासभामा मतगणना सम्पन्न

संखुवाभसा, (नेस)

संखुवासभाका ५ नगरपालिका र ५ गाउँपालिकाको स्थानीय तहको मतगणना आइतबार सम्पन्न भएको छ। निर्वाचन कार्यालयद्वारा सार्वजनिक मत परिणामअनुसार नेपाली कांग्रेसले २ नगरपालिका र ३ गाउँपालिकामा विजय गरेको छ।

नेपाली कांग्रेसले पाँचखपनमा मेयर, धर्मदेवीमा मेयर, उपमेयर, चिचिला, सिलिचोङ र भोटखोला गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष विजयी भएको छ। त्यसै गरी नेकपा एमालेले ३ नगरपालिका र २ गाउँपालिका विजय गरेको छ।

नेकपा एमालेले चैनपुर, खाँदबारी र मादी नगरपालिकामा मेयर र उपमेयरमा विजयी भएको छ भने पाँचखपन नगरपालिकामा उपमेयर पनि जितेको छ। सभापोखरी र मकालु गाउँपालिकामा एमालेले अध्यक्ष र उपाध्यक्षमा विजय हासिल गरेको छ।

यसैबीच संखुवासभाको पाँचखपन नगरपालिका वडा नं. ६ को वडाध्यक्षमा पुनः मतगणनामा नेपाली कांग्रेसका नरेशकुमार श्रेष्ठ विजयी भएका छन्।

पाँचखपन नगरपालिका वडा नं. ६ को मत गणनामा नेकपा एमालेका उम्मेदवारलाई विजयी घोषित गर्न लागेपछि विवाद भएको थियो। उक्त वडाको गणना गर्दा १० मत बढी देखिएपछि नेपाली कांग्रेस प्रतिनिधिले पुनः मतगणना गर्न माग गरेका थिए।

उक्त वडाको वडाध्यक्षको मत गणनामा नेकपा एमालेको १० मत बढाएको नेपाली कांग्रेसले आरोप लगाउँदै पुनः मतगणना गर्नुपर्ने माग राखेको थियो। विवादपछि २४ घण्टा पछाडि पुनः गरिएको मतगणनामा नेपाली कांग्रेसका नरेशकुमार श्रेष्ठले ३ सय ९० मत ल्याएका छन् भने नेकपा एमालेका गोपाल श्रेष्ठले ३ सय ८६ मत ल्याएका छन्।

# करोडौं मूल्यका स्वास्थ्य चौकी भवन अलपत्र



**कृष्णउदास खनाल, वीरगन्ज**

पर्सामा निर्माण भएका स्वास्थ्यचौकीका भवनहरू हस्तान्तरणमा हुँदा करोडौंका भौतिक सम्पत्ति प्रयोगविहीन अवस्थामा रहेका छन्। खास गरी जिल्लाको साविकको गादी, परवानीपुर, भवानीपुरलगायतका आधा दर्जन स्थानमा निर्माण भएका स्वास्थ्य चौकीका भवनहरू हस्तान्तरण हुन नसक्दा प्रयोगविहीन अवस्थामा ती भवनहरू अलपत्र परेका छन्। यसैबीच पर्साका मानवअधिकारकर्मीले प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेको ध्यानाकर्षण गराउँदै निर्माण भएका स्वास्थ्यचौकीका भवन प्रयोगमा ल्याउन माग गरेका छन्।

स्वास्वास्थ्य चौकी हस्तान्तरण नहुँदा साविकका गाविस कार्यालयमा स्वास्थ्यचौकी र बर्थिङ सेन्टरहरू सञ्चालन गर्न बाध्य भएका ती अधिकारकर्मीले बताएका छन्। सानो ठाउँमा चौकीहरू सञ्चालन गर्नुपर्दा सेवाको प्रभावकारितामा समस्या आएको कुरा स्वास्थ्यकर्मीले आफूहरूसँग गुनासो गरेको मानवअधिकारवादी समूहका पर्सा अध्यक्ष तवरेज अहमदले बताउनुभयो। उहाँले भवन अभावमा अधिकांश स्वास्थ्य संस्थाको अवस्था नाजुक रहेको बताउनुभयो।

पर्साका प्रमुख जिल्ला अधिकारी केशवराज घिमिरेले भने तत्काल भवन हस्तान्तरणका लागि आफूले निर्देशन दिइसकेको बताउनुभएको छ। सरोकारवाला निकायहरूको उदासिनताका कारण यस्तो अवस्था देखिएको उहाँले बताउनुभयो। उक्त मानवअधिकारवादी समूहले पर्साका स्वास्थ्य संस्थाहरूमा औषधिको अभाव रहेको जानकारी दिँदै औषधि आपूर्तिको व्यवस्था मिलाउन र आगामी आर्थिक वर्षमा यो समस्या दोहोरिन नदिन जिल्ला जनस्वास्थ्य कार्यालय पर्साको पनि ध्यानाकर्षण गराएको छ।

जिल्ला जनस्वाथ्य कार्यालय पर्साका प्रमुख राजकिशोर पण्डितले स्वास्थ्य चौकी ठेकेदार कम्पनीहरूको लापरबाहीका कारण आफूहरूको स्वामित्वमा आउन नसकेको बताउनुभयो। उहाँले स्वास्थ्य संस्थामा औषधि अभाव हुन नदिन आफूले कर्मचारीलाई निर्देशन दिएको जिकिर गर्नुभयो। सरकारी निकायको ध्यानाकर्षण गराउने टोलीमा नेपाल पत्रकार महासंघ पर्साका पूर्वअध्यक्ष एवं इन्सेक प्रतिनिधि केसी लामिछाने, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष अनुप तिवारी, नेपाल मानवअधिकार संगठन पर्साका सचिव शिवनाथ यादवलगायत सहभागी थिए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५


# अदालतलाई अटेर गर्दै त्रिवि

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडामा विद्यार्थी भर्नाका विषयमा चुलिएको विवाद सर्वोच्च अदालतले किनारा लगाए पनि देशको जेठो अनि प्रतिष्ठित त्रिभुवन विश्वविद्यालयले हेटौंडामा वन संकाय स्नातक तह प्रथम वर्षको विद्यार्थी भर्ना जबर्जस्ती खोलेको छ।

वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसले डीनको कार्यालयबाट प्राप्त पत्र भन्दै शैक्षिक सत्र २०७३-२०७७ का लागि स्नातक तह प्रथम वर्ष अध्ययनार्थ आवेदन दिने योग्यताक्रममा परेका उत्तीर्ण उम्मेदवारलाई असार २५ गतेभित्र सबै प्रक्रिया पूरा गर्न सूचना टाँस गरेको छ। सूचनामा साउन १ गतेदेखि पठनपाठन शुरू हुने जानकारी दिइएको छ। निमित्त क्याम्पस प्रमुख विजयकुमार यादवले सूचना प्रकाशन गरेका हुन्।

त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीच लामो समयदेखिको विवाद सर्वोच्चले टुंग्याएको थियो। तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की र न्यायाधीश दीपकराज जोशीको संयुक्त इजलासले त्रिविलाई हेटौंडामा भर्ना लिने बाटो बन्द गरिदिएको थियो। कृषि वनका रजिस्ट्रार मनराज कोलाक्षपतिले त्रिविसँग यस विषयका कुरा भएको बताए। त्रिविले भर्नाको सूचना प्रकाशन गरेपछि आफूहरू कानुनी उपचारको बाटोमा रहेको उनले बताए। उपकुलपति आईपी ढकालले अदालतले रोकेको विषयमा त्रिविले भर्ना लिनु अदालतको मानहानि भएको दाबी गरे।

गत कात्तिक २४ गते सर्वोच्च अदालतले त्रिविअन्तर्गत डीनको कार्यालय पोखराबाट हेटौंडा क्याम्पसका लागि विद्यार्थी भर्ना गर्ने अवस्था नदेखिएको भन्दै अन्तरिम आदेश जारी गरेको थियो। त्यसपछि त्रिविले अन्तरिम आदेश बदर गर्न सर्वोच्चमै रिट दायर गरेको थियो। सर्वोच्चले माघ ९ गते कात्तिक २४ गतेको अन्तरिम आदेशलाई निरन्तरता दिएको थियो।

२०६७ मा कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भएदेखि दुई विश्वविद्यालयबीच विवाद हुँदै आएको थियो। चार वर्षअघि त्रिविले चितवनको रामपुरमा कृषि र भेटेरिनरी संकायमा भर्ना लिन छाडेको भए पनि हेटौंडामा भने दुवै विश्वविद्यालयले भर्ना लिँदै आएका छन्।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
मंगलबार
२०

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको झापा ३ नम्बर निर्वाचन क्षेत्रको कचनकवल गाउँपालिकामा राप्रपाले बहुमत ल्याई विजयी भएको छ।नेपालकै सबैभन्दा होचो स्थानका रुपमा परिचित कचनकवल गाउँपालिकामा राप्रपाले अध्यक्ष र उपाध्यक्षसहित तीन वडामा जित हात पारेको हो।

# नेपाल

# सोलुखुम्बुमा एमाले पहिलो

बुद्धवीर बाहिङ्ङ, सोलुखुम्बु

सोलुखुम्बुमा चार स्थानीय तहमा एमाले विजयी भएको छ। दूधकोसी, सोताङ र खुम्बुपासाङल्हामु गाउँपालिकामा नेकपा एमालेले अध्यक्ष र उपाध्यक्ष दुवै पदमा सानदान विजयी भएको हो। नेचासल्यान गाउँपालिकामा भने नेकपा एमालेले अध्यक्ष पदमा सानदार विजयी हासिल गरेको हो।

दूधकोसी गाउँपालिकामा अध्यक्षमा बुद्धिकिरण राईले २ हजार १ सय ९२ मत ल्याएर विजयी भएका हुन्। उनको निकटम प्रतिद्वन्द्वी नेपाली कांग्रेस भोजराज कार्कीले १ हजार ५ सय ९९ मत ल्याएका छन्। त्यस्तै उपाध्यक्षमा एमालेका जुनिता मगरले २ हजार २ सय ६२ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्रिता राईले १ हजार ६ सय ८ मत ल्याएका छन्।

सोताङ गाउँपालिकामा अध्यक्षमा वीरबहादुर राईले १ हजार ३ मत ल्याएर विजयी भएका हुन्। उनको निकटतम प्रतिद्वन्द्वी स्वतन्त्र उम्मेदवार दीपक खड्काले ८ सय ७१ मत ल्याएका छन्। त्यस्तै उपाध्यक्षमा एमालेकै लक्ष्मी बस्नेतले १ हजार ६ सय ७३ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका नन्दकुमारी राईले ८ सय ४६ मत ल्याएका छन्।

खुम्बुपासाङल्हामु गाउँपालिकामा अध्यक्षमा निमदोर्जी शेर्पाले १ हजार ४ सय २४ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका चुङबा शेर्पाले १ हजार ४ सय २ मत ल्याएका छन्। त्यस्तै उपाध्यक्षमा एमालेकै टासील्हामु शेर्पाले १ हजार ४ सय २१ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका नाङल्हामु शेर्पाले ८ सय ४६ मत ल्याएका छन्।



नेचासल्यान गाउँपालिकामा नेकपा एमालेका अध्यक्ष पदका उम्मेदवार डुफकुमार बास्तोलाले १ हजार ६ सय ९८ मत ल्याएर विजयी भएका छन्। त्यस्तै उपाध्यक्षमा भने नेपाली कांग्रेसका कुमारी शर्माले २ हजार २ मत ल्याएर विजयी भएकी हुन्। अध्यक्ष पदको उम्मेदवार बास्तोलाको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका धनजन राईले १ हजार ६ सय ५६ मत ल्याएका छन् भने उपाध्यक्षको निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका अमृताकुमारी राईले १ हजार ५ सय ८१ मत प्राप्त गरेका छन्।

सोलुखुम्बुको एक मात्र नगरपालिका सोलुदूधकुण्ड नगरपालिकामा नेपाली कांग्रेसका प्रमुख पदका उम्मेदवार नाम्गेलजाङ्बु शेर्पा विजयी भएका छन्। उपप्रमुखमा भने नेकपा एमालेका उम्मेदवार कल्पना राई विजयी भएका छन्। प्रमुख पदका विजयी शेर्पाले २ हजार ७ सय ५१ मत ल्याएर विजय हासिल गरेका हुन्। त्यस्तै उपप्रमुख पदका उम्मेदवार राईले २ हजार ७ सय ६० मत ल्याएर विजय भएका हुन्।

प्रमुख पदका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका झलक शेर्पाले २ हजार ६१ मत प्राप्त गरेका छन् भने उपप्रमुख पदका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका छिन्डील्हामु शेर्पाले २ हजार ७ सय १७ मत प्राप्त गरेका छन्।

लिखुपिके र महाकुलुङ गाउँपालिकामा माओवादी केन्द्र विजयी भएको छ। लिखुपिके गाउँपालिकामा माओवादी केन्द्रका अध्यक्ष डम्बरबहादुर वस्नेतले १ हजार १ सय ३६ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका रामबहादुर बस्नेतले ७ सय ६० मत ल्याएका छन्। त्यस्तै उपाध्यक्षमा माओवादी केन्द्रकै प्रमिला बस्नेतले १ हजार ४२ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका मीना बस्नेतले ८ सय २८ मत ल्याएका छन्।

महाकुलुङ गाउँपालिकामा माओवादी केन्द्रका अध्यक्ष पदका उम्मेदवार सागर किरातीले १ हजार ४ सय २ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भलाकाजी कुलुङले १ हजार ३ सय ८३ मत प्राप्त गरेका छन्। त्यस्तै उपाध्यक्षमा भने नेपाली कांग्रेसका विपन कुलुङ विजयी भएका छन्।

दूधकौशिका गाउँपालिकामा माओवादी केन्द्रका अध्यक्ष पदका उम्मेदवार असिम राईले २ हजार ५ सय १४ मत ल्याएर विजयी भएका छन्। उनको निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका हुतराज बस्नेतले २ हजार ३ सय ४ मत प्राप्त गरेका छन्। त्यस्तै उपाध्यक्ष पदका उम्मेदवार नेपाली कांग्रेसका सविता राई विजयी भएका छन्। राईले निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका मेनुका पुरी गिरीलाई पछि पार्दै विजयी भएका हुन्।

सोलुखुम्बुमा एक नगरपालिका र सात गाउँपालिका रहेको छ। गत बुधबार भएको स्थानीय तह दोस्रो चरणको निर्वाचनको मत परिणाम सोलुखुम्बुका सबै स्थानीय तहको नतिजा घोषणा भइसकेको छ।

## जिल्ला समन्वय समिति ९ सदस्यीय हुने

रसुवा, (नेस)

जिल्ला समन्वय समिति रसुवा ९ सदस्यीय वनाउन प्रस्ताव गरिएको छ। जिल्ला सभाका जेष्ठ सदस्य तथा कालिका गाउँपालिकाका उपप्रमुख भवानी प्रसाद न्यौपानेको अध्यक्षतामा आज वसेको वन्द सत्रले ९ सदस्यीय समिति वनाउने प्रस्ताव निर्वाचन आयोगमा पठाएको हो।

संविधानले बढीमा ९ जना सदस्य रहने जिल्ला समन्वय समितिको निर्वाचन गर्ने व्यवस्था गरेको छ। समितिमा सभापति, उपसभापति तीन जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यकबाट एक जना गरी न्युनतम ६ सदस्सीय र बढिमा नौ सदस्सीय समिति गठन हुनेछ।

सभाका जेष्ठ सदस्य न्यौपानेले जनताको अधिकार जनताकै हातमा आएको र अवका दिनमा जनप्रतिनिधि र कर्मचारी नङ र मासु जस्तै भएर अघि बढ्ने वताउनुभयो। समितिमा गाउँपालिका प्रमुख तथा उपप्रमुखले मतदान गर्नेछन्। पाँच वटा गाउँपालिका रहेको रसुवामा नेकपा एमालेको बहुमत छ। नेकपा एमालेको दुई जना प्रमुख र पाँच जना उपप्रमुख गरी सात जना रहेका छन्। नेपाली कांग्रेसको दुई जना प्रमुख र नयाँ शक्ति पार्टी नेपालको एक जना प्रमुख रहेका छन्।

## दशमुरे हरियाली वन उद्यान निर्माण

लमजुङ, (नेस)

लमजुङमा स्थानीय सुन्दरबजार नगरपालिका-५ स्थित चम्पानी ठाँडोखोरीया सामुदायिक वनमा हरियाली वन उद्यान निर्माण गरिएको छ। सामुदायिक वनमा निर्मित उद्यान ३ हेक्टर क्षेत्रफलमा फैलिएको छ।

उक्त उद्यान निर्माण कार्यमा सहयोगका लागि जिल्ला बन कार्यालयले ८ लाख रुपियाँ अनुदान उपलब्ध गराएको छ। यसै गरी, सुन्दरबजार नगरपालिकाद्वारा ५० हजार रुपियाँ र श्रमदान २ लाख ७१ हजार रुपियाँ बराबरको स्थानीय उपभोक्ताको श्रमदान गरी कुल ११ लाख २१ हजार रुपियाँ खर्च भएको इलाका वन कार्यालय सुन्दरबजारका सहायक वन अधिकृत बालकृष्ण खनालले बताउनुभएको छ। उहाँका अनुसार उद्यान निर्माणकार्य जिल्ला वन कार्यालय, सुन्दरबजार नगरपालिका र सामुदायिक वन उपभोक्ता समितिको संयुक्त लागत साझेदारी गरिएको हो।

सो वन उद्यान निर्माण गर्ने क्रममा एक पानी पोखरीको निर्माण, सय मिटर तारजालीको बार लगाउने, ट्रस्ट भवन र शौचालय निर्माणका गरिएको छ। यसै गरी ७० मिटर बाटोमा सिँढी लगाउने काम गरिएको खनालले बताउनुभयो।

यसैबीच, सोही उद्यानमा यो वर्ष चौथो राष्ट्रिय वन महोत्सवका सन्दर्भमा वृक्षरोपणसमेत गरिएको छ। वन महोत्सव कार्यक्रममा सुन्दरबजार नगरपालिकाका नगर प्रमुख जनकराज मिश्र, जिल्ला वन कार्यालयका प्रमुख दुर्गाबहादुर कार्की, सुन्दरबजार नगरपालिकाका कार्यकारी अधिकृत भोलानाथ गुरागाईं, सहायक वन अधिकृत बालकृष्ण खनाल, सोही वडाका अध्यक्ष ललित गुरुङ, सबइन्जिनियर नारायण जोशीसहित सर्वसाधारणको सहभागिता थियो।

सो अवसरमा जिल्ला वन अधिकृत दुर्गाबहादुर कार्कीले नेपालको ३९.६ प्रतिशत क्षेत्रफल वनले ढाकेको बताउँदै वनलाई बहुआयमिक रूपमा बुझ्नुपर्ने बताउनुभयो। उहाँले वन अतिक्रमण र विनास गर्नेहरूमाथि कानुनी कारबाही गरिने जानकारी दिनुभयो।

उक्त अवसरमा कल्की, असारे, सयपत्री, लालुपातेसहितका विभिन्न प्रजातिका फूलहरू, रुद्राक्ष, अशोक, बाँस, अम्रिसोका बिरुवा रोपिएको जिल्ला वन कार्यालयका सहायक वन अधिकृत काशीराज पण्डितले बताउनुभयो। उहाँका अनुसार सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष गोपाल केसीको अध्यक्षतामा वन महोत्सवको कार्यक्रम गरिएको हो। नेपाल सरकारले २०७१ देखि २०८० सम्मलाई वन दशक वर्ष कार्यक्रम घोषणा गरेपछि हरेक वर्ष असार १५ गतेका दिन वन महोत्सव मनाउन थालिएको छ र यो चौथो वर्ष हो।

## सिटौलाको क्षेत्रमा राप्रपाको जित

नेपाल समाचारपत्र

भद्रपुर

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको झापा ३ नम्बर निर्वाचन क्षेत्रको कचनकवल गाउँपालिकामा राप्रपाले बहुमत ल्याई विजयी भएको छ।नेपालकै सबैभन्दा होचो स्थानका रूपमा परिचित कचनकवल गाउँपालिकामा राप्रपाले अध्यक्ष र उपाध्यक्षसहित तीन वडामा जित हात पारेको हो।

राप्रपाका अध्यक्ष पदका उम्मेदवार अन्जार आलमले ५ हजार ८ सय १४ मत ल्याई विजयी भएका छन्। आलमका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका अध्यक्षका उम्मेदवार कालेन्द्र राजवंशीले ५ हजार ३ सय ५३ मत ल्याएका थिए। एमालेका शेरबहादुर खत्रीले भने ३ हजार ९ सय ७२ मत ल्याएका छन्। त्यस्तै राप्रपाका उपाध्यक्षका उम्मेदवार निनासरी राजवंशीले ५ हजार ७ सय ७४ मत ल्याई विजयी भएकी छन्। राजवंशीका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका गीता ओडारी खरेलले ५ हजार ७३ मत प्राप्त गरेकी थिइन्।

यता कचनकवल वडा १, ३ र ५ को वडाध्यक्षमा राप्रपाले विजयी हासिल गरेको छ। राप्रपाका तर्फबाट वडा १ मा वडाध्यक्षमा लक्ष्मीनारायण यादव ८ सय ६०, वडा ३ मा विजयकुमार राजवंशी ८ सय ७७ र वडा ५ मा महेशलाल गणेशले ८ सय ३७ मत प्राप्त गरी विजयी भएका छन्। त्यसै गरी वडा २ र ६ मा एमालेले वडाध्यक्षमा विजयी भएका छन्। एमालेका तर्फबाट वडा २ को वडाध्यक्षमा मेखराज भट्टराई ६ सय ७९ र वडा ६ मा कुलबहादुर कार्की ९ सय ५९ मत ल्याई विजयी भएका छन्।

नेपाली कांग्रेसले ४ र ७ वडामा जित हात पारेको छ। वडा ४ को वडाध्यक्षमा प्रमाणनन्दसिंह राजवंशी ८ सय ७७ र वडा ७ माभरत राजवंशी ६ सय ९५ मत ल्याई विजयी भएका छन्। आदिवासी र मुस्लिम सुमदायको बहुल्यता रहेको कचनकवलमा साविक गाविसहरू बनियानी, पाठामारी, पथरिया, केचना, बालुवाडी, घेराबारी समावेश भएर ७ वडा बनाइएको छ। यही क्षेत्रबाट कृष्णप्रसाद सिटौलले २०७० सालको सविधानसभाको निर्वाचनमा जित हासिल गरेका थिए।

## एमाले पहिलो, दोस्रो कांग्रेस

नेपाल समाचारपत्र

गुल्मी

असार १४ स्थानीय तह निर्वाचनको गुल्मीमा मतगणना सम्पन्न भएको छ। जिल्लामा रहेका १२ वटा स्थानीय तहको नतिजा सार्वजनिक भएको छ। सम्पन्न भएका जिल्लाको नतिजा हेर्दा नेकपा एमाले गुल्मी ७ वटा स्थानीय तहमा प्रमुख उपप्रमुखसहित र ३ स्थानीय तहको उपप्रमुखमा विजयी हुँदै पहिलो भएको छ।

कांग्रेसले १ स्थानीय तहमा उपप्रमुख र उपप्रमुख ३ स्थानीय तहको प्रमुख विजयी हुँदै ४ स्थानीय तहमा जित्दै दोस्रो भएको छ। माओवादी केन्द्रले १ स्थानीय तहको प्रमुखमा मात्र विजयी भएको छ भने उपप्रमुखमा कांग्रेसले विजयी हुँदै माओवादी केन्द्र तेस्रो भएको छ। एमालेले जिल्लामा रहेका २ वटै नगरपालिका विजयी भएको छ।

रेसुंगा नगरपालिका उपप्रमुखमा डिल्लीराज भुसाल, उपप्रमुखमा सीता भण्डारी र मुसिकोट नगरपालिकामा प्रमुखमा एमालेका सोमनाथ सापकोटा र उपप्रमुखमा कमला शर्मा निर्वाचित भएकी छन्। गाउँपालिकातर्फ रुरु गाउँपालिका प्रमुखमा एमालेका नीलकण्ठ गौतम उपप्रमुखमा एमालेकै लक्ष्मी पन्त निर्वाचित भएकी छन्। छत्रकोट गाउँपालिकाको दुवै पदमा एमालेका मधुकृष्ण पन्त, नर्मदा भण्डारी निर्वाचित भएका छन्।

इस्मा गाउँपालिका प्रमुख र उपप्रमुखमा एमालेका लक्ष्मण विष्ट र विमला खत्री निर्वाचित भएकी छन्। मालिका गाउँपालिकाको प्रमुख र उपप्रमुखमा एमालेका रितबहादुर थापा र देवा अर्याल निर्वाचित भएकी छन्। मदाने गाउँपालिकाको प्रमुख र उपप्रमुखमा एमालेका दानबहादुर केसी र सरिता खड्का निर्वाचित भएका छन्।

निर्वाचित तहअनुसार एमालेको पक्षमा ७ तह रहेका छन्। कांग्रेस गुल्मी दरबार गाउँपालिकाको प्रमुख र उपप्रमुख निर्वाचित भएको छ। प्रमुख र उपप्रमुखमा अशोक थापा र मीना भण्डारी निर्वाचित भएका छन्। चन्द्रकोट गाउँपालिकामा कांग्रेस प्रमुख र एमाले उपप्रमुखमा निर्वाचित भएको छ। प्रमुखमा दोर्ण खत्री र उपप्रमुखमा भगवती अर्याल निर्वाचित भएकी छन्।

सत्यवती गाउँपालिकामा माओवादी कांग्रेस गठबन्धनको प्रमुख र उपप्रमुख एमालेकी उम्मेदवार निर्वाचित भएकी छन्। प्रमुखमा कांग्रेसका पारिश्वर ढकाल, उपप्रमुखमा एमालेकी सुवर्ण शाही निर्वाचित भएकी छन्। कालिगण्डकी गाउँपालिकामा कांग्रेस प्रमुख र उपप्रमुखमा एमाले विजयी भएको छ। प्रमुखमा कांग्रेसका वेद थापा मगर, उपप्रमुख एमालेकी तारा थापा निर्वाचित भएकी छन्। माओवादी केन्द्रले भने १ स्थानीय तहमा मात्र निर्वाचित भएको छ।

जिल्लाको धुर्कोट गाउँपालिकामा माओवादी केन्द्र र कांग्रेस गठबन्धन गरेर माओवादीका भूपाल पोखरेल निर्वाचित भएका छन् भने उपप्रमुखमा कांग्रेसका शिवबहादुर खत्री निर्वाचित भएका छन्। जिल्लामा बाहिर आएको नजिताअनुसार गुल्मीमा एमाले बलियो शक्ति बनेको छ भने कांग्रेस र माओवादी कमजोर देखिएका छन्।

एमालेले गुमाएका स्थानीय तहमा अधिकांशमा झिनो मतान्तरले पराजित भएको छ भने धेरै स्थान कांग्रेस माओवादी तामेलमेल भएका स्थान गुमाएको छ। गुल्मीमा २०७० सालमा सम्पन्न निर्वाचनमा ३ सिटमध्ये २ सिट कांग्रेस र १ सिट एमालेले जितेको क्षेत्र हो। समानुपातिकतर्फको कुल मतदाताको संख्यामा भने एमालेको मत थियो।

एमालेलाई पछार्न तालमेल असफल

गुल्मीमा सम्पन्न स्थानीय निर्वाचनको परिणामाअनुसार दलहरूले आँकलन गरेकोभन्दा फरक परिणाम हात परेको छ। वर्षौंदेखि कांग्रेसले गड भन्दै आएका ठाउँमा एमालले जित हात पारेको छ भने केही एमालेका गड भनिने ठाउँलाई कांग्रेस माओवादीले भत्काउने प्रयास गरेका छन्।

एमालेको बलियो ठाउँ मानिने धुर्कोट गाउँपालिकामा कांग्रेस माओवादीले भत्काउन सफल भएका छन् भने अन्य गाउँपालिकामा भएको तालमेलमा भने सोचेअनुरूप नतिजा हात पार्न सकेनन्। माओवादी कांग्रेसले एमालेको रुरु गाउँपालिकालाई भत्काउन गठबन्धन भए पनि त्यहाँ मत बढाउन मात्र सफल भए भने नतिजा ल्याउन सकेनन्।

कांग्रेस माओवादीले तालमेल भएका सत्यवती, कालिगण्डकीमा एमालेलाई केहि रूपमा साइजमा ल्याउने काम गरेका छन् भने छत्रकोट गाउँपालिकामा भने कांग्रेस माओवादी गठबन्धन पूरै असफल भएको छ। कांग्रेस नेता चन्द्र भण्डारीको गाउँपालिकामा तालमेलले पनि एमालेलाई पराजित गराउन सकेनन्।

## महिला जनप्रतिनिधिलाई सम्मान

लमजुङ, (नेस)

लमजुङमा अखिल नेपाल महिला संघ जिल्ला समितिले संघमा आबद्ध निर्वाचित महिला जनप्रतिनिधिलाई सम्मान गरेको छ। अनेमसंघका १/१ जनाले क्रमश: उपप्रमुख र उपाध्यक्ष तथा ३ जनाले वडाध्यक्ष पदमा जित्न सफल हुनुभएका उहाँहरूलाई असार १५ गते सम्मान गरेको हो।

अनेमसंघले मदनआश्रित भवनमा आयोजना गरेको कार्यक्रममा निर्वाचित महिला जनप्रतिनिधिलाई कार्यक्रमका प्रमुख अतिथि सांसद टुका हमाल, नेकपा एमाले जिल्ला अध्यक्ष धनञ्जय दवाडी, सचिव एवं मोर्चा विभाग प्रमुख कृष्णप्रसाद अधिकारी र अनेमसंघका जिल्ला अध्यक्ष याशोदा रिमालले संयुक्त रूपमा सम्मान गर्नुभएको थियो।

स्थानीय तहका निर्वाचनमा एमालेका तर्फबाट उम्मेदवार हुनुभएका दुई जना महिला उपप्रमुख र ३ जना महिला वडा अध्यक्षमा निर्वाचित भएका छन्। अनेमसंघका निवर्तमान जिल्ला अध्यक्ष लक्ष्मी अधिकारी बेंसीशहर नगरपलिकाको उपप्रमुखमा तथा कुमारीमुनी गुरुङ क्व्होंलासोँथर गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित हुनुभएको छ। त्यसै गरी बेंसीशहर नागरपालिका-८ को वडा अध्यक्षमा पवित्रा थापा मगर, मर्स्याङ्दी गाउँपालिका-८ को वडा अध्यक्षमा हीरादेवी घले र क्व्होंलासोँथार गाउँपालिका-७ को वडा अध्यक्षमा डिलकुमारी गुरुङ निर्वाचित हुनुभएको अनेमसंघले जनाएको छ।

## जिल्लाका ३ हजार १ सय १९ बालबालिका जोखिममा

नेपाल समाचारपत्र

काभ्रे

२०७२ सालको भूकम्पपश्चात कुनै न कुनै बहानामा बालबालिका असुरक्षित भएको तथ्यांक सार्वजनिक भएको छ। केन्द्रीय बालकल्याण समितिको सहयोग र युनिसेफको सहकार्यमा सञ्चालन गरेको आपत्कालीन बाल संरक्षण परियोजनाको वार्षिक समीक्षा आयोजना गर्दै जिल्लामा रहेका एक्ला, परिवारबाट अलगिएका र जोखिममा परेमा बालबालिकाको तथ्यांक सार्वजनिक गरेको हो।

तथ्यांकअनुसार ३ हजार १ सय १९ जना बालबालिका विभिन्न कारणले जोखिममा भएको र तत्काल सहयोगको आवश्यकता रहेको तथ्यांकले देखाएको छ। समितिले संकलन गरेको तथ्यांक सरकारी तथा गैरसरकारी क्षेत्रमै जिल्लाको सबैभन्दा ठूलो डाटाबेस रहेको दाबी गर्दै बालबालिकाको क्षेत्रमा क्रियाशील सबैले प्रयोग गर्न सक्ने जानकारी सूचना व्यवस्थापन अधिकृत सरोज नेपालले गराए। जिल्लामा विभिन्न कारणबाट अभिभावकविहीन बनेका बालबालिका भूकम्प गएको दुई वर्ष बितिसक्दा पनि अझै संकटमा रहेको सर्वेक्षणले देखाएको छ।

बालकल्याण समितिले गत आर्थिक वर्षमा घटना व्यवस्थापन र मानवीय संरक्षण सहयोग गरी जिल्लाका २ सय २२ जना जोखिममा परेका बालबालिकालाई आर्थिक, शैक्षिक तथा स्वास्थ्य उपचार सहयोग प्रदान गरेको छ। उक्त कार्यक्रममा जोखिममा परेका बालबालिकालाई तत्कालै संरक्षण गर्न र राहतका कार्यक्रमहरू ल्याउन सरोकारवाला निकायहरूको ध्यानाकर्षण गरिएको थियो।

विशेष गरी बाबु वा आमामध्ये एकले वा दुवैले दोस्रो विवाह गरी जाँदा बालबालिका संरक्षणविहीन भएको, त्यस्ता अभिभावकबाट जन्मेका सन्तानको जन्मदर्तासमेत नभएको, बढ्दो सूचना प्रविधिको दुरुपयोगका कारण बालविवाह र मोबाइल विवाह, जोखिममा परेकामध्ये १ सय २६ प्रतिशत अपांगता भएका र होटेल, यातायात र निर्माणजन्य क्रियाकलापमा समेत बालबालिकाको प्रयोग भइरहेको नेपालले बताए।

यसको अलावा यौन दुर्व्यवहार र बलात्कारजन्य क्रियाकलापले समेत बालबालिका प्रताडित भइरहेको प्रशस्त उदाहरणहरू जिल्लाका देखिएका छन्। जोखिममा परेका बालबालिकाको खोजी, पहिचान र सहयोग गर्ने कार्यलाई निरन्तरता दिँदै बालबालिकाको समस्या समाधानको निमित्त घटना व्यवस्थापन प्रक्रियालाई अगाडि बढाउन आग्रह गरेको अध्यक्ष रामकुमार मुल्मीले बताए।

महिला तथा बालबालिका कार्यालयकी कार्यालय प्रमुख पूर्णकुमारी श्रेष्ठले बालबालिकालाई विविध कारणले जोखिमतर्फ धकेलिरहेको र बालगृहमा राख्ने प्रवृत्ति बढ्दो रहेकोमा बालबालिका सिफारिसलाई थप कडाइ गरिएको जानकारी दिइन्। जिल्लामा आमाबुबा दुवै गुमाएका १ सय २३, आमा मात्रै गुमाएका ५ सय ४८ र बुबा गुमाएका १ हजार १८ जना बालबालिका रहेका छन् भने परिवारबाट अलगिएर बसेका ५ सय ३५ जना बालबालिका रहेका छन्।

सरकारले बालबालिकालाई बालगृहमाभन्दा सकेसम्म परिवार र आफन्तकै संरक्षणमा पुन:स्थापना गर्न खोजे पनि त्यस्तो वातावरण नहुने र भएको अवस्थामा पनि बालबालिका दुर्व्यवहारको जोखिममा रहेको तथ्यांक सार्वजनिक गरिएको छ। अभिभावकहरूले गरिदिने बालविवाहको रूप परिवर्तन भई हाल बाल प्रेम विवाहको समस्या जटिल बन्दै गइरहेको अवस्था रहेको छ। विशेष गरी मोबाइलको दुरुपयोग, परिवारको उचित रेखदेखको कमी, बेवास्ता र हेलचेक्र्याइँका साथै घरपरिवारभन्दा बाहिरी मानिसहरूको आवतजावतमा उल्लेखनीय वृद्धिलगायतका कारण बाल प्रेम विवाहलाई थप प्रोत्साहन प्रदान गरिरहेको पाइएको छ।

# विश्व

## दुर्घटना

दक्षिणी जर्मनीको राजमार्गमा भएको बस दुर्घटनाको अनुसन्धान गर्दै सुरक्षाकर्मी। यस घटनमा हराइरहेका १८ जना मरेको आशंका गरिएको छ।



## रद्द

यस वर्ष कार्यक्रमस्थलमा एक बलात्कार र अन्य थुप्रै यौन दुर्व्यवहार भएको जानकारीमा आएकाले स्विडेनमा सन् २०१८ मा त्यहाँको सबैभन्दा ठूलो संगीन महोत्सव रद्द हुने भएको छ।



## विश्व २ मिनेट

### चीन

#### चीनको आपत्ति

बेइजिङ, (एजेन्सी)

चीनले सोमबार दक्षिण चीन सागरको एउटा विवादास्पद टापुनजिक उपस्थित अमेरिकी लडाकू युद्धपोतलाई गम्भीर राजनीतिक र सैनिक चुनौतीको संज्ञा दिएको छ। चीन र अन्न विभिन्न राष्ट्रहरूबाट स्वामित्व दाबी गरिँदै गरेको पारासेल टापुहरूको प्रायद्विपको रूपमा रहेको ट्रिटन टापुनजिक अहिले दि यूएसएस स्टेथेम तैनाथ गरिएको छ। यसको जावाफ स्वरूप चीनले पनि सो टापुमा युद्धपोतहरू तथा लडाकू जेट विमानहरू तैनाथ गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना चिनियाँ समकक्षी सी जिन पिङसँग टेलिफोन वार्ता गर्नु केही घण्टाअघि चीनले यस्तो प्रतिक्रिया जनाएको हो।

### भारत

#### पाँचौं एसिड हमला

लखनउ, (एजेन्सी)

भारतको उत्तर प्रदेश राज्यमा एक सामूहिक बलात्कार र ४ पटक एसिड हमला भोगिसकेकी एक महिलालाई पुनः एसिड छ्यापिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार नाम नखुलाइएकी ती ३५ वर्षीया महिलालाई लखनउको महिला छात्राबासबाहिर ह्यान्ड पम्पबाट पानी तानिरहेका बेला एसिड आक्रमण गरिएको हो। यसअघिका आक्रमणका कारण ती महिलाका लागि २४सै घन्टा प्रहरी सुरक्षा सेवा प्रदान गरिएको थियो। सम्पत्तिसम्बन्धी विवादको कारण उनीमाथि आक्रमण भएको बताइएको छ। सन् २००८ मा उनीमाथि दुई जना पुरुषले बलात्कार गरेका थिए।

### भारत

#### थप सैनिक तैनाथ

नयाँदिल्ली, (एजेन्सी)

भारतले सिक्किमनजिकको इलाकाम आफ्नो स्थिति मजबुत बनाउन थप सैनिकलाई गैरयुद्धको स्थितिमा तैनाथ गरेको सञ्चारमाध्यमहरूले जनाएका छन्। सिक्किममा चीनसँगको केही सीमा क्षेत्रमा करिब १ महिनादेखि भारतीय सैनिक र चिनियाँ सैनिकबीच गतिरोधको स्थिति रहेको छ। ती दुई देशबीच सन् १९६२ पछिको यो सबैभन्दा लामो यस प्रकारको गतिरोध हो। भारतले यदि गतिरोध अन्त्य गर्न चाहन्छ भने डोका लाबाट आफ्नो सैनिक हटाउनुपर्ने चीनले बताएको छ। केही दिनअगाडि चीनको पिपुल्स लिबरेसन आर्मीका जवानहरूले भारतको दुई वटा बङ्कर नष्ट गरेपछि भारतले थप सैनिक तैनाथ गरेको जनाइएको छ।

### फ्रान्स

#### मस्जिदमा गोली प्रहार

पेरिस, (एजेन्सी)

फ्रान्सको एभिग्नेनस्थित एउटा मस्जिदबाहिर दुई नकाबधारीले गरेको गोली प्रहारमा ८ जना घाइते भएका छन्। घाइते हुनेमा एक ६ महिनाको बच्चा पनि परेको जनाइएको छ। उक्त गोली प्रहार आइतबार राति भएको थियो। गाडीमा आएका दुई नकाबधारीले मस्जिदबाहिर बसिरहेकामाथि जथाभावी गोली प्रहार गरेको सञ्चारमाध्यमले जनाएको छ। यद्यपि यो आतंकवादी हमला हो वा अन्य उद्देश्यले भएको हो भन्ने विषयमा प्रस्ट भइसकको छैन। घाइतेहरूलाई अस्पतालमा उपचारका लागि भर्ना गरिएको घटनास्थल पुगेका प्रहरीले बताएका छन्।

# साउदी अरेबियाद्वारा कतारलाई अल्टिमेटम



रियाद, (एजेन्सी)

साउदी अरेबिया र अन्य तीन वटा अरब मुलुकले सोमबार तोकिएका केही मागहरू ४८ घण्टाभित्र पालना गर्न वा थप नाकाबन्दी सामना गर्न तयार रहन चेतावनी दिएका छन्। यसअघि अल जाजिरा न्युज नेटवर्क बन्द गर्नेलगायतका १३ वटा मागसहितको कतारलाई दिइएको अल्टिमेटमको समयसीमा आइतबार सकिएको थियो।

आफूले आतंकवादमा आर्थिक लगानी र सहयोग गरिनरहेको बताउँदै आएको खाडी मुलुक कतारले आफूले सोमबारसम्ममा यससम्बन्धी औपचारिक प्रतिक्रिया दिने जनाएको थियो। तर, कतारले यी माग अन्तर्राष्ट्रिय मान्यता र कानुनविपरीत भएको जनाएको छ।

कतारका अमिरले दिएको पत्र लिएर कतारका विदेशमन्त्री शेख मोहम्मद विन अब्दुलरहमान विन जास्सिम अल-थानीको सोमबार कुवेत पुग्ने कार्यक्रम रहेको थियो। कुवेतले खाडी समस्या समाधानका लागि प्रमुख मध्यस्थताको भूमिका निभाइरहेका छन्।

शनिबार विदेशमन्त्री शेखले कतारले ती मागहरू अस्वीकार गरेको र बरु उचित परिस्थितिभित्र हेरर वार्ता थालनी गर्न तयार रहेको बताएका थिए। हप्तौंदेखि साउदी अरेबिया र त्यसका गठबन्धन मुलुकहरू इजिप्ट, संयुक्त अरब इमिरेट्स र बहराइनले अप्रत्यासित ढंगले कतारसँगको कूटनीतिक सम्बन्ध त्यागेका छन्। उक्त मागमा कतारलाई इजिप्टको प्रतिबन्धित इस्लामिक मुस्लिम ब्रदरहुद पार्टीसँगको सम्पूर्ण सम्बन्ध त्याग्नुपर्ने पनि उल्लेख गरिएको छ।

# ट्रम्पको मिडियाफोबिया

## ट्रम्पद्वारा रेसलिङमा सीएनएनलाई पछार्दै गरेको भिडियो पोस्ट

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समाचार च्यानल सीएनएनसँगको आफ्नो विवादलाई नाटकीय बनाउँदै ट्विटमा एक भिडियो शेयर गरेका छन्। भिडियोमा रेसलिङका क्रममा सीएनएनको मुखौटा लगाएका एक व्यक्तिलाई पिट्दै गरेको देखाइएको छ। ट्रम्पले ती व्यक्तिलाई पिट्दै मञ्चबाटै खसाले। यो पुरानो भिडियोलाई बिगारेर इफेक्ट्सको प्रयोग गरी बनाइएको हो।

ट्रम्पले सामाजिक सञ्जालमा २८ सेकेण्डको उक्त भिडियो पोस्ट गरेको न्युयोर्क टाइम्सले जनाएको छ। रेसलिङ इभेन्टमा सहभागी भएका ट्रम्पले सीएनएनलाई पिट्दै भुईंमा पछारेको भिडियोमा देखाइएको छ। सीएनएनको लोगोलाई एफएनएन अर्थात् फेक न्युज नेटवर्कका रूपमा देखाइएको छ।

गत शनिबार वासिङ्गटनमा ट्रम्पले सीएनएनलाई काम नलाग्ने पत्रकारिताको संज्ञा दिएका थिए। उनले फेक मिडियाले आफूलाई ह्वाइट हाउस जानबाट रोकेको बताए। 'तर म राष्ट्रपति हुँ, उ होइन' -उनले भने। ट्रम्पको उक्त भिडियोलाई लिएर धेरैले आलोचना गरेका छन्। पत्रकारले यसरी सञ्चारमाध्यमको प्रयोग गर्नुले मान्छेमा आक्रोश बढ्न सक्ने र उनीहरूमाथि आक्रमण हुनसक्ने बताए।

एवाइटीका कार्यकारी सम्पादक डिन बेकले भने- 'राष्ट्रपति जो-कोही पत्रकारविरुद्ध बयानबाजी गरिरहेका छन्। यसले सञ्चारमाध्यमविरुद्ध आक्रोश फैलिन सक्छ।'

यद्यपि ट्रम्प प्रशासनले भिडियो पोस्टको बचाउ गरेको छ। ट्रम्पको गृह सुरक्षा सल्लाहकार थोमस बोसर्टले भने- 'यसले कसैलाई कुनै खतरा छैन। ट्रम्प एक सही राष्ट्रपति हुन् र उनले आफूलाई सही ढंगले प्रस्तुत गरेका छन्।'

ट्रम्पले आफ्नो ट्विटमा सञ्चारमाध्यमलाई गाली गर्दै लेखेका छन्- 'द फेक न्युज मिडिया (न्युयोर्क टाइम्स, एनबीसी, एबीसी, सीबीएस र सीएनएन) मेरो मात्र होइन, अमेरिकी जनताकै शत्रु हुन्।'

यसअघि ट्रम्पको एउटा ट्विटमा न्युयोर्क, टाइम्स, सीएनएन, एबीसी र अन्य थुप्रै सञ्चारमाध्यमको नाम उल्लेख गर्दै अन्त्यमा 'सिक' लेखेका थिए।

ट्रम्पले ह्वाइट हाउसमा एक पत्रकार सम्मेलन बोलाएको र त्यहाँ पनि उनले सञ्चारमाध्यमलाई घोचपेच गरेका थिए। उनले भने- 'सञ्चारमाध्यमहरू हाम्रो प्रशासनमाथि हमला गर्ने प्रयास गरिरहेका छन्। किनभने उनीहरूलाई थाहा छ, हामीले जे शपथ लिएका थियौं, हामी त्यसैलाई पछ्याइरहेका छौं र उनीहरू कुनै पनि हातलमा यसमा खुसी छैनन्।'

आफूले टिभी खोल्दा वा अखबार पढ्दा सँधै गलत खबरहरू मात्र देख्ने गरेको र स्थिति भने त्यसको ठीक उल्टो हुने गरेको उनले बताए। आफ्नो प्रशासन अत्यन्त सशक्त ढंगले चल्ने मेसिनले जस्तै काम गरिरहेको तर अहिलेसम्म आफ्नो क्याबिनेटले अनुमोदन नपाएको उनले गुनासो गरेका थिए। आफूसँग राम्रो मान्छे भएको, उनीहरू अत्यन्त मेहनती भएको तर उनीहरुलाई गलत तरिकाले पेस गरिरहेको ट्रम्पले आरोप लगाएका थिए।




# चोरले औंला छिनायो

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको सिड्नीमा आयोजित एक विवाह भोजको दौरान एक जना पाहुनाको औंला टोकेर छिनाल्ने व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको सरकारी अधिकारीहरूले आइतबार जनाएका छन्।

ती ४२ वर्षीय आक्रमणकारीले शनिबार राति एउटा पवमा भइरहेको अर्कोको पार्टीमा छिरेर ह्यान्डब्यागहरू चोर्ने प्रयास गरेको पार्टी आयोजक पक्षले बताएको छ। उनलाई त्यहाँ उपस्थित अन्य पाहुनाले रोक्न खोज्दा उनले एक ४७ वर्षीय पुरुषको औंला टोकेको प्रहरीले जनाएको छ।




स्थानीय सञ्चारमाध्यमले पीडितको औंला जोगाउन नसकिएको जनाएको छ। पवका मालिक फ्रेड होलोभिन्स्कीले घटनाका बेला अनुभवी कर्मचारी र एक जना सेक्युरिटी गार्ड त्यहाँ उपस्थित रहेको तर अचानक भएको घटनालाई रोक्न नसकिएको बताएका छन्। घाइतेको स्थानीय अस्पतालमा उपचार गरिएको बताइएको छ।

# अनुहार बदलेर ३० वर्ष प्रहरीको आँखा छल्ने पक्राउ

ब्रासिलिया, (एजेन्सी)



ब्राजिलियन प्रहरीले अनुहारको प्लास्टिक सर्जरी गराई रूप फेरेर ३० वर्षसम्म गिरफ्तारीबाट बच्दै आएका कुख्यात लागूऔषध तस्कर लुइज कार्लोस डा रोचा नामक व्यक्तिलाई पक्राउ गरेको छ। 'ह्वाइट हेड' को उपनाम धारण गरेका उनी दक्षिण अमेरिकाको विशाल कोकिन साम्राज्यका वादशाह मानिन्छन्। संघीय प्रहरीले उनलाई अहिलेसम्म सुनाइएको कुल कारबास सजाय ५० वर्षभन्दा बढी रहेको बताइएको छ।

प्रहरीले उनलाई लामो समयदेखि लुकीछिपी बस्दै आएको तथा छायाँमा परेको अपराधिको संज्ञा दिएका छन्। रोचालाई शनिबार पश्चिमी राज्य माटो ग्रोस्सोको सोर्रिसोमा गिरफ्तार गरिएको प्रहरीले एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ। उनी त्यस शहरमा भिटोर लुइज डि मोरेस नाम लिएर बसोबास गर्दै आएका थिए।

एजेन्टहरूले उनका पुराना तस्वीरहरूलाई उनको नयाँ स्वरूपसँग दाँजेर गहिरो अध्ययन गरेपछि लुइज कार्लोस डा रोचा र भिटोर लुइज एउटै व्यक्ति भएको निर्णय गरेका थिए। ब्राजिलियन प्रहरीले उनको अवैध संस्था अत्याधुनिक र शक्तिशाली हातहतियार र सशस्त्र कारहरू प्रयोग गर्ने निकै हिंसात्मक खालको भएको दाबी गरेको छ।

यसले बोलिभिया, पेरू र कोलम्बियामा कोकिन उत्पादन गरी त्यसलाई निकै सुनियोजित र संगठित ढंगले युरोप र संयुक्त राज्य अमेरिकामा सिपिंग गर्दै आइरहेको छ। लुइज कार्लोस ब्राजिलकै साओ पाउलो र रियो डि जेनेरोका डरलाग्दा अपराधिक संघ-संस्थाहरूलाई पनि कोकिन आपूर्ति गर्ने प्रमुख व्यक्तिकोरूपमा लिइने गरेको छ।

प्रहरीको अनुमानअनुसार हरेक महिना उनको समूहले करिब ५ टन कोकिन उत्पादन गर्दै आएको छ। 'अपरेसन स्पक्ट्रम' नाम दिइएको प्रहरीको यस अभियानले फार्म, अन्य रियल स्टेट, भव्य सवारीसाधन र विमानसमेत गरी करिब १ करोड अमेरिकी डलर बराबरको अपराधिक सम्पत्ति पनि जफत गरेको छ। सरकारी अधिकारीहरूले रोचाको कुल सम्पत्ति झन्डै १० करोड अमेरिकी डलर रहेको बताएका छन्।

तिनीहरूले दोस्रो चरणको अपरेसनमा उनको बाँकी सम्पत्ति जफत गर्ने योजना रहेको बताइएका छन्। प्रहरीले उनको समूहले उत्पादन गरिएको कोकिन स-साना विमानहरूमा राखेर भेनेजुयलाका विमानस्थलमार्फत् पश्चिमी ब्राजिलका विकट फार्महरूमा पुर्‍याउने गरेको जनाएको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय, चितवन

बोलपत्र स्वीकृतको आशयको सूचना

यस कार्यालयबाट मिति २०७३/१२/१८ गते प्रथम पटक प्रकाशित र दोस्रो पटक मिति २०७४/०१/२४ गतेको बोलपत्र आव्हान सम्बन्धि नेपाल समाचारपत्रमा प्रकाशित सूचना अनुसार पर्न आएका योजनाको बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार स्वीकृत गर्ने आसयको सात दिने सूचना प्रकासित गरिएको व्यहोरा सम्वन्धित सबैमा जानकारीको निमित्त अनुरोध छ ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | फर्म वा कम्पनीको नाम | योजनाको नाम | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | DUDBC/Chitwan/NCB/Works/07-073/74 | चिता एण्ड सल्लेरी एसोसिएट्स प्रा.ली भ.न.पा. ११, चितवन | भरतपुर नगरपालीकामा ढल तथा प्रसोधन केन्द्र संचालनमा ल्याउन आवश्यक थप पूर्वाधारहरु निर्माण गर्ने | रु.३३,३७,०५५।२८ |

डिभिजन प्रमुख

२०७४, असार
मंगलबार
२०

गृहमन्त्री शर्माले भन्नुभयो- 'कर्मचारीका लागि मन्त्री कुनै विशेष चिज होइन, तपाईंहरूको साथी हुँ, साथीको रुपमा व्यवहार गर्न चाहन्छु।'

# गलत गर्नेहरू तयार भएर बस्नुहोला : गृहमन्त्री

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री जनार्दन शर्माले अध्यागमन विभागमा गलत काम हुने गरेको सूचना आफूकहाँ आइपुगेको भन्दै योजनाबद्ध रुपमा गलत काम भएमा कडा कारबाही गर्ने चेतावनी दिनुभएको छ। सोमबार अध्यागमन विभागको 'नेपाल इमिग्रेसन' नामक मोबाइल एप सार्वजनिक गर्दै मन्त्री शर्माले भन्नुभयो- 'म कहाँ आइपुगेको सूचना गलत पनि हुनसक्छ सही सूचना हुन भने गलत गर्नेहरू तयारी भएर बस्नुहोला।'



अध्यागमनमा हुने गरेको गलत कामको सूचना सही हो या हैन भन्नेबारे आफूले बुझिरहेको जानकारी दिँदै उहाँले भन्नुभयो- 'काम गर्दागर्दै भुल गरेको हो भने त्यो दोस्रो कुरा हो तर यहाँ दैनिक गलत क्रियाकलाप हुने गरेको कारण राष्ट्रको बदनाम भएको र सेवामा ठूलो संकट आएको मैले बुझेको छु।'

'म एउटा कुरा तपाईंहरूलाई भन्न चाहन्छु राष्ट्रप्रति हामी सबै इमानदार हुनुपर्छ, इमानदारितापूर्व काम गर्दा केही गल्ती हुन पुगे त्यो क्षम्य हुन्छ तर स्वार्थमा लागेर राष्ट्रलाई धोका दिने काम कसैले गर्छ भने त्यो क्षम्य हुँदैन।' उहाँले भन्नुभयो- 'कर्मचारीका लागि मन्त्री कुनै विशेष चिज होइन, तपाईंहरूको साथी हुँ, साथीको रुपमा व्यवहार गर्न चाहन्छु।'

सोमबार विभागले सार्वजनिक गरेको मोबाइल एपमा अध्यागमनसँग सम्बन्धित सबै जानकारी राखिएको विभागले जनाएको छ। विभागका अनुसार सेवाग्राहीले इमिग्रेसन एपकै प्रयोग गरेर अनलाइनमार्फत भिसा प्राप्ति र ट्रेकिङ अनुमतिका लागि निवेदन दिन सक्नेछन्।

त्यस्तै विदेशमा समस्यामा परेका नेपालीहरूको सहजताका लागि २९ वटा नेपाली नियोगको ठेगाना एपमा राखिएको छ भने विभागले अनलाइनकै माध्यबाट सेवाग्राहीको गुनासो सुन्न सक्ने व्यवस्था मिलाएको छ। गृहमन्त्री शर्माले 'नेपाल इमिग्रेशन' एप एउटा साधन भएको उल्लेख गर्दै त्यसलाई सही ढंगले प्रयोग गर्नुपर्ने बताउनुभयो।

## संसद्मा बाढी पहिरोबारे ध्यानाकर्षण

काठमाडौं, (नेस)

व्यवस्थापिका संसद् बैठकमा सांसदहरूले बाढी पहिरो पीडितहरूलाई तत्काल राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। विशेष समयमा बोल्ने अधिकांश सांसदहरूले सप्तरीसहितका बाढी पीडितहरूलाई राहत उपलब्ध गराउँदै स्थायी समाधान खोज्न सरकारलाई आग्रह गरेका हुन्।

सप्तरी, कास्की, पर्वतलगायत जिल्लामा बाढीपहिरोबाट मृत्यु हुनुका साथै सयौं विस्थापित भएको भन्दै सरकारको ध्यानाकर्षण गराउँदै तत्काल राहत पुऱ्याउनपर्ने माग सांसदहरूले गर्नुभएको छ।

संसद् बैठक शुरू हुनासाथ नेपाली कांग्रेसका सांसद सुरेन्द्रप्रसाद यादवले महुली बाँध फुटेर तिलाठीमा डुबान भएको भन्दै तत्कालीन र दीर्घकालीन समस्या समाधान गर्न माग गर्नुभयो। 'सप्तरीको तिलाठीका जनता डुबानको समस्याले पीडित बनिरहेका छन्। त्यसलाई तत्कालिक र दीर्घकालीन समाधान गर्न योजना ल्याइनुपर्छ।' -यादवले भन्नुभयो।

## निर्वाचन सम्पन्न गरेकामा भारतको बधाई

काठमाडौं, (नेस)

नेपालले सफलतापूर्वक स्थानीय निकायको निर्वाचन सम्पन्न गरेकामा भारतले बधाई एवं शुभेच्छा दिएको छ। विनाअवरोध र शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएकामा भारतले नेपाललाई बधाई दिएको हो।

भारत भ्रमणमा रहनुभएका उप-प्रधान एवं परराष्ट्र मन्त्री कृष्णबहादुर महरासँगको भेटवार्तामा भारतीय विदेश मन्त्री सुष्मा स्वराजले बधाई दिनुभएको हो। स्वराजको औपचारिक निमन्त्रणामा आइतबार दिल्ली पुग्नुभएका महरा-स्वराजबीच सोमबार राति दिल्लीमा भेटवार्ता भएको हो। सो भेटवार्तामा मन्त्री महराले निर्वाचन प्रक्रिया र नेपालको सामाजिक आर्थिक विकासमा भारतले पुऱ्याएको सहयोगको प्रशंसा गर्नुभएको थियो।

सो भेटवार्तामा मन्त्री महराले भारतले शनिबार रातिदेखि कार्यान्वनमा ल्याएको गुड्स एन्ड सर्भिसेस ट्याक्स (जीएसटी) को नेपालको अर्थतन्त्रमा पर्ने सम्भावित प्रभाव, नेपालमा १ हजार र ५ सय दरका पुराना भारतीय मुद्रा सटहीको समस्याका बारेमा स्वराजको ध्यानाकषर्ण गराउनुभएको बताइएको छ। त्यसै गरी नेपालले आफ्नै ग्यास बुलेट सञ्चालन ल्याउन र पञ्चेश्वर बहुउद्देश्यीय परियोजना छिट्टै अघि बढाउने बारेमा पनि उहाँहरूबीच छलफल भएको दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ।

दुवै मन्त्रीबीच भारतीय सहयोगमा नेपालमा निर्माणाधीन परियोजना, पूर्वाधार विकास, व्यापार पारवहन, अन्तर सीमा पूर्वाधार, जलविद्युतीय परियोजनाजस्ता विषयमा छलफल भएको दूतावासले जनाएको छ।

दूतावास स्रोतका अनुसार भारतीय सहयोगमा नेपालमा अघि बढेका परियोजना विनाअवरोध अघि बढाउने बारेमा द्विपक्षीय छलफल भएको छ। भारतीय सहयोगमा नेपालमा सञ्चालित परियोजनालाई परिणाममुखी बनाउन परराष्ट्र सचिवस्तरको नेपाल-भारत संयुक्त संयन्त्रसमेत गठन भइसकेको छ। महराको सम्मानमा विदेश मन्त्री स्वराजले रात्रीभोजको आयोजना गर्नुभएको थियो।

यसैबीच संयुक्त राष्ट्र संघको मानव अधिकार काउन्सिल सदस्यमा नेपालले दिएको उम्मेदवारीको पक्षमा विभिन्न मुलुकले समर्थन जनाएका छन्। करिब ३५ मुलुकका गैरआवासीय दूतहरू नेपाल सदस्यताको पक्षमा मतदान गर्न सकारात्मक रहेका मन्त्री महरासँगै दिल्ली भ्रमणमा रहनुभएका महराका स्वकीय सचिव युवराज चौलागाईंले जानकारी दिनुभयो। 'राजदूतहरूसँगको भेटघाट फलदायी भएको छ, विभिन्न ३५ मुलुकका राजदूतहरूले नेपाललाई प्रस्टरूपमा समर्थन गर्ने प्रतिबद्धता जनाएका छन्, अरू मुलुकहरू पनि सकारात्मक छन्।' -उहाँले भन्नुभयो।

महराले राष्ट्र संघमा नेपालको समर्थन जुटाउन आइतबार र सोमबार दुई चरणमा दूतहरूसँग अन्तर्क्रिया गर्नुभएको थियो।

## विनियोजन विधेयकमाथि आजबाट छलफल

काठमाडौं, (नेस)

व्यवस्थापिका-संसद्को सोमबारको दोस्रो बैठकले विनियोजन विधेयक, २०७४ माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ।

उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसद प्रेम सुवालले मूल्य अभिवृद्धि कर (भ्याट) छल्ने गरी व्यापारी तथा व्यवसायीले आर्थिक अपराध गरिरहेकाले उनीहरूलाई कारबाही गर्नुपर्ने र त्यसका लागि सरकारले आवश्यक निर्णय गर्नुपर्ने माग गर्नुभयो। सांसद सुवालको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कानुन, नियमअनुसार कर तिर्नुपर्ने, कर तिर्नु नागरिकको दायित्व भएकाले सरकार कोही कसैलाई पनि छुट दिने पक्षमा नरहेको बताउनुभयो।

त्यसअघि अर्थमन्त्री कार्कीले 'विनियोजन विधेयक, २०७४' र 'राष्ट्र ऋण उठाउने विधेयक, २०७४' सदनमा प्रस्तुत गर्नुभएको थियो।

विनियोजन विधेयक, २०७४ माथि असार २० देखि २७ गतेसम्म छलफल हुने गरी समय निर्धारण गरिएको सभामुख ओनसरी घर्तीले जानकारी गराउनुभयो।

व्यवस्थापिका-संसद्को अर्को बैठक आज मंगलबार बिहान ११ बजे बस्ने जनाइएको छ।

## देशभर ९ प्रतिशत रोपाइँ

काठमाडौं, (नेस)

वर्षा शुरू भएसँगै देशभर ९ प्रतिशत रोपाइँ सकिएको छ। पूर्णरूपमा मनसुन सक्रिय नभएकाले असार १३ गतेसम्म ९ प्रतिशत रोपाइँ सकिएको कृषि विकास मन्त्रालयले बताएको छ। पानी सामान्य मात्रामा परेकाले पश्चिम भूभागबाट क्रमिक रुपमा रोपाइँ गरिँदै आएको कृषि विकास मन्त्रालयका सह-प्रवक्ता शंकर सापकोटाले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। एक/एक हप्ताको अन्तरालमा रोपाइँको रिपोर्ट जिल्लाबाट केन्द्रमा आउने गरेको छ।

तथ्याङ्कअनुसार पश्चिम क्षेत्रका बाँके, बर्दिया, कैलाली, कञ्चनपुरलगायतका जिल्लामा बढी धान रोपाइँ भएको कृषि विकास मन्त्रालयले बताएको छ। यस वर्ष १५ लाख ५२ हजार हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमा धान रोपाइँ हुने लक्ष्य लिइएको छ। कृषि विकास मन्त्रालयका सह-प्रवक्ता सापकोटाले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'साउन मसान्तसम्म रोप्ने समय हुन्छ। पानी सामान्य रूपमा परेकाले यदि खडेरी भएन भने १५ प्रतिशत रोपाइँ हुने अपेक्षा लिएका छौं। किसानको प्रोत्साहनका लागि जिल्ला तहका कृषि कार्यालयमार्फत प्रतिफलमा आधारित अनुदान दिने व्यवस्थासमेत मिलाएका छौं।' साउनको अन्तिम सातासम्ममा पनि धान रोपाइँ गर्न सकिने भएका कारण अहिले नै आत्तिनुपर्ने अवस्था नरहेको कृषि विकास मन्त्रालयले बताएको छ।

यस वर्ष प्रतिहेक्टर ३ दशमलव ३७ प्रति टन उत्पादन हुने लक्ष्य राखिएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। धान उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले सरकारले चैते धान खेती गर्नलाई अनुदानको समेत व्यवस्था गरेको छ। कृषकहरूलाइ खेती विस्तारका लागि प्रतिहेक्टर २ हजार ५ सय र उत्पादन गरेमा प्रतिहेक्टरमा ५ हजार अनुदान दिइने गरेको कृषि मन्त्रालयले बताएको छ। कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरकारले २०७३/०७४ मा २७ अर्ब ४३ करोड बजेट विनियोजन गरेको छ। व्यवस्थित रुपमा सिँचाइको व्यवस्था नहुनु र आकाशे पानीको भरमा रोपाइँ गर्नुपर्ने भएकाले समयमा नै रोपाइँ हुन नसकिरहेको देखिएको छ।

## बाढीपहिरो पीडितलाई राहत घोषणा

पर्वत, (नेस)

पर्वत क्षेत्र नम्बर २ बाट निर्वाचित व्यवस्थापिका संसद्का सदस्य विकास लम्सालले बाढी पहिरोबाट पीडित परिवारलाई राहत दिने घोषणा गरेका छन्।

पर्वतका विभिन्न स्थानमा गएको पहिरोमा परेका र बाढीले बगाएका मृतकका परिवारलाई तत्काल राहत दिने घोषणा गरेका हुन्।

लम्सालले सोमबार विज्ञप्ति जारी गर्दै पीडित परिवारलाई जनही १० हजारका दरमा राहत दिने घोषणा गरेका छन्। उनले बाढी र पहिरोबाट पुगेको जनधनको क्षति प्रति दुःख व्यक्त गर्दै उद्दार र राहतमा जुट्न आह्वान पनि गरेका छन्।

शनिबार राति परेको भीषण वर्षाका कारण पर्वतको महाशिला गाउँपालिका होश्राङ्दीमा पहिरोले घर बगाएपछि एकै परिवारका ३ जनाको मृत्यु भएको थियो।

## ६ सय स्थानमा जेब्रा क्रसिङ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका, समन्वय तथा अनुगमन समितिको बैठकले आगामी १५ दिनभित्र राजधानीबासीलाई महसुस हुने गरी दिगो प्रभाव पर्ने कामको थालनी गर्ने बताएको छ।

कामपा प्रमुख विद्यासुन्दर शाक्यले नागरिकले तत्काल महसुस गर्ने र दिगो प्रभाव पर्ने कामको थालनी गर्न आवश्यक रहेको बताउनुभयो। आइतबार बसेको बैठकमा कामपाका कार्यकारी अधिकृत ईश्वरराज पौडेलले महानगरीय ट्राफिक प्रहरीको समन्वयमा काठमाडौंका करिब ६ सय स्थानमा जेब्रा क्रसिङ राख्ने स्थान पहिचान गरिएको र पार्किङ व्यवस्थापन गर्न निर्मित समितिले पार्किङको सम्भावनाका विषयमा प्रतिवेदन बुझाइसकेको जनाउनुभयो। प्रदूषण जाँच गर्न उपकरण थप गर्ने तयारी भएको समेत जनाइएको छ।

## सबै वडाका सडक कालोपत्रे गरिने

ताप्लेजुङ, (नेस)

स्थानीय तहको दास्रो चरणको निर्वाचनबाट ताप्लेजुङको फुङलिङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिलाई आज शपथ ग्रहण गराइएको छ।

सामुदायिक भवन सिटी हलमा निर्वाचित प्रमुख छत्रपति प्याकुरेलसहित ११ वडाका वडा अध्यक्षहरूलाई मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेतले शपथ गराउनुभएको हो।

त्यसलगतै मेयर छत्रपति प्याकुरेलले सबै वडाका वडा सदस्यहरू, महिला सदस्यहरू, दलित महिला सदस्यहरूलाई शपथ गराउनुभएको थियो।

नवनिर्वाचित मेयर छत्रपति प्याकुरेलले आज नै पदभार ग्रहण गर्दै सबै नगरका सबै सडक पाँच वर्षभित्र कालोपत्रे गर्ने र पहिलो चरणमा केही वर्षभित्रै सबै वडा कार्यालयमा कालोपत्रे सडक पुऱ्याउने महत्त्वकांक्षी पहिलो निर्णय गर्नुभयो। निर्वाचित मेयर प्याकुरेल कांग्रेसका उम्मेदवार केशवप्रसाद दाहाललाई पराजित गर्दै मेयरमा निर्वाचित भएका हुन्। उनी एमालेबाट उम्मेदवार बनेका थिए।

## महासंघको आपत्ति

काठमाडौं, (नेस)

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी एसियन प्रिमियर लिगको समाचार संकलनमा सोमबार पुगेका जनता टिभीका पत्रकार मदन ढुंगाना र सुमन चापागाईंलाई आयोजक एसियन क्रिकेट फेडरेसनले समाचार संकलनमा रोक लगाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

जनता टिभीका महाप्रबन्धक लक्ष्मण हुमागाईंका अनुसार आइतबार प्रसारण भएको समाचारको विषयलाई लिएर आयोजक फेडरेसनले नियोजित रुपमै जनता टिभीलाई समाचार संकलनमा रोक लगाएको जानकारी दिनुभयो। जनताको सुसूचित हुने अधिकारका लागि खटिएका पत्रकारमाथि समाचार संकलनमा बन्देज गरिनु आफैमा खेदजनक छ। महासंघ जनताको सुसूचित हुने अधिकारको सम्मान गर्न र बिना अवरोध समाचार संकलनको वातावरण निर्माण गर्न महासंघले माग गरेको छ।

## गुड्दा गुड्दै आगलागी

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका वडा नम्बर ६ झम्सिखेलमा सोमबार बेलुका सडकमा गुड्दा गुड्दै एक कारमा अचानक आगलागी भएको छ।

नेपाल ट्राभल एजेन्सीको स्वामित्वमा रहेको बा१य ५६७ नम्बरको पर्यटक बोक्ने उक्त कार तार सर्ट भई आगलागी भएको बताइएको छ। कारका चालक विनोद परियारले दिएको जानकारीअनुसार उक्त आगलागीबाट कारको अगाडिको भाग पूरै क्षति भएको छ। जुद्ध वारुण यन्त्र, ललितपुरबाट आएको दमकलले आगो निभाएको थियो।

## युवालाई अग्नी नियन्त्रण तालिम

**नेपाल समाचारपत्र**

भक्तपुर

जुद्ध वारुण यन्त्र कार्यालय, भक्तपुरले कार्यालयका अग्नी नियन्त्रक कर्मचारी र स्थानीय युवाहरूका लागि एक हप्ते आधारभूत अग्नी नियन्त्रण तथा उद्दारसम्बन्धी तालिम प्रदान गरेको छ। कार्यालयका प्रमुख विजयप्रसाद धौभडेलले सरकारी संयन्त्र सबै ठाउँमा भनेकै समयमा नपुग्ने अवस्था रहेको वर्तमान अवस्थामा स्थानीयस्तरमा तालिम प्राप्त युवाले अग्नी नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

गत असार १२ गतेदेखि सञ्चालित तालिमको समापन कार्यक्रममा सहभागी १ सय जना प्रशिक्षार्थीलाई प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले प्रमाणपत्र वितरण गर्नुभयो। कार्यक्रममा बोल्दै प्रजिअ पोखरेलले आर्थिक स्रोत र साधनको अभावका बाबजुद पनि जुद्ध वारुण यन्त्र कार्यालयले तालिम सञ्चालन गरेर उदाहरणीय काम गरेको बताउनुभयो। उहाँले प्रशिक्षार्थीले सिकेका सीप र ज्ञानलाई व्यवहारमा उतार्ने विश्वास व्यक्त गर्नुभयो।

जिल्ला समन्वय समितिका सचिव ध्रुवप्रसाद कोइरालाले अग्नी नियन्त्रण कार्यबाट समाजमा युवाहरूले छवि र प्रतिष्ठा बढाउन सक्ने बताउँदै मानिसले जीवनभरमा कमाएको सम्पत्ति र धन निमेषभरमा नष्ट हुनबाट जोगाइदिनु ठूलो सेवा र धर्मको कार्य भएको उल्लेख गर्नुभयो। तालिमका प्रमुख प्रशिक्षक अरुणकुमार आचार्यले अबको हरेक स्थानीय तहमा अग्नी नियन्त्रक चाहिने अवस्थामा तालिम प्राप्त व्यक्तिहरूले त्यहाँ रोजगारीको अवसर प्राप्त गर्न सक्ने बताउनुभयो।

कार्यालय प्रमुख धौभडेलले विगतमा पनि यस्ता तालिम सञ्चालन गरिएको र आगामी दिनमा पनि सञ्चालन गरिने बताउँदै कार्यालयमा सञ्चारसाधन र अल्ट्रालाइट भेहिकल आवश्यक रहेको उल्लेख गर्नुभयो। सीमित स्रोत साधनका बाबजुद पनि कार्यालयले बेल्जियमलगायत विभिन्न दाताहरूको सहयोगमा अग्नी नियन्त्रणको काम गर्दै आएको बताउनुभयो।

### जो...

उनी एक वर्ष अघिसम्म प्रहरी जवान थिए। दाङ घटनापछि कसैले सम्मान गऱ्यो त भन्ने प्रश्नमा रानाले भने- 'राम्रो कामको मूल्याङ्कन हुँदो रहेछ। क्षेत्रीय प्रहरी कार्यालय नेपालगन्जले १ हजार ५ सय रुपियाँ नगदसहित पुरस्कृत गर्ने भनेर जानकारी गराएको छ। प्रहरी पहरागणले गत आइतबार दोसल्ला ओढाएर सम्मान गऱ्यो।'

### कस्तो...

नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) को दर १३ प्रतिशत छ। वस्तु तथा सेवामा लाग्ने जीएसटी दर ५ देखि २८ प्रतिशत तोकिएको छ। जीएसटी कार्यान्वयनमा आएसँगै भारतमा यसअघि लागू भएको भ्याट प्रणाली खारेज भएको छ। भ्याटसँगै मनोरञ्जन र अन्य सबै प्रकारका अप्रत्यक्ष कर खारेज भएका छन्। अन्य कर खारेज भएर एकीकृत जीएसटी लागू भएपछि भारतमा केही वस्तु सस्तिएका छन् भने केही महँगिएका छन्।

भारत सरकारको सो व्यवस्थाले महँगा गाडी, स्मार्टफोन, ३ सय ५० सीसीभन्दा माथिका मोटरसाइलक, स्याम्पु, कफी, फ्रिज तथा १ हजार मूल्यभन्दा माथिका कपडाको मूल्य बढ्नेछ। भारत सरकारले लगाएको जीएसटी प्रणालीका कारण नेपालमा सवारीसाधन, ग्याजेट, कपडा र शृंगारमा सामानमा बढी मूल्य बढ्ने देखिन्छ। सो व्यवस्था लागू भएसँगै भारतमा पनिर, दही, घिउ, बिस्कुट, चुइँगम, मसला, पाउडर, चकलेट, एयर कन्डिसनर, फ्रिज, वासिङ मेसिन तथा टेलिभिजनमा पनि मूल्य बढ्नेछ। यसै गरी फिटनेस उपकरण, चिसो पेयपदार्थ, चुरोट, रक्सी तथा विलासीमा वस्तुहरुमा समेत त्यसको प्रभाव पर्नेछ। जीएसटीसँगै सुनमा पनि मूल्य बढ्नेछ।

भारत सरकारले जीएसटी स्वयंमा एक सरल र पारदर्शी प्रणाली भएको बताएको छ। यसले भारतमा कालो धनको कारोबारलाई न्यूनीकरण गर्नका साथै आर्थिक भ्रष्टाचार हटाउन उपयोगी हुने दाबी गरेको छ।

### मनसुनमा ...

भूकम्प र नाका बन्दीले गर्दा केही महिना ढिला भएको सडक सुधारको कार्य समयमै सम्पन्न नहुने देखिएपछि १ वर्ष योजनाको म्याद थपियो। सन् २०१३ सेप्टेम्बर १३ मा निर्माण शुरू गरेको निर्माण पक्षले सन् २०१८ जुलाई ३१ भित्र काम सकिने योजनाले जनाएको छ।

१० दशमलव ३९ किमी दूरी रहेको सडक सुधार गर्न सन् २०१२ डिसेम्बर १८ मा चिनियाँ सरकार र नेपाल सरकारबीच द्विपक्षीय सम्झौता भएको थियो भने सडकको सुधारको काम चिनियाँ ठेकेदार कम्पनी साङ्घाई ग्रुपले गरिरहेको छ। सडक सुधारका लागि ४ अर्ब ९९ करोड २० लाख अनुमानित नेपाली रकमखर्च हुँदै छ।

त्यस्तै, कलंकीमा बनिरहेको अन्डरपासको काममा पनि मनसुनले खासै प्रभाव नपार्ने योजनाले जनाएको छ। योजनाले हाल रिटेनिङ वाल, पाइलिङ र पुलको स्ल्याब बनाउने कामहरु भइरहेको जनाएको छ।

८ सय मिटर लामो अन्डरपासमा २० देखि ३४ मिटर गहिराइसम्म गएर पाइलिङको काम भइरहेको योजना प्रमुख झाले बताउनुभयो। योजनाले मनसुनमा पाइलिङको काम सम्पन्न गरेर मनसुनपछिको तीन महिनाभित्र अन्डरपासबाटै सवारी सञ्चालन गर्न मिल्ने मनाउने योजनाको लक्ष्य रहेको उहाँले बताउनुभयो।

विभिन्न कारणले गर्दा निर्माण थालेको ४ वर्ष बित्दा समग्रमा कोटेश्वर-कलंकी सडक खण्डको आधा मात्रै काम भएको छ। काठमाडौं चक्रपथ सुधार योजनाले जनाएअनुसार सो सडकको भौतिक प्रगति ५५ प्रतिशत सकिएको छ।

योजनाको म्याद सकिन अब १ वर्ष मात्रै बाँकी छ। यस बीचमा पनि योजनाको काम बन्ला भन्नेमा शंका उब्जेको जानकारहरु बताउँछन्।

योजनाको काममा सडक विभाग, डिभिजन सडक कार्यालय, नेपाल टेलिकमलगायतको सहयोग रहे पनि बिजुलीको पोलहरु समयमै सार्न नसक्दा निर्माण पक्षको कामलाई समस्या उत्तिकै छ।

हाल बल्खु सडक खण्डको १४ सय मिटरमा बिजुलीको पोल सार्नुपर्ने छ। त्यस्तै नख्खु दोबाटो र चापागाउँ दोबाटोमा रहेको हाइटेन्सन लाइन सार्न ढिलाइ भइरहेको छ।

समयमै काम सम्पन्न गर्न रातदिन कामदारहरु फिल्डमा खटिएका छन् भने निर्माणका लागि चाहिने कच्चा पदार्थको पनि सहज आपूर्ति भइरहेको योजनाले जनाएको छ।

हाल दिनको ४ सय घनमिटर सामग्री उत्पादन गरिरहेको छ। निर्माणका लागि चाहिने सामग्री भक्तपुरको सल्लाघारीमा रहेको नेपाल ट्रस्टको जग्गामा भण्डारण गरी राखिएको छ।

६२ मिटरको चौडाइमा निर्माण हुन लागेको उक्त सडकको मेनलेन १५ मिटर, ६/६ मिटर पहुँचमार्ग (एक्सेस रोड), साढे ७ मिटर दायाँवायाँ ट्र्याक सर्भिस, अन्य स्थानमा पर्खाल र हरित क्षेत्रले ओगटेको छ।

### मतगणना ...

त्यस्तै नेकपा माओवादी केन्द्रले ३२ स्थान जितेको छ भने संघीय समाजवादी फोरमले ६ स्थान, फोरम लोकतान्त्रिकले ५ स्थानमा, राष्ट्रिय जनमोर्चाले २ स्थान राप्रपा २ स्थान र १ जना स्वतन्त्रमा विजयी भएका छन्। मतगणना जारी रहेको ८७ स्थानमा एमालेले अग्रता लिएको छ।

निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेईओसी) बाट प्राप्त जानकारीअनुसार, हाल ९१ स्थानीय तहको मतगणना कार्य जारी छ भने ६ स्थानीय तहमा स्थगित भएको मतगणना कार्य सुचारु गर्ने प्रयास भइरहेको आयोगका प्रवक्ता सूर्यप्रसाद शर्माले जानकारी गराउनुभयो। हालसम्म १८ जिल्लाका सबै स्थानीय तहको मतगणना कार्य सम्पन्न भएको छ। मतगणना कार्य सम्पन्न भएका जिल्लामा प्रदेश नम्बर १ मा खोटाङ, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, पाँचथर, भोजपुर, संखुवासभा र सोलुखुम्बु छन्।

यसै गरी, प्रदेश नम्बर ५ मा गुल्मी, पाल्पा, रोल्पा, रुकुम छन् भने प्रदेश नम्बर ७ मा डडेल्धुरा, डोटी, दार्चुला, बझाङ, बाजुरा र बैतडी जिल्लाका सबै स्थानीय तहको मतगणना कार्य सम्पन्न भइसकेको जानकारी प्राप्त भएको छ।

अर्थ

मोबाइल, टिभी, फ्रिज, माइक्रोवेभ सबैले केही न केही रेडियसन फाल्छन्। टावरले भने अलि बढी मात्रामा रेडियसन फाल्छ। तर, यसले क्यान्सर नै हुन सक्छ भनेर कुनै पनि अनुसन्धानले प्रमाणित गरेको छैन। बरु मोबाइलमा चाहिँ लामो समयसम्म पटक्कै कुरा गर्नुहुँदैन।

# फाइभ जी सन् २०२० सम्ममा आइसक्छ



**राकेश ताम्रकार**
वरिष्ठ इन्जिनियर, डाटाङ कम्पनी, चीन

*पाटनमा जन्मिनुभएका राकेश ताम्रकार हाल चीन सरकारको रिसर्च एन्ड डेभलपमेन्ट, डाटाङ कम्पनीको वरिष्ठ इन्जिनियरका रूपमा कार्यरत हुनुहुन्छ। सानैदेखि पढाइमा निकै रूचि राख्ने उहाँ बेइजिङ युनिभर्सिटी अफ पोस्ट एन्ड टेलिकम्युनिकेसनका कलेज टपर पनि हुनुहुन्छ। अध्ययनका लागि सन् १९९२ मा चीन जानुभएका ताम्रकारले बेइजिङमा उच्च पदमा रहेर काम गरेको १५ वर्ष भइसकेको छ। उहाँ कार्यरत कम्पनीले भविष्यमा हुनसक्ने प्रविधिका लागि काम गर्दछ। उहाँ प्रोडक्ट डेभलपमेन्ट र त्यो प्रोडक्टको आइडियालाई डिफेन्ड गर्न संसारभरका अरू कम्पनीका वैज्ञानिकसँग संवाद गर्नुहुन्छ। सन् २००८ देखि उहाँको काम संसारभर यात्रा गरेर आफ्नो कम्पनीले आविष्कार गरेका आइडियालाई डिफेन्ड गर्नु हो। थ्रिजी प्रविधिको समयदेखि काम गर्न थाल्नुभएका उहाँले अहिले फाइभ जीका लागि के कस्तो आवश्यकता पर्छ र प्रोडक्ट स्पेसिफिकेसन कस्तो हुनुपर्छ भन्ने कुरामो कम्पनीको काममा केन्द्रित हुनुहुन्छ। यही विषयमा केन्द्रित भएर नेपाल समाचारपत्रका लागि* ***दिरेकलाल श्रेष्ठ****ले उहाँसँग गर्नुभएको कुराकानी।*

**विश्वमा टेलिकम्युनिकेसन प्रविधिमा काम गर्ने कम्पनीहरू कुन-कुन हुन् ?**

अहिले डाटाङ, सामसुङ, नोकिया, जेटीई, हुवावे, एरिक्सनलगायतका कम्पनीको बजारमा दबदबा छ।

**नोकिया भनेको माइक्रोसफ्ट होइन र ?**

नोकियाले स्मार्ट फोन सेग्मेन्ट मात्र माइक्रोसफ्टलाई बेचेको हो। उनीहरूको रिसर्च तथा डेभलपमेन्ट डिपार्टमेन्ट र नेटवर्क विजनेस अझै आफैसँग छ।

**यसमा अमेरिकाको सिलिकन भ्यालीका कम्पनी छैनन् र ?**

पछिल्लो समयमा गुगलले निकै रुचि देखाएको अवस्था छ। सिलिकन भ्यालीका कम्पनीहरू कन्फेरेन्सहरूमा उपस्थित त हुन्छन् तर खासै आफ्ना आइडिया यो क्षेत्रमा दिइराखेका छैनन्। उनीहरू फ्युचर टेक्नोलोजी कतातिर जाँदै छ भनेर सुन्न र बुझ्न मात्र आउँछन्।

**तपाई कार्यरत रहेको कम्पनीले के-के काम गर्छ ?**

हामीलाई संयुक्त राष्ट्रसंघअन्तर्गत आईटीयूले (अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियन) फाइभ जी प्रविधिमा यी-यी मापदण्ड हुनुपर्छ भनेर गाइडलाइन दिन्छ। हामी त्यो गाइडलाइनलाई कसरी संसारभर अभ्यास गर्न सम्भव छ भन्ने सोचेर प्रविधि विकास गर्छौं। हरेक वर्ष हुने ग्लोबल कन्फेरेन्समा हरेक कम्पनीले आफ्नो आइडियालाई प्रस्तुत गर्छ। जसको आइडिया सबैभन्दा उत्कृष्ट हुन्छ, उसैको आइडिया फाइभ जीमा प्रयोग हुन्छ। प्राय:जसो एउटा कम्पनीको मात्र नभएर केही कम्पनीको आइडिया मिलाएर फ्युचर टेक्नोलोजी बनाइन्छ। आइडिया स्वीकृत भइसकेपछि हाम्रो कम्पनीले मोबाइल, ट्याब्लेट र कम्प्युटरले फाइभ जी प्रविधि प्रयोग गर्न प्रोडक्टले बनाउनुपर्ने टेक्निकल स्पेसिफिकेसनको गाइडलाइन कोरिदिन्छौं।

त्यस्तै विकसित मुलुकमा स्याटेलाइट, आर्मी, प्रहरी तथा विभिन्न निकायले फरक फ्रिक्वेन्सी प्रयोग गरिरहेका हुन्छन्। हामीले कुन फ्रिक्वेन्सी कमन छ भनेर पनि गृहकार्य गरिरहेका हुन्छौं ता कि ग्राहकलाई आफ्नो प्रोडक्ट संसारभरि प्रयोग गर्न सजिलो होस्।

**तपाईंहरूको आइडिया पिचिङ र ग्लोबल कन्फेरेन्सका बारेमा पनि केही भनिदिनुस् न ?**

फ्रान्समा प्रधान कार्यालय भएको युरोपियन टेलिकम्युनिकेसन स्ट्यान्डर्ड इन्स्टिच्युटले थ्रिजी पार्टनरसिप प्रोजेक्टको शुरुआत गरेको हो। कन्फेरेन्स थ्रिजीपीपीले हरेक वर्ष विभिन्न चरणको कन्फरेन्स आयोजना गर्छ। यसअन्तर्गत हरेक कम्पनीले कन्फेरेन्सको एक हप्ताअगाडि नै आफ्नो अन्तिम प्रस्तुतीकरण पठाउनुपर्ने हुन्छ। ती प्रस्तुतीकरणको पहुँच अरू कम्पनीसँग पनि हुन्छ। सबैको प्रस्तुती अध्ययन गरेर विभिन्न कम्पनीले आफ्नो अन्तिम रणनीति बनाउँछन्।

फाइभ जी प्रविधिका लागि धेरै कम्पोनेन्ट चाहिन्छन्। कसैको केही कम्पोनेन्ट राम्रो हुन्छ भने कसैको अरू नै। कहिलेकाहीँ अरू कम्पनीले आफ्नोभन्दा उत्तम प्रविधिको आविष्कार गरेको थाहा भयो भने कमसल प्रविधि आविष्कार गर्ने कम्पनी मिलेर संयुक्त प्रस्तुतीकरण दिन्छन्। हाम्रो काम भनेको जसरी भए पनि आफ्नो केही कम्पोनेन्ट फाइभ जी प्रविधिमा छिराउने हो। कन्फेरेन्स एक हप्ताका लागि हरेक दिन बिहानदेखि राति अबेरसम्म चल्छ।

**तपाईंहरूको आम्दानीको स्रोतचाहिँ के हो नि ?**

हामी टेलिकम्युनिकेसन उपकरण पनि बनाउँछौं। र, अर्को कुरा हाम्रो केही आइडिया फाइभ जी टेक्नोलोजीमा समावेश भयो भने फाइभ जी प्रविधि प्रयोग हुने हरेक मोबाइल, ट्याब्लेट तथा ल्यापटप जस्ता प्रोडक्ट बनाउने कम्पनीले रोयल्टी तिर्नुपर्ने हुन्छ। फाइभ जी प्रयोग हुने बेलासम्म हाम्रो जस्ता कम्पनीले अर्बौं/खर्बौं अमेरिकी डलर आम्दानी गर्न सक्छन्।

**तपाईंजस्तै फ्युचर टेक्नोलोजीमा काम गरिरहेका अरू कोही नेपाली छन् ?**

मैले सन् २००८ देखि विश्वव्यापी कन्फेरेन्समा भाग लिँदै आइरहेको छु। यसमा पछिल्लो दुई वर्षदेखि अमेरिकाको सिलिकन भ्यालीबाट दुई जना नेपाली भाइहरूले पनि भाग लिन थाल्नुभएको छ।

**नेपालमा दूरसञ्चारको टावर हाल्दा छिमेकीबीच झगडा भइराखेको अवस्था छ, के टावरको रेडियसन साँच्चै हानिकारक हुन्छ ?**

मोबाइल, टिभी, फ्रिज, माइक्रोवेभ सबैले केही न केही रेडियसन फाल्छन्। टावरले भने अलि बढी मात्रामा रेडियसन फाल्छ। तर, यसले क्यान्सर नै हुन सक्छ भनेर कुनै पनि अनुसन्धानले प्रमाणित गरेको छैन। बरु मोबाइलमा चाहिँ लामो समयसम्म पटक्कै कुरा गर्नुहुँदैन।

**नेपालमा फोर जी बल्ल शुरू हुँदै छ। थ्रिजी र फोर जीमा इन्टरनेट खासै फास्ट भएको पाइँदैन। फाइभ जी किन चाहियो ?**


थ्रिजीभन्दा फोर जी निकै छिटो छ। फाइभ जी अझै छिटो हुनेछ। मेसिनले नै सबै काम गरिदिन फाइभ जीको आवश्यकता छ। जस्तै अहिले स्मार्ट रेफ्रिजेरेटर आइसकेको छ। अब फाइभ जी प्रविधि प्रयोग भएपछि रेफ्रिजेरेटरले दूध वा अण्डा सकियो भने तपाईंलाई र तपाईंले कनेक्ट गरेको सुपरमार्केटलाई अटोमेटिक सन्देश पठाइदिन्छ। त्यसपछि सुपर मार्केटले फ्रिजले जे-जे सामानको सूची पठाएको छ, तपाईंको घरमा डेलिभर गरिदिन्छ। त्यस्तै अहिले धेरै कम्पनीले सेल्फ ड्राइभिङ कारको विकास गरिरहेका छन्। यी गाडीहरू राम्रोसँग चल्नका लागि फाइभ जी प्रविधिको आवश्यकता पर्छ।

नेपालमा थ्रिजी र फोर जीको स्पिड फरक महसुस नहुनुको कारण छुट्टै छ। नेपालको दूरसञ्चार अथोरिटीका कारण एनटीसी र एनसेलले ५ मेघाहर्जमा फोर जी प्रदान गरिरहेका छन्। उनीहरूले थ्रिजी सेवा पनि ५ मेघाहर्जमै दिएका थिए। विदेशी मुलुकमा फोर जी २० मेघाहर्जमा प्रयोग गरिन्छ। अझै कहीँकहीँ त २० प्लस २० गरेर ४० मेघाहर्जको फ्रिक्वेन्सीमा टेलिकम्युनिकेसन सेवा प्रदान गरिएको पाइन्छ। नेपालको दूरसञ्चार अथोरिटीले बढी फ्रिक्वेन्सी प्रदान गर्नासाथ नै नेपालको फोर जीको स्पिड पनि सुपर फास्ट भइहाल्छ।

**तपाई २५ वर्षदेखि यो क्षेत्रमा हुनुहुन्छ। नेपालमा गएर केही गरौं जस्तो लाग्दैन ?**

मैले पटक-पटक एनटीसीको इन्जिनियरसँग आफूले सिकेको सीप शेयर गरिसकेको छु। अहिले पनि एनटीसी र एनसेल वा अन्य कुनै दूरसञ्चार संस्थाले एउटा राम्रो पद दिएर काम गर्ने स्वतन्त्रता दियो भने म तुरुन्त फर्किनेछु। विदेशमा धेरै काम गरियो। अब आफ्नै देशमा केही गरौं जस्तो लागेको छ।

> फाइभ जी प्रविधि प्रयोग भएपछि रेफ्रिजेरेटरले दूध वा अण्डा सकियो भने तपाईंलाई र तपाईंले कनेक्ट गरेको सुपरमार्केटलाई अटोमेटिक सन्देश पठाइदिन्छ। त्यसपछि सुपरमार्केटले फ्रिजले जे-जे सामानको सूची पठाएको छ तपाईंको घरमा डेलिभर गरिदिन्छ। त्यस्तै अहिले धेरै कम्पनीले सेल्फ ड्राइभिङ कारको विकास गरिरहेका छन्। यी गाडीहरू राम्रोसँग चल्नका लागि फाइभ जी प्रविधिको आवश्यकता पर्छ।




**महावीर पुनले पनि अमेरिकाबाट फर्केर गाउँमा इन्टरनेट सुविधा पुऱ्याइरहनुभएको छ। उहाँले आविष्कार केन्द्र खोल्न पनि पहल थाल्नुभएको छ। तपाई र उहाँ मिलेर केही गर्न सकिन्छ कि ?**

उहाँको कामसँग म अपडेट छु र उहाँको प्रशंसा गर्दै धन्यवाद पनि दिन चाहन्छु। अनुसन्धान र विकाससम्बन्धी विभाग खोल्न धेरै रकम चाहिन्छ, जुन नेपालमा जुट्न गाह्रो हुन्छ। त्यसैले उहाँले कुनै एउटा सेक्टरमा वा निश्चित प्रोजेक्ट बनाउनेछु भनेर पैसा संकलन गरेको भए बढी व्यावसायिक र पारदर्शी हुन्थ्यो कि? विदेशमा पनि कुनै निश्चित परियोजना सञ्चालन गर्नका लागि रकम उठाउने गर्छन्।

**फाइभ जी कहिलेसम्ममा आउँछ ?**

जापान र दक्षिण कोरियाले कोरियामा हुन लागेको विन्टर ओलम्पिक २०१८ र टोकियोमा हुन लागेको समर ओलम्पिक २०२० अगाडि नै फाइभ जी चलाउन निकै मेहेनत गरिरहेका छन्। विश्वभरका अरू कम्पनीलाई पनि त्यही प्रेसर दिइरहेका छन्। त्यसैले ढिलोमा सन् २०२० सम्म पक्कै आइसक्नेछ।

**नेपालको दूरसञ्चार कम्पनीहरूलाई कुनै सुझाव छ कि ?**

ठूला कम्पनीहरूले नेपाललाई भनेर छुट्टै प्रोडक्टहरू बनाउँदैनन्। नेपालको बजार सानो छ। त्यसैले हाम्रा दूरसञ्चार कम्पनीहरूले संसारमा सबैभन्दा कम्पेटिबल कुन प्रविधि छ त्यसको राम्रो अध्ययन गरेर उक्त प्रविधि प्रयोग गर्नुपर्छ। नत्र ग्राहकलाई पनि सुविधा हुन्न र आफूलाई काम गर्न पनि गाह्रो हुन्छ।

## SHARE MARKET

**3 JULY MONDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 7794.00 | 430.00 | 420.00 | 423.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 1514.00 | 562.00 | 548.00 | 550.00 | 1.00 |
| 3 | Arun Finance Limited | 120.00 | 191.00 | 188.00 | 191.00 | 1.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5055.00 | 418.00 | 405.00 | 406.00 | -4.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 4820.00 | 270.00 | 262.00 | 270.00 | 7.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1298.00 | 1460.00 | 1450.00 | 1452.00 | 2.00 |
| 7 | Bank of Kathmandu Ltd. | 16608.00 | 456.00 | 450.00 | 455.00 | 7.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 140.00 | 265.00 | 260.00 | 262.00 | -3.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1300.00 | 300.00 | 292.00 | 292.00 | -5.00 |
| 10 | Butwal Power Company Limited | 3090.00 | 625.00 | 615.00 | 615.00 | -6.00 |
| 11 | Central Finance Co. Ltd. | 2917.00 | 169.00 | 165.00 | 169.00 | 3.00 |
| 12 | Century Commercial Bank Ltd. | 9395.00 | 366.00 | 356.00 | 360.00 | -3.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 981.00 | 1530.00 | 1505.00 | 1505.00 | 2.00 |
| 14 | Chilime Hydropower Company Limited | 3244.00 | 805.00 | 796.00 | 804.00 | 4.00 |
| 15 | Citizen Bank International Limited | 10551.00 | 379.00 | 370.00 | 372.00 | -1.00 |
| 16 | Citizen Investment Trust | 2818.00 | 4030.00 | 4000.00 | 4008.00 | -22.00 |
| 17 | Civil Bank Ltd | 13030.00 | 240.00 | 235.00 | 237.00 | 0.00 |
| 18 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 372.00 | 1315.00 | 1290.00 | 1300.00 | 8.00 |
| 19 | Deprosc Development Bank Limited | 5292.00 | 1300.00 | 1275.00 | 1275.00 | 6.00 |
| 20 | Deva Bikas Bank Limited | 6475.00 | 265.00 | 258.00 | 260.00 | 0.00 |
| 21 | Dibyashwori Hydropower Ltd. | 93.00 | 214.00 | 210.00 | 210.00 | -5.00 |
| 22 | Everest Bank Limited | 6786.00 | 1355.00 | 1330.00 | 1348.00 | 25.00 |
| 23 | Everest Bank Limited Con. Pref. | 22.00 | 899.00 | 890.00 | 890.00 | -10.00 |
| 24 | Everest Insurance Co. Ltd. | 2958.00 | 2355.00 | 2291.00 | 2291.00 | 9.00 |
| 25 | Excel Development Bank Ltd. | 1474.00 | 628.00 | 620.00 | 621.00 | 5.00 |
| 26 | First Micro Finance Dev Bank Ltd. | 1340.00 | 1000.00 | 993.00 | 1000.00 | 5.00 |
| 27 | Forward Community Micro Bittiya Sanstha Ltd. | 66.00 | 2091.00 | 1939.00 | 2091.00 | 190.00 |
| 28 | Garima Bikas Bank Limited | 1665.00 | 303.00 | 290.00 | 292.00 | -1.00 |
| 29 | Global IME Bank Limited | 17681.00 | 380.00 | 373.00 | 378.00 | 5.00 |
| 30 | Goodwill Finance Co. Ltd. | 2105.00 | 206.00 | 200.00 | 204.00 | -6.00 |
| 31 | Guheshowori Merchant Bank & Finance Co. Ltd. | 670.00 | 268.00 | 254.00 | 254.00 | -4.00 |
| 32 | Gurans Life Insurance Company Ltd. | 659.00 | 1020.00 | 1000.00 | 1019.00 | 19.00 |
| 33 | Gurkhas Finance Ltd. | 1868.00 | 185.00 | 180.00 | 182.00 | -4.00 |
| 34 | Hamro Bikas Bank Ltd. | 200.00 | 224.00 | 224.00 | 224.00 | 4.00 |
| 35 | Himalayan Bank Limited | 1980.00 | 885.00 | 870.00 | 885.00 | 15.00 |
| 36 | Himalayan Distillery Limited | 110.00 | 773.00 | 759.00 | 759.00 | -29.00 |
| 37 | Himalayan General Insurance Co. Ltd | 22061.00 | 740.00 | 722.00 | 733.00 | 14.00 |
| 38 | ICFC Finance Limited | 4489.00 | 281.00 | 276.00 | 276.00 | 0.00 |
| 39 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6510.00 | 198.00 | 192.00 | 193.00 | -2.00 |
| 40 | Janaki Finance Ltd. | 3960.00 | 248.00 | 241.00 | 245.00 | -4.00 |
| 41 | Janata Bank Nepal Ltd. | 24014.00 | 265.00 | 260.00 | 261.00 | -1.00 |
| 42 | Janautthan Samudayic LaghBikas Bank Ltd. | 235.00 | 3115.00 | 3075.00 | 3075.00 | 21.00 |
| 43 | Jebils Finance Ltd. | 16.00 | 247.00 | 247.00 | 247.00 | 0.00 |
| 44 | Jyoti Bikas Bank Limited | 2673.00 | 210.00 | 201.00 | 205.00 | 4.00 |
| 45 | Kabeli Bikas Bank Limited | 214.00 | 540.00 | 530.00 | 530.00 | 1.00 |
| 46 | Kailash Bikas Bank Ltd. | 4025.00 | 325.00 | 320.00 | 321.00 | -1.00 |
| 47 | Kalika Microcredit Development Bank Ltd. | 350.00 | 1724.00 | 1691.00 | 1691.00 | 1.00 |
| 48 | Kanchan Development Bank Limited | 250.00 | 297.00 | 287.00 | 287.00 | -16.00 |
| 49 | Kankai Bikas Bank Ltd. | 1574.00 | 239.00 | 231.00 | 231.00 | 0.00 |
| 50 | Karnali Development Bank Limited | 1540.00 | 295.00 | 290.00 | 290.00 | 0.00 |
| 51 | Khanikhola Hydropower Co. Ltd. | 254.00 | 208.00 | 205.00 | 205.00 | 1.00 |
| 52 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 972.00 | 2755.00 | 2708.00 | 2750.00 | 0.00 |
| 53 | Kumari Bank Limited | 12361.00 | 325.00 | 319.00 | 322.00 | 1.00 |
| 54 | Lalitpur Finance Ltd. | 100.00 | 171.00 | 171.00 | 171.00 | -1.00 |
| 55 | Laxmi Bank Limited | 6000.00 | 385.00 | 380.00 | 380.00 | 1.00 |
| 56 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 278.00 | 1890.00 | 1855.00 | 1855.00 | -8.00 |
| 57 | Lumbini General Insurance Co. Ltd. | 7542.00 | 945.00 | 930.00 | 931.00 | -9.00 |
| 58 | Machhapuchhre Bank Limited | 11793.00 | 355.00 | 343.00 | 350.00 | 5.00 |
| 59 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 316.00 | 1194.00 | 1170.00 | 1190.00 | 20.00 |
| 60 | Manjushree Finance Ltd. | 36928.00 | 165.00 | 156.00 | 165.00 | 6.00 |
| 61 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1136.00 | 2244.00 | 2200.00 | 2240.00 | 22.00 |
| 62 | Mirmire Microfinance Dev Bank Ltd. | 505.00 | 2184.00 | 2120.00 | 2120.00 | -22.00 |
| 63 | Miteri Development Bank Limited | 90.00 | 515.00 | 510.00 | 515.00 | 14.00 |
| 64 | Mithila LaghuBitta Bikas Bank Ltd. | 469.00 | 1352.00 | 1302.00 | 1330.00 | 30.00 |
| 65 | Muktinath Bikas Bank Ltd. | 9214.00 | 938.00 | 925.00 | 926.00 | -2.00 |
| 66 | Nabil Balance Fund 1 | 42000.00 | 19.26 | 19.25 | 19.25 | 0.00 |
| 67 | Nabil Bank Limited | 2096.00 | 1480.00 | 1470.00 | 1475.00 | -4.00 |
| 68 | NABIL Bank Limited Promotor Share | 17519.00 | 1075.00 | 1036.00 | 1050.00 | -7.00 |
| 69 | Nabil Equity Fund | 2535.00 | 9.85 | 9.80 | 9.82 | 0.02 |
| 70 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 38.00 | 3250.00 | 3250.00 | 3250.00 | -49.00 |
| 71 | National Life Insurance Co. Ltd. | 411.00 | 2246.00 | 2233.00 | 2245.00 | 20.00 |
| 72 | National Microfinance Bittiya Sanstha Ltd. | 39.00 | 1345.00 | 1319.00 | 1345.00 | 51.00 |
| 73 | NB Insurance Co. Ltd. | 150.00 | 970.00 | 955.00 | 970.00 | 19.00 |
| 74 | Neco Insurance Co. Ltd. | 5621.00 | 974.00 | 960.00 | 962.00 | 7.00 |
| 75 | Nepal Bangladesh Bank Limited | 6467.00 | 400.00 | 395.00 | 397.00 | 2.00 |
| 76 | Nepal Bank Limited | 17655.00 | 338.00 | 329.00 | 329.00 | -5.00 |
| 77 | Nepal Credit & Comm Bank Ltd. Pro Share | 19808.00 | 196.00 | 196.00 | 196.00 | -4.00 |
| 78 | Nepal Credit And Commercial Bank Ltd | 30484.00 | 373.00 | 360.00 | 364.00 | 2.00 |
| 79 | Nepal Doorsanchar Comapany Limited | 27130.00 | 665.00 | 661.00 | 662.00 | -3.00 |
| 80 | Nepal Grameen Bikas Bank Ltd. | 290.00 | 740.00 | 726.00 | 735.00 | 0.00 |
| 81 | Nepal Insurance Co. Ltd. | 1179.00 | 1425.00 | 1401.00 | 1415.00 | -7.00 |
| 82 | Nepal Investment Bank Limited | 9996.00 | 745.00 | 731.00 | 740.00 | 9.00 |
| 83 | Nepal Investment Bank Ltd. Promoter Share | 4638.00 | 630.00 | 627.00 | 630.00 | 8.00 |
| 84 | Nepal Life Insurance Co. Ltd. | 17892.00 | 2025.00 | 1992.00 | 2025.00 | 20.00 |
| 85 | Nepal SBI Bank Limited | 1147.00 | 930.00 | 912.00 | 921.00 | 13.00 |
| 86 | Nerude Laghubita Bikas Bank Limited | 3057.00 | 1250.00 | 1242.00 | 1248.00 | -2.00 |
| 87 | Ngadi Group Power Ltd. | 789.00 | 271.00 | 264.00 | 271.00 | 6.00 |
| 88 | NIBL Pragati Fund | 4394.00 | 9.60 | 9.50 | 9.60 | 0.08 |
| 89 | NIBL Samriddhi Fund 1 | 26098.00 | 11.60 | 11.45 | 11.45 | -0.04 |
| 90 | NIC Asia Bank Ltd. | 7507.00 | 432.00 | 426.00 | 430.00 | 3.00 |
| 91 | Nirdhan Utthan Bank Limited | 950.00 | 1950.00 | 1920.00 | 1920.00 | 5.00 |
| 92 | NLG Insurance Company Ltd. | 3849.00 | 1462.00 | 1401.00 | 1448.00 | -3.00 |
| 93 | NMB Microfinance Bittiya Sanstha Ltd. | 209.00 | 2720.00 | 2650.00 | 2670.00 | 17.00 |
| 94 | NMB Bank Limited | 9042.00 | 537.00 | 530.00 | 531.00 | 1.00 |
| 95 | NMB Bank Limited Promoter Share | 65330.00 | 265.00 | 265.00 | 265.00 | -2.00 |
| 96 | NMB Hybrid Fund L-1 | 2912.00 | 9.78 | 9.60 | 9.78 | -0.02 |
| 97 | NMB Sulav Investment Fund-1 | 1000.00 | 12.65 | 12.65 | 12.65 | -0.25 |
| 98 | Oriental Hotels Limited | 5278.00 | 674.00 | 655.00 | 655.00 | -6.00 |
| 99 | Pokhara Finance Ltd. | 2215.00 | 264.00 | 249.00 | 249.00 | -15.00 |
| 100 | Prabhu Bank Limited | 17798.00 | 400.00 | 391.00 | 395.00 | 2.00 |
| 101 | Prabhu Insurance Ltd. | 1290.00 | 1030.00 | 1000.00 | 1005.00 | 0.00 |
| 102 | Premier Insurance Co. Ltd. | 2800.00 | 1693.00 | 1640.00 | 1641.00 | -19.00 |
| 103 | Prime Commercial Bank Ltd. | 19276.00 | 404.00 | 399.00 | 401.00 | 2.00 |
| 104 | Prime Life Insurance Company Limited | 1267.00 | 2555.00 | 2525.00 | 2526.00 | -22.00 |
| 105 | Prudential Insurance Co. Ltd. | 2083.00 | 1420.00 | 1371.00 | 1375.00 | -5.00 |
| 106 | Purnima Bikas Bank Ltd. | 2980.00 | 292.00 | 285.00 | 285.00 | -10.00 |
| 107 | Rastriya Beema Company Limited | 44.00 | 13200.00 | 13000.00 | 13000.00 | -430.00 |
| 108 | Rastriya Beema Com Ltd Promoter Share | 70.00 | 11559.00 | 11328.00 | 11328.00 | -5.00 |
| 109 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 20.00 | 1887.00 | 1850.00 | 1887.00 | 50.00 |
| 110 | Reliance Finance Ltd. | 540.00 | 210.00 | 208.00 | 208.00 | -2.00 |
| 111 | Ridi Hydropower Dev Company Ltd. | 849.00 | 200.00 | 196.00 | 200.00 | 0.00 |
| 112 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 522.00 | 2920.00 | 2900.00 | 2915.00 | -15.00 |
| 113 | Rural Microfinance Dev Centre Ltd. | 1149.00 | 780.00 | 755.00 | 765.00 | 10.00 |
| 114 | Sagarmatha Insurance Co. Ltd. | 740.00 | 1400.00 | 1395.00 | 1400.00 | 18.00 |
| 115 | Sahayogi Bikas Bank Limited | 3051.00 | 341.00 | 332.00 | 340.00 | -6.00 |
| 116 | Sana Kisan Bikas Bank Ltd | 828.00 | 1510.00 | 1482.00 | 1490.00 | -10.00 |
| 117 | Sanima Bank Limited | 56263.00 | 421.00 | 412.00 | 415.00 | -5.00 |
| 118 | Sanima Mai Hydropower Ltd. | 8452.00 | 1176.00 | 1140.00 | 1140.00 | -35.00 |
| 119 | Saptakoshi Development Bank Ltd. | 642.00 | 198.00 | 195.00 | 198.00 | 4.00 |
| 120 | Shangrila Development Bank Ltd. | 5700.00 | 391.00 | 385.00 | 385.00 | -10.00 |
| 121 | Shikhar Insurance Co. Ltd. | 1983.00 | 1870.00 | 1835.00 | 1870.00 | -10.00 |
| 122 | Shine Resunga Development Bank Ltd. | 269.00 | 416.00 | 404.00 | 416.00 | 16.00 |
| 123 | Shree Investment Finance Co. Ltd. | 3250.00 | 382.00 | 373.00 | 373.00 | -4.00 |
| 124 | Shrijana Finance (Bittaya Sanstha) | 150.00 | 441.00 | 433.00 | 441.00 | 0.00 |
| 125 | Siddhartha Bank Limited | 13629.00 | 470.00 | 461.00 | 465.00 | 0.00 |
| 126 | Siddhartha Equity Orineted Scheme | 1500.00 | 11.81 | 11.81 | 11.81 | 0.00 |
| 127 | Siddhartha Insurance Ltd. | 2528.00 | 1440.00 | 1430.00 | 1435.00 | -15.00 |
| 128 | Siddhartha Inv Growth Scheme-1 | 10000.00 | 22.55 | 22.55 | 22.55 | -0.21 |
| 129 | Soaltee Hotel Limited | 6675.00 | 360.00 | 357.00 | 358.00 | -7.00 |
| 130 | Standard Chartered Bank Limited | 8844.00 | 2285.00 | 2270.00 | 2279.00 | 2.00 |
| 131 | Summit Micro Finance Dev Bank Ltd. | 976.00 | 2975.00 | 2941.00 | 2975.00 | 34.00 |
| 132 | Sunrise Bank Limited | 5526.00 | 375.00 | 368.00 | 369.00 | -6.00 |
| 133 | Surya Life Insurance Company Limited | 3210.00 | 1015.00 | 1000.00 | 1001.00 | -12.00 |
| 134 | Swabalamban Bikas Bank Limited | 1473.00 | 1800.00 | 1775.00 | 1775.00 | -10.00 |
| 135 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 1105.00 | 1680.00 | 1657.00 | 1660.00 | 20.00 |
| 136 | Synergy Finance Ltd. | 140.00 | 155.00 | 155.00 | 155.00 | 0.00 |
| 137 | Synergy Power Development Ltd. | 4484.00 | 250.00 | 241.00 | 241.00 | -5.00 |
| 138 | Taragaon Regency Hotel Limited | 10.00 | 255.00 | 255.00 | 255.00 | -5.00 |
| 139 | Tinau Development Bank Limited | 30.00 | 314.00 | 309.00 | 309.00 | -11.00 |
| 140 | United Finance Ltd. | 909.00 | 245.00 | 240.00 | 244.00 | -4.00 |
| 141 | United Insurance Co. (Nepal) Ltd. | 1460.00 | 1458.00 | 1430.00 | 1440.00 | 10.00 |
| 142 | United Modi Hydropower Ltd. | 4070.00 | 353.00 | 345.00 | 345.00 | -1.00 |

Total Amount Rs. 446,795,546 Total Quantity 838,398 Total No of Transactions 5,001

काम नगरे पनि सडक बन्द गर्दा स्थानीयले निकै सास्ती खेप्नु परेको बताउँदै उहाँले एम्बुलेन्स र दमकलसमेत जान नसक्ने अवस्था सिर्जना गर्नु सडक कार्यालय र ठेकेदारको लापरबाहीको पराकाष्ट भएको छ।




# डिभिजन सडक र ठेकेदारको लापरबाही सास्ती

पुष्कर बुढाथोकी, भक्तपुर

डिभिजन सडक कार्यालय भक्तपुर र ठेकेदारको लापरवाहीका कारण कौसलटार-बालकोट सडक बन्द हुँदा बिरामी लिन गएका एम्बुलेन्ससमेत रित्तै फर्किएको छ। असारको मध्यमा बजेट सिध्याउनकै लागि सूर्यविनायक नगरपालिका-२ बालकोट सडक कालोपत्र गर्ने भन्दै सडक बन्द गरेपछि बेहुला बेहुली समेत हिडेरै घर पुगेका छन्।

कौसलटार-बालकोट जोड्ने पुलदेखि बालकोट हाइटसम्म कालोपत्र गर्ने भन्दै आइतबारदेखि नै सडक बन्द गराए पनि कालोपत्र नगरी सडक बन्द गर्दा स्थानीयले सास्ती भोग्नु परेको छ। सडक कालोपत्र गर्ने ठेकेदार कम्पनीले पुलमा कालोपत्र गर्ने मेसिन राखेर सडकमा आवागमन बन्द गराएपछि सोमबार बालकोट हाईटमा बिरामी लिन गएको एम्बुलेन्ससमेत रित्तै फर्किएको बालकोट-२ का रामेश्वर थापाले बताउनुभयो। उहाँले भन्नुभयो-'मध्य वर्षामा बजेट सिध्याउन कालोपत्र गर्न खोज्दैछन्, हिजो साँझ पानी परिरहेकै बेलामा कालोपत्र गर्न लाग्दा जनताले बिरोध गरे, आज दिनभर घाम लागे पनि काम गरेनन्, सडक भने बन्द गराउँदा न एम्बुलेन्स नै आउन पायो, न त कुनै सवारी साधन नै।'

सडक बन्द भएपछि बेहुला बेहुली बोकेर आएको सवारी साधन नै रोकिँदा बेहुला बेहुली हिडेरै बालकोट हाईट गएका छन्। सडक बन्द भएपछि पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसमेत ललितपुरको टीकाथली घुमेर जान थालेको प्रहरी प्रभाग बालकोट प्रहरीले जानकारी दिएको छ। भीभीआईपी सडक र बस्ती भए पनि सडक बन्द भएपछि नेता, सरकारी उच्च ओहोदाका व्यक्तिदेखि स्थानीय बासिन्दा समेतले सास्ती खेप्नु परेको छ। बालकोट हुँदै सिरुटार जाने वैकल्पिक सडकको रूपमा रहेको चारदोबाटो बालकोट सडक साधुरो र घण्टौं जाम हुन थालेपछि बालकोट र सिरुटारका बासिन्दाको दैनिकी नै अस्तव्यस्त बनेको छ।

बालकोट-२ का फर्निचर व्यवसायी उद्धब ढकालले हिजो राती सातबजे धुलो माटोमाथि नै मापदण्ड विपरित कालोपत्र गर्न अलकत्रा हाल्दा भारी वर्षाले रातभरी नै बगाएको बताउनुभयो। उहाँले भन्नुभयो-'बजेट सिध्याउन हतार-हतार वर्षामा सडक बन्द गराएर कालोपत्र गर्न खोजिँदैछ, माटोमाथि नै कालोपत्र गर्न थालेपछि स्थानीयले विरोधसमेत गरेका छन्, सडक कार्यालयका इन्जिनियर फर्किरै आउँदैनन्, यस्तो सडक के काम, जनताले मात्रै दु:ख पाए।'

काम नगरे पनि सडक बन्द गर्दा स्थानीयले निकै सास्ती खेप्नु परेको बताउँदै उहाँले एम्बुलेन्स र दमकलसमेत जान नसक्ने अवस्था सिर्जना गर्नु सडक कार्यालय र ठेकेदारको लापरबाहीको पराकाष्ट भएको बताउनुभयो। बालकोट-२ कै स्थानीय पुरुषोत्तम ढकालले सडक तत्काल खुलाएर सञ्चालनमा नल्याए भोलिदेखि आन्दोलन गर्ने बताउनुभयो।

सूर्यविनायक नगरपालिका-२ का वडा अध्यक्ष कमलनाथ आचार्यले भने तीन दिनदेखि आफूले सडक कार्यालयका कर्मचारीलाई छिटो कालोपत्र गरेर सडक खुलाउन आग्रह गरे पनि बेवास्ता गरेको बताउनुभयो। जनप्रतिनिधी भनेर सबैले गुनासो र आक्रोस पोख्न आएको बताउँदै उहाँले कालोपत्र पनि नगर्ने र सडक पनि बन्द गर्ने ठेकेदारको लापरबाहीले जनताले दु:ख पाएको बताउनुभयो।

करिब ५ करोड रुपियाँको लागतमा गत वर्ष टेन्डर भएको उक्त सडक एकवर्ष बित्दा पनि ठेकेदारले विस्तार कार्य सम्पन्न नगरी वर्षामा हतार-हतार कालोपत्र गर्न लागिएको हो। यसबारे जिज्ञासा राख्दा ठेकेदार सम्पर्कमै आएनन् भने डिभिजन सडक कार्यालय भक्तपुरका प्रमुख गुरूप्रसाद अधिकारीले भने अबको तीन दिन अझै सडक बन्द हुने र कालोपत्र सम्पन्न गर्ने लक्ष्य लिएको बताउनुभयो।

# एनसेलको म्याजिक भ्वाइस सेवा

नेपाल समाचारपत्र

काठमाडौं

एनसेल प्राइभेट लिमिटेडले आफ्ना ग्राहकका लागि 'म्याजिक भ्वाइस' सेवा ल्याएको छ। जस अन्तर्गत एनसेलका ग्राहकले आफ्नो मोबाइलमा कुरा गर्दा आफ्नो आवाज र ब्याक ग्राउण्ड साउन्ड परिवर्तन गरी मोबाइलमा कुरा गर्न सक्नेछन्।

यो सेवा सुचारु गरेलगतै एनसेलका ग्राहकले आफ्नो आवाज परिवर्तन गरी कार्टुन क्यारेक्टर, महिला अथवा अन्य कुनै क्यारेक्टरको जस्तो आवाजमा कुरा गर्न सक्नेछन्।

यसका साथै ग्राहकले कुरा गर्दा ट्राफिक जाम, एयरपोर्ट, फुटबल स्टेडिएम, बर्थडे टोन लगायतका विभिन्न ब्याकग्राउन्ड साउन्ड आफ्नो मोबाइलमा राख्न पनि सक्नेछन्।

यो सेवा आईभिआरमा आधारित सेवा रहेको एनसेलले जनाएको छ। उक्त सेवा असार १९ गतेबाट लागू भएको छ।

एनसेलका ग्राहकले दैनिक वा साप्ताहिक रूपमा यो सेवा एकपटक अथवा स्वत: नवीकरण हुने गरी सुचारु गर्न सक्नेछन्। दैनिक २ रुपियाँमा र साप्ताहिक १० रुपियाँमा उक्त सेवा लिन सकिनेछ।

'यो रोचक सेवा ग्राहक माझ ल्याउन पाउँदा हामी निकै हर्षित छौं। हामीलाई विश्वास छ यसले ग्राहकलाई थप मुल्य प्रदान गर्ने छ र सेवा प्रयोगको अनुभव अभिवृद्धिमा योगदान गर्नेछ।

साथै यो सेवामा हामी मासिक रूपमा थप विभिन्न क्यारेक्टरहरूको आवाज र ब्याकग्राउन्ड साउन्डहरू थप्दै लग्ने छौं।' एनसेलका कर्पोरेट संवाद विज्ञ मिलन शर्माले भन्नुभयो।

Ncell
an axiata company

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

HOME APPLIANCES को
अधिकतम बिक्री मूल्य अधिराज्यभर

| S.N | Category | Model | Brand | MRP (NPR)* (Inclusive of all Taxes) |
|---|---|---|---|---|
| 1 | AIR COOLER | AT401 PM | AIRTEK | 18500 |

*CONDITION APPLY

अधिकृत विक्रेता
स्मार्ट एप्लायन्सेस प्रा.लि.
काठमाण्डौ, नेपाल

सिनर्जी फाइनान्स लिमिटेडको संस्थापक/सर्वसाधारण शेयरहरुमा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

तपसिलमा उल्लेखित यस बैंकका संस्थापक/सर्वसाधारण शेयरधनीको मिति २०७२।०६/२० मा मृत्यु भैसकेकाले निज मृतक शेयरधनीको नाममा रहेको निम्न बमोजिमका संस्थापक/सर्वसाधारण शेयरहरु देहाय बमोजिमका निवेदकको नाममा नामसारी गरी पाउँ भनी आवश्यक सम्पूर्ण कानूनी कागजातहरुका साथ निम्न बमोजिमका हकवालाबाट निवेदन प्राप्त हुन आएको हुँदा उक्त शेयर उपर उल्लेखित निवेदक बाहेक अन्य कसैको हकदावी भए सो को सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लि. कमलादी, काठमाडौं मार्फत यस कम्पनीमा हकदावी गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त शेयरहरु उल्लेखित निवेदकको मागदावी बमोजिम नामसारी भै जानेछ। म्यादभित्र तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन।

| मृतक शेयरधनीको नाम र ठेगाना | शेयर संख्या र शेयरधनी नं. | शेयर प्रमाणपत्र नम्बर | हकवालाको नाम तथा नाता |
|---|---|---|---|
| संजिब प्रसाद प्रधान भोटेबहाल, काठमाडौं | ६५५ कित्ता शे.ध.नं.५८३० | ११०८५, ११०८६ साधारण | प्रतिभा देवी प्रधान (पत्नी) |
| संजिब प्रसाद प्रधान भोटेबहाल, काठमाडौं | ५७३२ कित्ता शे.ध.नं.३३१ | ३०८४ देखि ३०८९ सम्म संस्थापक | प्रतिभा देवी प्रधान (पत्नी) |

Together we, Prosperity for all
सिनर्जी फाइनान्स लिमिटेड
Synergy Finance Ltd.
कर्पोरेट अफिस, कमलादी, काठमाडौं
फोन नं. ०१-४४४२४६१,फ्याक्स नं.०१-४४४२४६०

शेयर रजिष्ट्रार
prabhu CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाण्डौं, नेपाल
फोन ४२२२९८७, फ्याक्स ४२२२८०२

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

CENTURY BANK
सेञ्चुरी बैंक

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाए बमोजिम रहेको छ ।

- **निकायको स्वरूप र प्रकृति:**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी सञ्चालित "क" वर्गको बैंक ।
- **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।
- **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कार्यरत कर्मचारी संख्या ५७२ रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ। विभागिय प्रमुख तथा व्यवस्थापन समूहको नाम र पद बैंकको वेबसाइट : www.centurybank.com.np मा हेर्न सकिन्छ ।
- **निकायबाट प्रदान गर्ने गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, बमोजिम "क" वर्गका बैंकले दिनसक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।
- **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने बैंकको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस बैंकको वेबसाइट www.centurybank.com.np मा उपलब्ध गरिएको छ ।
- **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेबसाइट: www.centurybank.com.np/main/pages/fees_n_charges मा प्रकाशित गरिएको छ ।
- **निर्णय गर्ने प्रक्रिया र अधिकारी:**
बैंकिङ्ग कारोबारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले बैंकको आन्तरिक विनियमावलीको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।
- **निर्णयउपर उजुरी सुन्ने अधिकारी:**
निर्णयउपर उजुरी सुन्ने अधिकारीको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति रहनु भएको छ ।
- **सम्पादन गरेको कामको विवरण:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन , २०६३ बमोजिम "क" वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैकिङ्ग कारोबारहरु सम्पादन भइरहेको ।
- **बैंकको प्रमुख सूचना अधिकारीको विवरण:**
बैंकको प्रमुख सूचना अधिकारीको नाम र पद यस प्रकार रहेको छ ।
**श्री शेखर राज बस्ताकोटी**
प्रवक्ता
इमेल: shekhar.bastakoti@centurybank.com.np
मोवाईल नम्बर: ९८५१०३३४४०
साथै यस बैंकका शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखहरुलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।
- **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् ।
    - बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
    - नेपाल राष्ट्र बैंक ऐन २०५८
    - बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
    - कम्पनी ऐन २०६३
    - बैकिङ्ग कसूर तथा सजाय ऐन २०६४
    - धितोपत्र सम्बन्धी ऐन २०६३
    - सुरक्षित कारोवार ऐन २०६३
    - करार ऐन २०५६
    - विनियम अधिकार पत्र ऐन २०३४
    - विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ आदि
    - उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
    - नेपाल राष्ट्र बैंक बाट जारी गरीएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु
- **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको र बैंकको वेबसाइट www.centurybank.com.np मा समेत त्यस्तो विवरण राखिएको छ ।
- **बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
**श्री अनुज मणि तिमिल्सिना**
प्रमुख कार्यकारी अधिकृत
सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
- **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको र कुनै विशेष प्रकारको कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।
- **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**
बैंकको वेबसाइट www.centurybank.com.np रहेको छ ।
- **सार्वजनिक निकायको सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण:**
बैंकको वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भई बैंकको वेबसाइटमा समेत प्रकाशन गरिएको छ । साथै बैंकको आर्थिक विवरण त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेबसाइटमा राखिएको छ ।

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
पुतलीसडक, काठमाडौं। फोन: ४४४५०६२/४४२८३१७। फ्याक्स नं: ४४४१४२२
Email: welcome@centurybank.com.np
URL: www.centurybank.com.np

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल ८ मि.मि. | टोरस्टिल १०-२० मि.मि. | टोरस्टिल २५-३२ मि.मि. | टि. एम. टि. टेम्पकोर ८ मि.मि | टि. एम. टि. टेम्पकोर १०-२० मि.मि | टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि. | टोरकारी ४.७५-७ मि.मि. | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

## बिक्रीका लागि सिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

(प्रथम पटक प्रकाशित मिति ३ असार २०७४)

यस बैंकको तपसीलमा उल्लेखित शाखा कार्यालयहरू स्थानान्तरण भएको हुँदा उक्त शाखा कार्यालयहरूका आन्तरिक सजावट हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रबाट विक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक महानुभावहरूले यस बैंकको प्रधान कार्यालय, कमलपोखरीमा सम्पर्क राखी आफ्नो बिस्तृत बिवरण सहित खामबन्दि बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**आन्तरिक सजावट बिक्री गरीने शाखा कार्यालयहरू**

| क्र.सं. | शाखा कार्यालय | ठेगाना | शखा रहेको तल्ला | अन्दाजि एरीया (बर्ग फिटमा) |
|---|---|---|---|---|
| १ | नयाँ बानेश्वर | देवकोटा सडक, बानेश्वर, का.म.न.पा. ३४ | भुई तल्ला | १,६०० |
| २ | सुर्यबिनायक | सुर्यबिनायक चोक, भक्तपुर उप-म.न.पा. १४ | पहिलो तल्ला | १,२०० |
| ३ | नारायणगढ | लायन्स चोक, भरतपुर म.न.पा. ३ | पहिलो तल्ला | १,२०० |
| ४ | बिराटनगर | महेन्द्र चोक, बिराटनगर म.न.पा.१४ | पहिलो तल्ला | ३,००० |
| ५ | बुटवल | ट्राफिक चोक, बुटवल उप-म.न.पा. ८ | पहिलो तल्ला | ४,००० |

बैंकले आफ्नो स्वामित्वमा रहेको आन्तरिक सजावट मात्र बिक्री गर्नेछ । बोलपत्रदाताले सो आन्तरिक सजावट झिकी लान सक्नेछ वा घरधनीसंग आपसी सहमतीमा सो स्थान भाडामा पनि लिन सकिनेछ ।

दर्ता भएका बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ७औं दिन कार्यालय समयभित्र बैंकको प्रधान कार्यालयमा खोलिनेछ । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य विदाको भोलिपल्ट गरिनेछ ।

बैंकले आन्तरिक रूपमा निर्धारण गरेको न्युनतम मुल्य भन्दा कम मुल्यको कोटेशन प्राप्त भएमा वा प्राप्त भएका बोलपत्रहरू कुनै पनि कारणले बैंकलाई उपयुक्त नलागेमा विक्री स्थगित वा रद्द गर्न पनि सकिनेछ ।

यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस बैंकको प्रधान कार्यालय, केन्द्रीय संसाधन विभाग, कमलपोखरी फोन नं. ०१-४४१४५४१, Ext No. १६९ वा १९२ मा फोन मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**केन्द्रिय कार्यालय, बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी, काठमाडौं, नेपाल**
**पो.ब.नं.: ९०४४, फोन: फोन नं.: ०१ ४४१४५४१, Ext No. १६९ वा १९२, फ्याक्स: ४४१८९९०**
**(साबिकको लुम्बिनी बैंक लि. र बैंक अफ काठमाण्डू लि. एकआपसमा गाभिएर बनेको संस्था)**

## आयो है गाईजात्रे तन्त्र



आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आएनि आफैं बाँडीचुँडी खानी।
मेलम्ची र सडक विस्तारलाई बहाना बनाई खाल्डैखाल्डो भयो शहर
धुलो र धूवाँ, खाल्डो र हिलो देशकै रोग भयो जनताको कहर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने जो नै आए नि सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो रोएजस्तो कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुट्यो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ कति सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् भयो जनता झुक्याउने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
फेरि नि अहिले देऊ प्रधानमन्त्री मलाई अर्कोपालि तिम्रै भो कुर्सी
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति।
देश विकास भन्दाभन्दै आमा भइन् बूढी
सत्ताको बाँडफाँडले सधैं उही लुछाचुँडी।
स्थानीय तह निर्वाचन कसैलाई मस्ती नै मस्ती
भाग नपाउनेलाई बहाना भो फेरि खेल्न कुस्ती।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको सधैं यही धोको।
व्यंग्य लेखक, कार्टुनिस्ट टुप्पी कसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्य चित्र
यही साउन एक म्याद यसको पठाऊँ यहीभित्र।
हरेक साल उत्कृष्ट छ परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

**कामना न्यूज पब्लिकेसन्स्**
**कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं**
**पो. ब. नं. २०४५**
**ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com**





# जर्मनीलाई कन्फेडेरेसन कप उपाधि



मस्को, (एजेन्सी)

विश्वविजेता जर्मनीले रसियामा भएको फिफा कन्फेडरेसन फुटबल कपको उपाधि जितेको छ।

आइतबार राति सेन्ट पीटर्सबर्गको मैदानमा भएको फाइनलमा चिलीलाई १-० ले पराजित गर्दै जर्मनीले पहिलो पटक कन्फेडेरेसन कपको उपाधि उचालेको हो। जर्मनीलाई च्याम्पियन बनाउन खेलको २०औं मिनेटमा लार्स स्टिन्डलले गरेको गोल निर्णायक सावित भयो। यो जर्मनीको पहिलो कन्फेडरेसन कप उपाधि हो। उक्त गोल चिलीका डिफेन्डर मर्सेलो डियाजको गल्तीका कारण भएको थियो। उनले आफ्नै डी-एरियानजिक बल नियन्त्रण गर्न नसकेको अवस्थामा टिमो वेर्नरले बल खोस्दै स्टिन्डललाई खाली गोलपोस्टमा बल मिलाइदिएका थिए। जसलाई स्टिन्डलले बिना कुनै गल्ती गोल गर्दै जर्मनीलाई अगाडि पारेका थिए।

तुलनात्मक रूपमा खेल अवधिभर हावी रहे पनि गोल गर्न नसक्दा चिलीले हारलाई आत्मसात गर्नुपरेको हो। चुस्त बल खोस्ने शैली र तीव्र गतिको खेल पस्केका चिलीका सामु जर्मनी रक्षात्मक देखिएको थियो। यता जर्मनीले पनि बेला बेलामा काउन्टर अटयाकमार्फत चिलीको रक्षापंक्तिलाई व्यस्त भने पारेका थिए। खेलको अन्तिम समयसम्म गोलका लागि भरमग्दुर प्रयास जारी राखे पनि असफल भएपछि अन्ततः चिली हारलाई स्वीकार्न बाध्य बन्यो। अधिकांश युवा फुटबलरको बाहुल्यता रहेको जर्मनीले इतिहासमै पहिलोपटक कन्फेडेरेसन कपको उपाधि जित्न सफल भएको हो। यसअघि आइतबारै भएको खेलमा मेक्सिकोलाई २-१ ले हराउँदै पोर्चुगलले तेस्रो स्थान कब्जा गरेको थियो। प्रतियोगिताको उत्कृष्ट गोलरक्षकलाई प्रदान गरिने गोल्डेन ग्लोभ चिलीका कप्तान एवं गोलरक्षक क्लाउडियो ब्राभोले प्राप्त गरे। यस्तै फाइनलमा जर्मनीका लागि निर्णायक गोल गर्ने लार्स स्टिन्डलसरह समान ३ गोल गरेका वेर्नरले दुई असिस्ट गरेका कारण गोल्डेन बल हात पारे।

सन् १९९२ देखि शुरू भएको यस प्रतियोगिताको उपाधि जित्ने जर्मनी दोस्रो युरोपियन टोलीसमेत बनेको छ। यसअघि युरोपियन टोलीका रूपमा जिनेदिन जिदानसहितको फ्रान्सले कन्फेडेरेसन कपको उपाधि उचालेको थियो। चारपटक उपाधि जितेको ब्राजिल कन्फेडेरेसनको कप प्रतियोगिताकै सर्वाधिक सफल टोली हो।

### कन्फेडेरसन कप विजेता-उपविजेता

| | | | |
|---|---|---|---|
| १९९७ | ब्राजिल | ६-० | अस्ट्रेलिया |
| १९९९ | मेक्सिको | ४-३ | ब्राजिल |
| २००१ | फ्रान्स | १-० | जापान |
| २००३ | फ्रान्स | १-० | क्यामरुन |
| २००५ | ब्राजिल | ४-१ | अर्जेन्टिना |
| २००९ | ब्राजिल | ३-२ | अमेरिका |
| २०१३ | ब्राजिल | ३-० | स्पेन |
| २०१७ | जर्मनी | १-० | चिली |

# होल्डरले वेस्ट इन्डिजलाई जिताए

नयाँदिल्ली, (एजेन्सी)

कप्तान जेसन होल्डरले घातक बलिङ गरेपछि घरेलु टोली वेस्ट इन्डिजले भारतलाई चौथो वान-डेमा ११ रनको रोमाञ्चक जित हात पारेको छ। आइतबार राति भएको खेलमा भारतले १ सय ९० रनको सजिलो देखिएको लक्ष्य भेटाउन नसक्दा वेस्ट इन्डिजले जितेको हो। यो जितका साथै वेस्टइन्डिजले पाँच वान-डे सिरिजमा बराबरी गर्ने आशा जीवित राखेको छ। पाहुना टोली भारत सिरिजमा २-१ ले अगाडि छ। पाँचौं वान-डे बिहीबार किंग्सटनमा हुनेछ।

पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित ५० ओभरमा ९ विकेटको क्षतिमा १ सय ८९ रन जोडेको थियो। जसमा इभिन लेविस र काइल होपले सर्वाधिक ३६/३६ रन योगदान दिए। भारतीय बलरमा उमेश यादव र हार्दिक पाण्डेले ३/३ विकेट लिएका थिए।

जवाफमा उत्रेको भारतीय टोली ४९ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर १ सय ७८ रनमा खुम्चिएको थियो। पूर्व कप्तान महेन्द्रसिंह धोनी ५४ रन बनाएर केस्रिक विलियम्सको सिकार बनेपछि वेस्ट इन्डिजले जित हात पारेको थियो। धोनी आठौं विकेटका रूपमा १ सय ७६ रनमा आउट भएका थिए। यसअघि आजिन्क्य रहाणेले ६० रन बनाएका थिए। भारतलाई तहसनहस गरेका म्यान अफ द म्याच होल्डरले ९ दशमलव ४ ओभरमा २ मेडनसहित २७ रन दिएर पाँच विकेट लिएका थिए।

## धरहरा

### नेताले बुझे कि ?



हाम्रा राजनीतिज्ञहरुको विदेशी मिडिया र नेपाली मिडियालाई गर्ने व्यवहारमा आकाश जमिनको फरक भएको धरहराले देखेको छ। विदेशी मिडियाले सम्पर्कको प्रयास गऱ्यो भने उनीहरु हाफभाफ गर्दै तयार हुन्छन् तर नेपाली मिडियाले प्रयास गऱ्यो भने बडो भाउ खोज्ने गरेको कहिलेकाहीं देख्न पाइन्छ।

अप्ठेरो पर्दा तिनै नेपाली मिडिया काम लाग्छन् भन्ने कुरा नेता र तिनका धुपौरेले बिर्सन्छन्। त्यही भएर कहिलेकाहीं जरुरी काम छ भने पनि टार्न प्रयास गर्छन्। आइतबार एउटा विदेशी स्पोन्सर टिभी कार्यक्रममा मुलुकका प्रधानमन्त्रीलाई अपमानित गर्ने हिसाबले केही प्रश्न आए। प्रधानमन्त्री भोक्किएको धरहराबाट देखियो।

प्रश्न तथ्यपरक भइदिएको भए ठीकै हुन्थ्यो तर ती हावादारी पनि थिए। त्यस्ता हावादारी प्रश्न पनि काँटछाँट नगरी प्रचार गरेको पाइयो। जस्तो बेलायतमा अक्सफोर्ड पढेका प्रधानमन्त्री विगत ७० वर्षदेखि निरन्तर रहेको भनियो। तर, त्यो तथ्य गलत थियो। त्यहाँ १९९० को दशकमा जोहन मेजर विद्यालय तहको मात्रै परीक्षा पास गरेका व्यक्ति प्रधानमन्त्री थिए।

राम्रो पढेलेखेका मान्छे प्रधानमन्त्री हुनुपर्छ भन्ने कुरा विवादको विषय नै होइन। तर, बन्ने पनि एउटा प्रक्रिया हुन्छ। त्यो प्रक्रिया पूरा गरेर नै नेपालमा प्रधानमन्त्री हुने हो। विदेशी मिडियाको यो प्रस्तुती शैलीबाट अबचाहिँ नेताहरूको घैंटामा घाम लाग्ला कि? कि यसै गरी अपमानित हुने हो भने भन्नु के पो रह्यो र यो धरहराको पनि। कि कसो पाठकवृन्द?


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ